# पार्टीको पुनर्निर्माण, लोकतन्त्रको रक्षा र राष्ट्रिय स्वाधीनताको नयाँ संकल्प

**केन्द्रीय कमिटीको बैठकमा अध्यक्षको सम्बोधन**

२०८३ असोज ५, काठमाडौँ।

# विषयसूची


सन्दर्भ ४

१. वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र पार्टी दृष्टिकोण ७

२. देशको वर्तमान अवस्था: संकट झन् विस्तृत र गहिरो बन्दै छ १५

३. भदौ २३ र २४ को घटना: भूराजनीतिक डिजाइनमा भएको सत्ता परिवर्तनको आपराधिक र असंवैधानिक खेल १९

४. भदौ २३ र २४ को घटना: लोकतन्त्रमाथि पार्ने नौ दुरगामी प्रभाव २७

५. चुनाव त सकियो: वैध मत, तर असमान वातावरणको प्रश्न रहिरह्यो ३४

६. पार्टीको हारका पछाडिका कारण: बाह्य प्रहारसँगै आन्तरिक कमजोरी पनि ४०

७. सरकार र प्रतिशोधको राजनीति: नौ तथ्य ५०

८. ममाथिको आक्रमण: आलोचना स्वीकार, चरित्रहत्या अस्वीकार ६०

९. म हार्दिनँ भन्नु जिद्दी होइन, ऐतिहासिक जिम्मेवारी हो ६३

१०. के हो पुनर्गठन ? ६८

११. रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरणको सही अर्थ ७०

१२. पार्टीका तत्कालका दुई प्रमुख कार्यभार ७७

१३. यी दुई कार्यभार पूरा गर्न पन्ध्र प्रमुख काम ७९

## सन्दर्भ

हाम्रो पार्टी नेकपा (एमाले) आज केन्द्रीय कमिटीको तेस्रो बैठकमा उपस्थित छ। वि.सं. २०८२ पुस २६ गते सम्पन्न केन्द्रीय कमिटीको दोस्रो बैठक सम्पन्न भएको करिव ८ महिनापछि हामी यस बैठकमा जुटेका छौं। फागुन २१ को निर्वाचनमा अकल्पनीय परिणाम प्राप्त भएपछि देशव्यापी र प्रवासमा समेत परिणाम परिस्थिति र त्यसको विकास विषयमा समीक्षा र लेखाजोखा जारी छ। चुनावलगत्तै पिताजीको निधनका कारण शोक र अन्तिम संस्कारमा रहनुपरेको, त्यसलगत्तै सरकारले प्रतिशोधपूर्ण गिरफ्तारी गरेको, हिरासतमै रहेको समयमा उपचार र शल्यक्रिया गर्नुपरेको तथा गैरकानूनी हिरासतबाट रिहाई र अस्पतालबाट डिस्चार्जपछि पनि अपरेशन गरेको घाउमा इन्फेक्शनको कारणले मैले पूर्ण स्वास्थ्यलाभका लागि आराम गर्नुपरेको तथ्य यहाँहरुलाई अवगत नै छ। जेठको पहिलो साता भएको केन्द्रीय सचिवालयको बैठकबाट निर्वाचन समीक्षा र पार्टी पुनर्गठन कार्यदल गठन गरिएपछि देशभरी र प्रवासका समेत पार्टी नेतृत्वका अगुवाहरुसँग छलफल, रायसुझाव संकलन र प्रतिवेदन मस्यौदाको कामले जेठदेखि नै गर्ने भनिएको केन्द्रीय कमिटीको बैठक यसरी केही ढिलो हुन पुगेको छ। विधानतः ६ महिनाको अन्तरमा गर्नुपर्ने केन्द्रीय कमिटीको बैठक ढिलो गर्नु हुँदैनथ्यो।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र चितवन लगायतका जिल्लाहरुमा भएको व्यापक क्षति, हजारौं नागरिकको मृत्यु, हजारौं बेपत्ता र थुप्रै संख्यामा घाइते भएको भयावह स्थिति राष्ट्रिय संकटका रुपमा व्यहोर्नु पर्‍यो। त्यस विपद्मा परी ज्यान गुमाउने सम्पूर्ण नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। हाम्रो पार्टी तुरुन्तै विशेष रुपमा उद्धार, राहत र पीडितजनको सहयोगमा जुटेको सर्वविदितै छ। म घाइतेहरुको शीघ्र स्वास्थ्यलाभ, बेपत्ताहरुको खोजी र पीडितहरुका लागि राहत, क्षतिपूर्ति र पुर्नस्थापनाको ठोस कार्यक्रमका निम्ति सबै सरोकारवाला पक्षहरुको जोड्दार ध्यानाकर्षण गर्न चाहन्छु। यस घडीमा म सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरुप्रति सिंगो पार्टीको तर्फबाट भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु। नेपाली समाजको जागरण र अग्रगमनमा महत्त्वपूर्ण योगदान गर्नु हुने सम्पूर्ण अग्रजहरुप्रति हार्दिक सम्मान अर्पण गर्दछु।

**प्रिय कमरेडहरू,**

कहिलेकाहीँ इतिहासले पार्टीलाई सजिलो बाटोमा होइन, कठिन मोडमा उभ्याउँछ। सजिलो समयमा सिद्धान्तको कुरा गर्न सजिलो हुन्छ। विजयको समयमा संगठन बलियो देखिनु स्वाभाविक हुन्छ। तर हारको समयमा, आरोपको घेरामा, कार्यकर्ताको मनोबल कमजोर भएको बेला, जनताको विश्वास डगमगाएको क्षणमा, कुनै पनि पार्टीको वास्तविक चरित्र देखिन्छ।

आज हामी त्यही क्षणमा छौँ।

यो बैठक सामान्य अवस्थामा आयोजना गरिएको सामान्य बैठक होइन। यो केवल निर्वाचन परिणामको समीक्षा गर्ने बैठक पनि होइन। यो हाम्रो आफ्नै मनसँगको संवाद हो। यो एमालेले आफैँलाई सोध्ने समय हो— के साँच्चै कहीं चुक्यौं रु चुक्यौं भने हामी जनता हामीसँग टाढिएकै हुन्? हुन् भने किन टाढिए? युवाको मन र हाम्रो भाषा नमिलेकै हो रु हो भने किन मिलेन? संगठनको नसानसामै पहिलेको जस्तो ताप, गति र जीवन किन छैन? हाम्रो विचार बलियो हुँदाहुँदै हाम्रो प्रस्तुति किन कमजोर भयो? हाम्रो इतिहास गौरवपूर्ण र विचार बलियो हुँदाहुँदै भविष्य किन अस्पष्टजस्तो हुन पुग्यो?

हो, चुनावको हारले हामीलाई चोट पुर्याएको छ। त्यो चोट सिटको संख्यामा मात्र छैन। त्यो चोट गाउँगाउँमा रहेका कार्यकर्ताको आँखामा छ। त्यो चोट जनताको घरमा हाम्रो उपस्थितिबारे उठेको प्रश्नमा छ। त्यो चोट युवाले हामीलाई सुन्नुअघि नै निर्णय गरिसकेको मनोविज्ञानमा छ। त्यो चोट हाम्रो इतिहास, हाम्रो संघर्ष र हाम्रो योगदान छोपिँदा उत्पन्न पीडामा छ। तर चोटले मानिसलाई दुईवटा बाटो देखाउँछ।

एउटा, दुखेको सहने, चुप लाग्ने।<br>
अर्को, दुखाइलाई संकल्प, शक्ति र सक्रियतामा बदल्ने।<br>
हामी दोस्रो बाटो रोज्छौँ।

म सुरुमै स्पष्ट भन्न चाहन्छु, चुनावी परिणामको जिम्मेवारीबाट म भाग्दिनँ। अध्यक्षको रूपमा मेरो नैतिक जवाफदेही म स्वीकार गर्छु। जनताको मनसम्म हाम्रो कुरा किन पुगेन? हामीले गरेका कामको स्मृति जनताको मनमा हामीले किन दीगो बनाउन सकेनौं ? शासनमा रहँदा जनताको दैनिक जीवनमा हामील पर्याप्त रूपमा सकारात्मक प्रभाव पारेका छौं भन्ने अनुभूति किन दिन सकेनौं? युवाको बेचैनीलाई हामीले सुन्ने र

सम्बोधन गर्ने प्रयास गरेका छौं भन्ने अनुभूति हामीले किन दिन सकेनौँ? संगठनका कतिपय तहहरू किन सुस्त भए? डिजिटल युगमा हाम्रो कुरा कहाँ हरायो?

यी प्रश्नहरूबाट हामी भाग्नु हुँदैन।
यी प्रश्नहरू मेरा हुन्, नेतृत्वका पनि हुन्, पार्टीका पनि हुन्।

तर जिम्मेवारी स्वीकार गर्नु र मैदान छोड्नु एउटै कुरा होइन। जिम्मेवारी स्वीकार गर्नु भनेको घाइते शरीर छोडेर भाग्नु होइन, उपचारको अगुवाइ गर्नु हो। चिकित्सकले रोग देखेपछि अस्पताल छोड्दैन। किसानले बालीमा रोग लागेपछि खेत छोड्दैन। नेतृत्वले पनि संकटको बेला संगठनलाई अनिश्चिततामा छोड्दैन।

नेतृत्वको धर्म हो–

गल्ती भए स्वीकार गर्नु, सत्यको सामना गर्नु, कार्यकर्ताको मनोबल उठाउनु, जनताको घरमा फेरि फर्कनु र सुरक्षित भविष्यको बाटो बनाउनु।

देशको वर्तमान संकट के हो? भदौको घटनाबाट राष्ट्रले के भोग्यो? त्यसले लोकतान्त्रिक आन्दोलनलाई कसरी कमजोर बनायो? असामान्य वातावरणमा चुनाव कसरी भयो? हाम्रो हारका बाह्य र आन्तरिक कारण के हुन्? अहिलेको सरकारको कार्यशैलीले देशलाई कता लैजाँदै छ? ममाथि पार्टीभित्र र बाहिरबाट भएको हमला कुन उद्देश्य र मनोविज्ञानबाट निर्देशित छ? रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरणको सही अर्थ के हो? र अब एमालेको कार्यभार के हुनुपर्छ?

यी सबै प्रश्नको उत्तर खोज्नु आजको आवश्यकता हो।

दर्शनले भन्छ, संकटले ज्ञानको ढोका खोल्छ। विज्ञानले भन्छ, कुनै जीवित प्रणाली आघातपछि आफूलाई सम्हाल्न सक्यो भने झन् बलियो हुन्छ।

म पार्टीका सबै कमरेडहरूलाई आग्रह गर्दछु, यो समय एकअर्कालाई दोष दिएर कमजोर हुने समय होइन। यो समय सत्यको सामना गर्ने समय हो। यो समय झुटसँग नझुक्ने समय हो। यो समय जनताकहाँ फर्कने समय हो। यो समय युवालाई सुन्ने समय हो। यो समय संगठनलाई जगाउने समय हो। यो समय इतिहासको गौरवलाई भविष्यको कार्ययोजनासँग जोड्ने समय हो।

## १. वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र पार्टी दृष्टिकोण

**कमरेडहरू,**

सुरुमा म भूराजनीतिक परिस्थिति र हामीले लिनु पर्ने नीतिका सम्बन्धमा संक्षिप्त चर्चा गर्न चाहन्छु । भूमण्डलीकृत विश्वमा भूराजनीतिले हरेक देशको आन्तरिक राजनीतिलाई गंभीर रुपले प्रभावित गर्छ ।

**त्यसका मुख्य प्रवृत्तिहरु यसरी उल्लेख गर्न सकिन्छ–**

१. विश्व राजनीति असाधारण वेगसहितको परिवर्तनको चरणबाट गुज्रिरहेको छ। भूराजनीतिक परिदृश्य भविष्यका बारेमा पूर्वानुमान गर्नै नसकिने गरी तरल अवस्थामा पुगेको छ । दोस्रो विश्वयुद्ध पछि स्थापित बहुपक्षीय संरचना र अन्तर्राष्ट्रिय प्रणाली निरन्तर भत्किँदै गइरहेको छ । नियममा आधारित परम्परागत प्रणालीलाई बिस्तारै तत्काल रणनीतिक लेनदेनमाथि आधारित संरचनाले विस्थापित गर्दै लगेको छ ।

उग्र राष्ट्रवाद, संरक्षणवाद र एकपक्षीयताको उदयले संयुक्त राष्ट्र सङ्घको भूमिकालाई कमजोर बनाएको छ । अन्तरर्राष्ट्रिय सहयोग र पारस्परिक सम्मानका आधारभूत सिद्धान्तहरु क्षयीकरण हुँदै गएका छन् । प्रमुख शक्तिहरु बिचको तीव्र प्रतिस्पर्धा गंभीर रुपमा प्रकट भइरहेको छ, जसले विश्वभर गम्भीर प्रणालीगत सङ्कट निम्त्याउँदैछ ।

२. राष्ट्रहरुको सार्वभौमिकतामा खुल्ला आक्रमण, धम्की र नाङ्गो हस्तक्षेप चिन्ताजनक रुपमा दोहोरिन थालेका छन् । २१ औँ शताब्दीमा, हामीले शक्तिले नै सत्य स्थापित गर्छ भन्ने मध्ययुगीन सिद्धान्तको खतरनाक पुनरुत्थान देखिरहेका छौँ। एउटा सार्वभौम राष्ट्रको भूगोल सम्बन्धी महत्वपूर्ण निर्णय उनीहरुको सहभागिता या सहमति बिनै अन्य शक्ति राष्ट्रहरु बसेर निर्धारण गर्ने जस्तो खतरनाक प्रवृत्ति देखा परेको छ। प्रमुख शक्तिहरु खुलेआम सार्वभौम सभ्यताहरुलाई रातारात नष्ट गर्ने धम्की दिन्छन् । आफूसँग असहमत विदेशी राष्ट्र प्रमुखको हत्या हुन्छ या रातारात अपहरण गरेर आफ्नै घरेलु अदालतमा मुद्दा चलाउने काम हुन्छ। विश्वव्यापी स्वीकृत मान्यताहरु र कूटनीतिक मूल्यहरुको खुल्ला उल्लङ्घन भइरहेको छ। विश्व सभ्यताका आधारभूत कुराहरु नै जोखिममा परेका छन् ।

३. अक्टोबर, २०२३ मा हमास लडाकुहरुको आतङ्ककारी आक्रमणको प्रतिकारको नाममा गएको ३ वर्षमा गाजामा २० हजार बालबालिका सहित ७० हजार प्यालेस्टिनी नागरिकहरुको संहार भएको छ। अहिले त्यो हिंसाको शृङ्खला वेस्ट ब्याङ्कमा समेत विस्तारित भइरहेको छ। द्वन्द्व विस्तार हुँदै जाँदा लेबनान समेत गंभीर रुपले प्रभावित भएको छ। हामी हिंसाको यस शृङ्खलाको विरोध गर्दछौँ। प्यालेस्टिनी जनताको स्वतन्त्र राष्ट्रको मागको समर्थन गर्दछौँ र 'दुई राज्य समाधान' को संयुक्त राष्ट्र सङ्घीय प्रस्तावकै आधारमा इजरायल र प्यालेस्टाइन राज्यको शान्तिपूर्ण अस्तित्वको पैरवी गर्दछौँ।

गतः फेब्रुअरीको अन्त्यमा अमेरिका र इजरायलले संयुक्त रुपमा सुरु गरेको इरानमाथिको आक्रमण र त्यहाँका सर्वोच्च नेता खोमैनीको हत्या पश्चात् चर्किएको पश्चिम एसिया द्वन्द्वका कारण शान्ति, क्षेत्रीय स्थायित्व र विश्वव्यापी आपूर्ति प्रणालीमा गंभीर चुनौती खडा भएको छ। विश्वव्यापी इन्धन व्यापारको २० प्रतिशत हिस्सा ओगट्ने हर्मुज जलडमरुमा जहाजहरुको आवागमन बन्द हुँदा तेलको मूल्यमा असाधारण वृद्धि भएको छ। खाडी क्षेत्रमा कार्यरत झण्डै २० लाख नेपालीहरुको सुरक्षामा समेत यसले जोखिम खडा गरेको छ। हामी इरानको सार्वभौमसत्ताको सम्मान गर्छौँ र त्यस क्षेत्रमा युद्ध विराम एवं दिगो शान्तिको कामना गर्दछौँ।

गएको १० महिनादेखि जारी कठोर नाकाबन्दीका कारण क्युबामा मानवीय सङ्कट उत्पन्न भएको छ। अस्पतालमा अत्यावश्यक इन्धनको अभावमा हजारौँ नागरिकहरुको स्वास्थ्योपचार, बालबालिकाहरुको खोप र महिलाहरुको गर्भजाँच समेत रोकिनु भनेको मानवता विरुद्धकै आक्रमण हो। हामी क्युबाली जनताको सार्वभौमसत्ता, आत्मनिर्णयको अधिकार र क्षेत्रीय शान्तिको पक्षमा छौँ।

चार वर्ष बित्न लाग्दा पनि युक्रेनमा युद्ध अन्त्यको कुनै संभावना देखिएको छैन। युद्धले दसौँ लाख युक्रेनी र रुसी नागरिकहरुलाई विस्थापित, घाइते र मृत्युको मुखमा धकेलेको छ। भूराजनीतिक संवेदनशीलतालाई वेवास्ता गरेर शक्ति राष्ट्रहरुको रणनीतिक स्वार्थ र छद्म युद्ध (प्रोक्सी वार) को शिकार बन्दा एउटा सार्वभौम राष्ट्रले कति क्षति व्यहोर्नु पर्दो रहेछ भन्ने गंभीर पाठ पनि यस द्वन्द्वले सिकाएको छ। हामी युक्रेनको सार्वभौमसत्ताको सम्मान गर्छौँ र तत्काल युद्ध अन्त्य गर्न माग गर्दछौँ।

व्यापक अन्तर्राष्ट्रिय ध्यानाकर्षण र दबाबका बाबजुद म्यान्मारमा नागरिक शासन पुनर्स्थापित हुन सकेको छैन। हामी निर्वाचित जनप्रतिनिधिहरुको ससम्मान रिहाइ, लोकतन्त्रको बहाली र मानव अधिकारको सम्मानको माग गर्दछौँ।

हामी आधारभूत अन्तर्राष्ट्रिय प्रणाली र कानुनको सम्मान गरिनु पर्छ भन्ने कुरामा जोड दिन्छौँ। अन्तर्राष्ट्रिय प्रणाली पूर्वानुमान योग्य रहनु पर्छ र सबैले त्यसको पालना गर्नुपर्छ भन्ने ठान्छौँ। विश्वव्यापी अराजकता हाम्रा लागि स्वीकार्य छैन।

४. विश्वको शक्ति सन्तुलनमा आधारभूत परिवर्तन देखा परेको छ। विश्व मामिलामा दुई शताब्दीदेखि कायम रहेको पश्चिमी प्रभुत्व द्रूत रुपमा घट्दै गइरहेको छ। कुनै बेला अजेय ठानिएको उनीहरुको सैन्य शक्तिमाथि अफगानिस्तान, इराक, सिरिया, लिबिया र हालसालै इरानमा भएका घटनाक्रमले प्रश्नचिह्न खडा गरेका छन्। यसका अतिरिक्त चीन, दक्षिण कोरिया, जापान र सिङ्गापुर जस्ता उदीयमान शक्ति केन्द्रहरुले प्रविधि, अनुसन्धान र अन्वेषणमा रहेको पश्चिमा आधिपत्यलाई चुनौती दिँदैछन्। अर्को महत्ववपूर्ण कुरा, चीन, भारत र ब्राजिल जस्ता उदीयमान अर्थतन्त्रहरुले पश्चिमी आर्थिक प्रभुत्वको विकल्प खडा गर्दै लगेका छन्। विश्वव्यापी आर्थिक व्यवस्थामा जी–७ को प्रभुत्व घट्दै गइरहेको छ, विश्वव्यापी GDP वृद्धिमा BRIC तीव्र रुपमा अगाडि आइरहेको छ। विभिन्न राष्ट्रिय मुद्राहरु मार्फत् व्यापार गर्ने सहमतिले डलरको विश्वव्यापी वर्चस्वलाई कमजोर गर्दै लगेको छ। यस्ता पहलहरु द्रूत रुपमा परिवर्तनशील वित्तीय व्यवस्थाका सङ्केत हुन्। पश्चिमा जगतले परिभाषित गरेको लोकतन्त्र, मानव अधिकार, विकास र सभ्यता सम्बन्धी मान्यतामा अन्य मुलुकहरुबाट नयाँ सोच, नयाँ सन्दर्भ र वैकल्पिक दृष्टिकोण प्रस्तुत भइरहेका छन्।

विज्ञान र प्रविधिमा अभूतपूर्व प्रगति, विशेष गरी यान्त्रिक मेधा (एआई), थ्रीडी प्रिन्टिङ, मेसिन लर्निङ, जेनेटिक इञ्जिनियरिङ र रोबोटिक्सको द्रूत विकासले मानव समाजलाई आधारभूत रुपमा नयाँ आकार दिइरहेको छ। प्रविधिको यस असाधारण विकासले उपभोक्ताहरु, उद्योगहरु र अर्थतन्त्रहरुको काम गर्ने तौरतरिकालाई नै परिवर्तन गर्दै लगेका छन्।

यद्यपि, परम्परागत पश्चिमी शक्तिहरु यी नयाँ वास्तविकतालाई स्वीकार गर्न इच्छुक देखिँदैनन् र परिवर्तित शक्ति सन्तुलन प्रतिबिम्बित गर्ने गरी विश्वव्यापी ढाँचालाई

पुनः आकार दिन तयार छैनन्। बरु, उदीयमान अर्थतन्त्रलाई विभिन्न बहानामा कमजोर पार्ने हानिकारक प्रयासहरु भइरहेका छन्, जसले अनावश्यक भूराजनीतिक तनाव सिर्जना गरेको छ। 'हामी' र 'तिनीहरु' का नाममा संसारको अनावश्यक विभाजनले अनुचित शत्रुतालाई बढावा दिन्छ। यस्ता कामहरु शान्ति, सद्भाव, शान्तिपूर्ण सहअस्तित्व र विश्वव्यापी बहुलता चाहने अधिकांश मानवजातिको चाहनाका विपरीत छन्। यस्ता अनुचित कुराहरुलाई रोक्न र विश्वलाई न्यायोचित व्यवस्थातर्फ फर्काउन विश्व शान्ति र न्यायका पक्षधर एकजुट हुनु र सम्युक्त प्रयास अघि बढाउनु बाहेक अर्को विकल्प छैन। मानव, मानवीय आकांक्षा र आवाज जति बलशाली अरु केही पनि हुँदैन, प्रकृति बाहेक। तर, दोस्रो विश्वयुद्धपछि एकातिर संयुक्त राष्ट्र संघको निर्माण, संयुक्त राष्ट्र संघको वडापत्र घोषणा, विश्व मानवअधिकारको घोषणा पत्रजस्ता विश्व व्यवस्था स्थापनाका लागि सकारात्मक पहलहरु भए भने अर्कोतिर विश्व नयाँ शक्ति धुरवीकरणतिर बढ्यो। NATO/ Warsaw Pact जस्ता सैन्य गठबन्धनहरु उदय भए। युद्धको खतरा बोकेर विश्व Cold War तिर लाग्यो। विश्वमा युद्धका सम्भावनाहरुलाई कमजोर पार्न र शान्तिलाई कायम राख्ने प्रयासहरु पनि अघि बढाइए। Non Align Movement को स्थापनाजस्ता प्रभावकारी कदमहरु चालिए। क्षेत्रीय संगठनहरु निर्माण गरिए। तर, विस्तारै यस्ता सबै संस्थाहरुलाई कमजोर पार्ने वा सिध्याउने काम हुँदै गए र हुँदै गएका छन्। आज, UN लाई केन्द्रमा राखेर यस्ता सबै संस्थाहरुलाई ब्यूँझउनु र सवलीकरण गर्नु जरुरी छ।

५. पछिल्लो समय यान्त्रिक मेधा (एआई) को अनियन्त्रित विकासले निम्त्याउन सक्ने जोखिमका बारेमा विश्वव्यापी बहस चर्किएको छ। कतै यसले मानव जातिको सिर्जनशीलता, सभ्यता र सामूहिक विवेकलाई नै समाप्त पार्ने त होइन भन्ने चिन्ता समेत प्रकट भएका छन्। यसको नियमन कसरी र कसले गर्ने भन्ने प्रश्न अनुत्तरित छ। यान्त्रिक मेधा मानव जातिले आजसम्म हासिल गरेका उपलब्धिको जगमा निर्मित भएको हो र यसको लाभ पनि सामूहिक हुनुपर्छ भनेर उठिरहेको माग जायज छ। यो मानव जातिको सिर्जनशीलता, सभ्यता र सामूहिक विवेकलाई समाप्त पार्ने माध्यम बन्नु हुँदैन र यसको लाभ एकाध खर्बपतिले मात्रै पाउने स्थिति बन्नु हुँदैन भन्ने हाम्रो मान्यता रहेको छ। हानिकारक होइन, सकारात्मक र सामाजिक हितका निम्ति हुनुपर्दछ।

६. जलवायु परिवर्तनले विस्तारै जलवायु सङ्कटको रुप लिँदैछ। विकसित देशहरुले गएको २ सय वर्षदेखि गर्दै आएको अन्धाधुन्ध औद्योगीकरण, प्राकृतिक स्रोतको अनियन्त्रित दोहन र वातावरण विनासको शिकार आज क्षत्ति पुऱ्याउन कुनै भूमिका नभएका र निर्दोष नेपालजस्ता विकासशील राष्ट्र हुनु परेको छ। पेरिस सम्झौतामा व्यक्त प्रतिबद्धता विपरीत विश्वव्यापी तापमानले अहिल्यै १.५ डिग्री सेल्सियसको सीमा नाघ्न थालेको छ र पर्वतीय एवं साना टापु राष्ट्रहरुमाथि अस्तित्वको सङ्कट उत्पन्न हुन थालेको छ। यही अगस्त २६ (भदौ १०) मा भोटेकोशीमा आएको विनाशकारी बाढी र यसले निम्त्याएको अकल्पनीय क्षति यसको जीवन्त दृष्टान्त हो। जलवायु सङ्कटको सामना र जलवायु न्यायको एजेण्डा हाम्रो नयाँ एजेण्डा बन्न पुगेको छ।

७. विश्व अर्थतन्त्र, नवप्रवर्तन र जनसङ्ख्याको केन्द्रबिन्दुका रुपमा एसियाको उदयले महत्वपूर्ण अवसर र विशिष्ट चुनौती प्रस्तुत गरेको छ। चीनको शान्तिपूर्ण उदयले यस ऐतिहासिक चरणको महत्वपूर्ण पक्ष हो। चीनले ८० करोडभन्दा बढी मानिसहरुलाई गरिबीबाट बाहिर निकालेर मानवताको लागि अतुलनीय योगदान पुऱ्याएको छ। संयुक्त राष्ट्र सङ्घ र अन्य बहुपक्षीय मञ्चहरुमा विकासशील राष्ट्रहरुका एजेण्डा र सरोकारलाई स्थापित गर्न पनि मद्दत गरेको छ। विश्वव्यापीकरणका परम्परागत समर्थकहरु संरक्षणवादतिर फर्के पनि, चीनले साझा लाभहरुमा आधारित समावेशी विश्वव्यापीकरणको दृष्टिकोण अगाडि सारेको छ।

भारतले पनि स्वतन्त्रता पश्चात्को करिब ८ दशकको अवधिमा महत्वपूर्ण प्रगति हासिल गरेको छ  र विश्व शक्तिका रुपमा स्थापित हुने आकाङ्क्षा राखेको छ। यद्यपि, छिमेकीहरुसँग भारतका विभिन्न मुद्दाहरु समाधान भएका छैनन्। दक्षिण एसियाली राष्ट्रहरु अमेरिका र भारत बिचमा भइरहेको सुरक्षा सहकार्यका विस्तारबाट चिन्तित छन्।

विश्वको एक चौथाई जनसङ्ख्या बसोबास गर्र्ने दक्षिण एसिया जानसाङ्ख्यिक लाभ, प्राकृतिक स्रोत र विविधताको हिसाबले अत्यन्त संभावनायुक्त क्षेत्र हो। तर विश्वको गरिबीको २० प्रतिशत हिस्सा यहीँ अवस्थित हुनु, विश्व अर्थतन्त्रमा यस क्षेत्रका योगदान ५ प्रतिशतभन्दा कम मात्र हुनु र व्यापारिक एवं पूर्वाधारका दृष्टिले सबैभन्दा कम जोडिएको क्षेत्रका रुपमा रहनु ठुलो चिन्ताको विषय बनेको छ। दक्षिण एसियाको साझा विकासको मञ्चका रुपमा परिकल्पना गरिएको सार्क भारत

र पाकिस्तानको द्वन्द्वका कारणले अकर्मण्य अवस्थामा पुगेको छ भने बिमस्टेकले पनि क्षेत्रीय विकासको भावनाको अपेक्षित प्रतिनिधित्व गर्न सकेको छैन।

हामी दक्षिण एसियामा क्षेत्रीय सहकार्य प्रभावकारी बन्नुपर्छ र यसका लागि भारतले फराकिलो सोच, रचनात्मक दृष्टि र सहकार्यको भावना प्रदर्शित गर्नुपर्छ भन्ने ठान्दछौँ।

यस्तो जटिल गतिशील परिस्थितिमा, हाम्रो पार्टी विश्व शान्ति, शान्तिपूर्ण सहअस्तित्व र सार्वभौम मामिलामा अहस्तक्षेपको पक्षमा दृढतापूर्वक उभिनु पर्छ।

८. विश्व अर्थतन्त्रमा तीव्र रुपमा विस्तार भए पनि, यसको लाभ राष्ट्रहरु बिच समान रुपमा वितरण भएको छैन। व्यापार, लगानी र प्रविधि हस्तान्तरणमा असमान पहुँच त्रुटिपूर्ण पुँजीवादी आर्थिक व्यवस्थाको चारित्रिक विशेषता हो। लगभग एक अर्ब मानिसहरु अझै पनि चरम गरिबीमा फसेका छन्। राष्ट्रभित्र र राष्ट्रहरु माझ आयको असमान वितरण तथा श्रम बजारका शोषणमूलक सम्बन्धहरुले यस सङ्कटलाई बढावा दिइरहेका छन्। असफल हुँदै गइरहेको यस विश्वव्यापी आर्थिक व्यवस्थाको एकमात्र व्यावहारिक र न्यायपूर्ण विकल्प समाजवाद नै हो भन्ने मान्यतामा हामी अविचलित छौँ।

९. विश्वव्यापी रुपमा रक्षात्मक अवस्थामा भए पनि समाजवाद विभिन्न रुपमा अगाडि बढिरहेको छ। चीन, भियतनाम, क्युबा जस्ता राष्ट्रहरुले आफ्ना विशिष्ट राष्ट्रिय विशेषताहरु अनुकूल समाजवादको निर्माण गरिरहेका छन्। विश्वभरका कम्युनिस्ट तथा श्रमिक पार्टीहरुले समाजवादी रुपान्तरणका लागि आधार तयार पारिरहेका छन्। ट्रेड युनियनहरुले मर्यादित काम र सम्मानजनक जीवनका लागि मजदुर वर्गको हक– हितको पक्षमा वकालत गरिरहेका छन् भने मार्क्सवादबाट प्रेरित सामाजिक आन्दोलनहरु सामाजिक न्याय, लैङ्गिक समानता, शान्ति र वातावरणीय संरक्षणका लागि सक्रिय रुपमा संघर्षरत छन्।

१०. श्रमिक वर्गको मुक्तिका लागि मार्क्सवाद हाम्रो प्रमुख वैचारिक मार्गदर्शक हो। यो हरेक समस्याका तम्तयार या पूर्वनिर्धारित सूत्र होइन। यो त समाजको विश्लेषण, व्याख्या र रुपान्तरण गर्ने एउटा पद्धति हो। हरेक राष्ट्रको प्रकृति, इतिहास,

सामाजिक– आर्थिक संरचना र सांस्कृतिक परम्परा फरक–फरक हुने भएकाले, प्रत्येक देशले क्रान्ति र समाजवादी निर्माणतर्फ आफ्नै विशिष्ट बाटो तय गर्नुपर्छ।

हामीले नयाँ विकसित प्रश्नहरुका लागि सिर्जनात्मक जवाफ खोज्नुपर्छ र आ–आफ्ना समाजको वस्तुनिष्ठ मूल्याङ्कन गर्ने सामर्थ्य राख्नुपर्छ। 'कम्युनिस्ट घोषणापत्र' प्रकाशित भए यता विश्वमा आमूल परिवर्तन आएको छ। श्रमको प्रकृति, उत्पादन सम्बन्ध, शोषणका स्वरुप, आधुनिक पुँजीवादको चरित्र, अन्तर– राज्य सम्बन्ध, विज्ञान तथा प्रविधि र विश्वव्यापी राजनीतिक बहावमा गहिरो रुपान्तरण भएको छ। समाजवादको आवश्यकता पहिलेभन्दा अझ बढेको छ। एक जीवन्त विज्ञानका रुपमा मार्क्सवादले यी घटनाक्रमहरुलाई बुझ्न र अघि बढ्न आवश्यक मार्गदर्शन प्रदान गर्दछ। यसका लागि मार्क्सवादको सिर्जनात्मक प्रयोग र निरन्तर विकासको आवश्यकता पर्दछ। नेपालको सन्दर्भमा हामीले जनताको बहुदलीय जनवाद (जबज) का रुपमा यसको सिर्जनात्मक विकास गरेका छौँ।

जबजले परराष्ट्र नीतिका सन्दर्भमा सार्वभौमिक समानता, भौगोलिक अखण्डता, अहस्तक्षेप र पारस्परिक लाभमा आधारित रही छिमेकी तथा अन्तर्राष्ट्रिय साझेदारहरुसँग सुमधुर सम्बन्ध कायम राख्ने नीति अवलम्बन गर्दछ।

भूगोलको आकार, जनसङ्ख्या वा आर्थिक सामर्थ्यमा भिन्नता हुन सक्छ, तर सबै राष्ट्रहरुको सार्वभौमिकता र राष्ट्रिय मर्यादा समान छन्। धम्की, बलप्रयोग र बाह्य हस्तक्षेप अस्वीकार्य छन्। विवादहरुको समाधान शान्तिपूर्ण रुपमा गरिनुपर्छ र यस क्रममा आम नागरिक तथा साना राष्ट्रहरुको हितलाई प्राथमिकता दिइनुपर्छ। हामी भूराजनीतिक संवेदनशीलताप्रति पूर्ण सचेत छौं र श्रमजीवी बहुसंख्यक जनताको पक्षमा विश्व व्यवस्थालाई पुनर्निर्माण गर्न प्रतिबद्ध छौँ।

११. गतः वर्ष नेपालले गम्भीर राजनीतिक अस्थिरताको सामना गर्‍यो। 'जेनजी' आन्दोलनका रुपमा सुरु भएको घटनाक्रमले अभूतपूर्व हिंसा र विनाशको रुप लियो। राज्यका पूर्वाधार, ऐतिहासिक स्थल र लोकतान्त्रिक संस्थाहरुलाई निसानामा पारियो, निर्वाचित सरकार ढालियो र संसद् विघटन गरि गएको फागुन महिनामा आम निर्वाचन भयो।

लोकतन्त्रले शान्तिपूर्ण विरोध र संवैधानिक प्रक्रियामार्फत सरकार परिवर्तनको मौलिक अधिकारको प्रत्याभूति गर्दछ। हाम्रो संविधानले पनि यसलाई सुनिश्चित गरेको छ। तर जनभावनाको दुरुपयोग गर्ने, लोकतान्त्रिक संस्थाहरुलाई निशाना बनाउने र सार्वजनिक सम्पत्ति तोडफोड गर्ने कार्यलाई क्रान्ति या परिवर्तन मान्न सकिँदैन। यी घटनाहरुमा सत्ता परिवर्तनको उद्देश्यले बाह्य रुपमा प्रायोजित रणनीतिको स्पष्ट छाप देखिन्थ्यो। हालै विभिन्न विदेशी सञ्चार माध्यममा आएका नयाँ तथ्यहरुले नेपालको आन्तरिक राजनीतिमा भूराजनीतिक स्वार्थहरु कसरी प्रकट भएका थिए भन्ने तथ्यलाई पुष्टि गर्दै लगेका छन्। त्यस घटना यता नेपालमा निरन्तर वाह्य चासो, गतिविधि र चलखेल बढ्दै गएको छ। नेपालको भूमिबाट छिमेकीहरुका संवेदनशीलतामाथि आँच पुऱ्याउने गतिविधिहरु सरकारबाटै संरक्षण दिइएको छ। प्रोटोकल या अन्य बहानामा छिमेकी लगायत मित्र राष्ट्रहरुसँग संवाद र सम्पर्कलाई पञ्छाउँदै लैजाने, संसदको मञ्चबाट नेपालको सीमा सम्बन्धमा गैरजिम्मेवार, विवादास्पद र आत्मघाती अभिव्यक्ति दिने एवं विनाशकारी विपत्तिका बेलामा समेत अत्यावश्यक वाह्य सहायता माग र परिचालन गर्न लापर्बाही देखाउने काम भएको छ।

नेपालका मूल्यवान खनिज सम्पदाका बारेमा पछिल्लो समय आइरहेका संवेदनशील सूचना र समाचारले आम नेपालीलाई सशङ्कित बनाएको छ। प्राकृतिक स्रोतमाथि नेपाली जनताको अक्षुण्ण सार्वभौम अधिकार छ र त्यसको कुनै पनि बहानामा उल्लङ्घन गर्न पाइँदैन। त्यसमाथि, संवेदनशील, राष्ट्रिय सुरक्षा र मानव सुरक्षासँग जोडिएको एवं भूराजनीतिक चासो समेत निम्त्याउन सक्ने सम्पदाको विषय त सरकारको एकल विषय बन्न सक्दैन र यो कुनै खासखुस, सट्याकसुटुक र सत्तास्वार्थको दाउपेच बन्नै सक्दैन।

हामी राष्ट्रिय हितसँग जोडिएका यी संवेदनशील मुद्दाका बारेमा सचेततापूर्वक सूक्ष्म निगरानी गरिरहेका छौँ र आम देशभक्त नेपालीहरु एवं जिम्मेवार राजनीतिक दलहरुलाई पनि यस्ता विषयमा संवेदनशील हुन र सहकार्यका लागि तयार हुन आह्वान गर्दछौँ।

१२. विश्वव्यापी सङ्कटहरु— महामारी र जलवायु परिवर्तनदेखि लिएर बढ्दो आर्थिक, लैङ्गिक र क्षेत्रीय असमानतासम्म—मुट्ठीभर विशेषाधिकार प्राप्त वर्गलाई लाभ पुऱ्याउने गरी निर्माण गरिएको पुँजीवादी प्रणालीका प्रत्यक्ष परिणाम हुन्। कम्युनिस्ट

तथा श्रमिक पार्टीहरुले विश्वव्यापी आर्थिक, सामाजिक र राजनीतिक संरचनाहरुमा प्रणालीगत परिवर्तनको नेतृत्व गर्ने बेला आएको छ ।

वर्तमान ऐतिहासिक क्षणले समाजवादी भविष्य निर्माणका लागि निर्णायक र सामूहिक कदम चाल्न आह्वान गर्दछ—एउटा यस्तो प्रणाली जसले श्रमजीवी वर्गको हातमा सत्ताको सुनिश्चितता गर्छ । हाम्रा ऐतिहासिक उपलब्धि र असफलता दुवैबाट पाठ सिक्दै, हामी आ–आफ्ना देशमा कम्युनिस्ट आन्दोलनलाई सुदृढ बनाउन लाग्नु पर्दछ । यस्तो विश्व परिस्थितिमा हामी, हाम्रो पार्टीको यो एघारौं केन्द्रीय कमिटीको तेस्रो बैठक आयोजना गरिरहेका छौं ।

## २. देशको वर्तमान अवस्था: संकट झन् विस्तृत र गहिरो बन्दै छ

निराशा चिर्न, भरोसा जगाउन र लथालिङ्ग भएको अर्थतन्त्रलाई लयमा फर्काउन हामीले हाम्रो नेतृत्वमा संयुक्त सरकार बनाएका थियौँ। संसदीय प्रणालीमा यसरी संसदका दुई मुख्य दलको संयुक्त सरकार विरलै बन्छ। प्रायः त्यस्ता सरकारको आयु बरालिएको थिति ठाउँमा आएपछि सकिन्छ। हामीले पनि संयुक्त सरकारको आयु तिथि/मिति तोकेरै बनाएका थियौँ। राजनीतिक स्थिरताको बलियो सन्देश दिन दुई दलबीचको सहमति रहेसम्म संवैधानिक आधार र संसदभित्रको अङ्कगणितको हिसाबमा सरकार नफेरिने सुनिश्चितता गरेका थियौँ।

यसबाट अर्थतन्त्र लयमा फर्किएको थियो ।
जनतामा क्रमशः भरोसा जाग्दै थियो, निराशा चिरिँदै थियो ।

तर सँगसँगै संयुक्त सरकार बनेको नरुचाउनेहरू पनि थिए। संसदीय प्रणालीमा विकल्पहीनता भयो, यस्तो हुनै हुन्न भन्ने पनि थिए। सरकारसँग मात्रै होइन, सरकार गठन प्रक्रियासँगै त्यो पक्ष क्रुद्ध थियो। सरकार जुन लयमा थिति मिलाउँदै थियो, असहमत हुनेहरू त्योभन्दा पनि तीव्र गतिमा सरकारका विरुद्ध अफवाह र झुटा आरोप फिँजाउन, नेतृत्वविरुद्ध घृणा र द्वेष फैलाउन सक्रिय नै थिए। समग्रतामा सरकार, विभिन्न नाममा मञ्चन गरिएका घटनाहरूबाट प्रणालीको प्रतिरक्षा गरिरहेको थियो; असहमत पक्षबाट जनतामा जाग्दै गरेको भरोसालाई फेरि भ्रमित पार्ने र फेरि निराशालाई विस्तार गर्ने प्रयास पनि जारी नै थियो ।

भदौको २३/२४ मा आइपुग्दा त्यसले एउटा आकार लियो। घटनाको दुई दिन अघिसम्म नभएको नयाँ 'संकट' पैदा भयो। राष्ट्रियतामाथि संकट थिएन, आयो। स्वाधीनतामाथि संकट थिएन, आयो। भ्रम र अफवा फैलाएर जनता भड्काई असन्तोषमा र त्यो असन्तोषलाई आक्रोशमा उकास्ने कोसिस गरियो। त्यस जगमा एउटा भयानक षडयन्त्रको रचना गरियो र जेनजीका नाममा हत्या, हिंसा, आगजनी, तोडफोड र लुटपाटजस्ता अपराध र आतंकको माध्यमबाट सरकार अवैधानिक ढंगले फाल्ने काम भयो र सत्ता नै उल्टाउने कामको सुरुवात भयो। आज नेपाललाई बाहिरबाट हेर्दा चुनाव सम्पन्न गरेर नयाँ राजनीतिक अध्यायमा प्रवेश गरेको देशजस्तो देखिन सक्छ। राज्यका संरचनाहरू यथावत् छन्, सरकार क्रियाशील छ, प्रशासन चलिरहेको छ, अदालतहरू खुलेका छन्, र अन्तर्राष्ट्रिय सम्बन्धहरू पनि औपचारिक रूपमा निरन्तर छन्। तर राजनीति केवल संरचनाको उपस्थिति होइन, त्यो संरचनामाथिको विश्वास हो। राज्य केवल संस्थाहरूको जोड मात्र होइन, त्यो संस्थाहरूलाई वैध बनाउने जनविश्वासको निरन्तरता पनि हो। जब वैधताको प्रश्न सतहभन्दा गहिरो तहमा प्रवेश गर्छ, तब बाहिरी "स्थिरता" आफैँभित्र अस्थिरताको संकेत बन्न थाल्छ। यही कारण नेपालको वर्तमान अवस्था देखिने स्थिरता र अदृश्य अनिश्चितताबीचको द्वन्द्वमा उभिएको छ।

खासमा देशमा संकट बल्ल सुरु भएको छ।

किनभने अब प्रश्न सामान्य सरकार परिवर्तनको मात्र रहेन। प्रश्न संविधानको आत्मासम्म पुगेको छ। प्रश्न प्रधानमन्त्री को भयो भन्नेमा मात्र छैन, प्रधानमन्त्री कुन विधिबाट जन्मियो भन्नेमा छ। प्रश्न चुनाव भयो कि भएन भन्नेमा मात्र छैन, चुनावसम्म पुग्ने बाटो संविधानको स्वाभाविक बाटो थियो कि असाधारण दबाबले बनाएको बाटो थियो भन्नेमा छ। प्रश्न देशमा सरकार छ कि छैन भन्नेमा मात्र छैन, सरकार जनादेशको संस्थागत मार्गबाट आएको हो कि राज्य संरचनाहरुको सिथिलिकरण, आतंक र अपराधको सामान्यीकरण, महिमामण्डन, संविधान मिचिनु र अलोकतान्त्रिक विधि र मार्ग अवलम्बन गर्नुलाई सामान्य अभ्यास झै बनाउने प्रयासबाट आएको हो भन्नेमा छ।

लोकतन्त्रमा व्यक्ति होइन, विधि ठूलो हुन्छ। संविधानले प्रधानमन्त्री बन्ने बाटो संसद्सँग जोडेको छ। जनताले मत दिन्छन्, मतबाट प्रतिनिधि चुनिन्छन्, प्रतिनिधिबाट संसद् बन्छ, र संसद्को विश्वासबाट सरकार बन्छ। यही संसदीय लोकतन्त्रको मूल मर्म हो। यो केवल कानुनको अक्षर होइन, जनताको मतलाई शासनमा बदल्ने लोकतान्त्रिक प्रक्रिया हो।

यदि यही मर्म छोडेर संसद् बाहिरको व्यक्तित्वलाई कार्यकारी नेतृत्वमा ल्याइन्छ भने प्रश्न त्यो व्यक्तिको व्यक्तिगत योग्यतामा उठ्दैन; प्रश्न विधिको वैधतामा उठ्छ। प्रश्न नियतमा मात्र उठ्दैन, नजिरमा उठ्छ। आज संकटको नाममा संविधानको नियमित बाटो छोड्न मिल्छ भनियो भने भोलि अर्को संकटमा अर्को अपवादलाई पनि किन नमिल्ने? आज संसद् बाहिरबाट सरकार बनाउन मिल्छ भनियो भने भोलि संसद्को आवश्यकता कति बाँकी रहन्छ? आज तथाकथित जनआक्रोशलाई संविधानभन्दा माथि राखियो भने भोलि जनादेशको मूल्य कसरी जोगिन्छ?

यहीँबाट संकट सुरु हुन्छ। किनभने संविधान केवल सजिलो समयमा प्रयोग गर्ने कागज होइन। संविधान त कठिन समयमा पनि देशलाई विधिभित्र राख्ने साझा प्रतिज्ञा हो। संकटको घडीमै संविधानको परीक्षा हुन्छ। यदि संकट आएपछि संविधान पन्छाइन्छ भने संविधानको अर्थ के रहन्छ? यदि अराजकता र अपराध कर्मबाट वैधानिक सरकार अपदस्थ गरिन्छ र प्रतिनिधि सभा भंग गरी संसद् बाहिरको बाटो रोजिन्छ भने जनताको मतको संस्थागत सम्मान कहाँ रहन्छ? यदि "लोकप्रियता वैधानिकताभन्दा माथि बस्न थाल्यो" भने लोकतन्त्र विस्तारै-विस्तारै विधिको शासनबाट भावनाको बहकाव र हुलको शासनमा बदलिन्छ।

त्यसैले आजको मूल प्रश्न व्यक्ति होइन, प्रक्रिया हो। सरकार होइन, वैधता हो। चुनाव होइन, चुनावसम्म पुग्ने संवैधानिक यात्रा हो। यही कारण हामी भन्छौँ, संकट सुरु भएको छ। गएको चुनावले संकट सकिएको होइन सुरु भएको र गहिरिएको छ।

राजनीतिक स्वामित्व संकट सुरु भएको अर्को आधार हो। संविधान केवल कानुनी ग्रन्थ होइन, संविधान राज्य र जनताबीचको ऐतिहासिक सम्झौता हो। यो सम्झौता कागजमा लेखिन्छ, तर यसको जीवन राजनीतिक स्वीकृति, सामाजिक विश्वास र संस्थागत अभ्यासबाट चल्छ। कुनै पनि संविधान अदालतको व्याख्याबाट मात्र टिक्दैन, संसद्को प्रक्रियाबाट मात्र पनि टिक्दैन, सरकारको आदेशबाट मात्र त झनै टिक्दैन। संविधान तब टिक्छ, जब त्यसलाई बनाउने ऐतिहासिक शक्तिहरूले त्यसको स्वामित्व लिन्छन्, त्यसको रक्षा गर्छन्, त्यसलाई समय अनुसार व्याख्या गर्छन्, र संकटको बेला पनि जनतालाई त्यही संविधानको बाटोमा फर्काउँछन्। संविधानसँग अपनत्व र स्वामित्वको कुनै सम्बन्ध नभएका तत्त्वहरुको हातबाट संविधानको रक्षा हुनै सक्दैन। त्यसकारण आज हामीले नै संविधानको रक्षा गर्नु परेको छ।

नेपालको संविधान कुनै एक व्यक्ति, एक संस्था वा एक क्षणको उत्पादन होइन। यो जनताको संघर्ष, जनआन्दोलन, संविधानसभा, दलहरूबीचको लामो बहस, असहमति-सहमति, सम्झौता र ऐतिहासिक जिम्मेवारीबोधको परिणाम हो। यस संविधानको अक्षर संविधानसभाले लेख्यो, तर यसमा आत्मा जनताको संघर्षले भरेको छ। यसको राजनीतिक स्वरूप दलहरूले निर्माण गरे। गणतन्त्र, लोकतन्त्र, संघीयता, समावेशिता, धर्मनिरपेक्षता, मौलिक अधिकार, संसदीय शासन प्रणाली— यी सबै विषय कहिँबाट फुत्त झरेका होइनन्, यी राजनीतिक संघर्ष, बहस र स्वीकारोक्तिबाट आएका हुन्।

यसैले संविधानको अन्तिम मालिक जनता हुन्, तर यसको राजनीतिक वाहक दलहरू हुन्। जनता सार्वभौम हुन्, तर सार्वभौम जनताको इच्छालाई शासन, नीति, कानुन र संस्थामा बदल्ने माध्यम दलहरू नै हुन्। यसलाई राजनीतिक रूपमा स्वीकार्य बनाउने र सामाजिक रुपमा प्रभावकारी बनाउने शक्ति दलहरू नै हुन्।

यही कारण जसले संविधान निर्माणको बेला संघर्ष गरेको छ, जसले संविधानसभाको बहसमा आफ्नो अडान र सम्झौता दुवै प्रस्तुत गरेको छ, जसले जनतालाई यो संविधान हाम्रो हो भनेर बुझाएको छ, जसले कठिन समयमा यसको पक्षमा उभिने नैतिक साहस र राजनीतिक पुँजी कमाएको छ, त्यही शक्ति मात्र संविधानको वास्तविक अपनत्व लिन सक्छ। यहाँ अपनत्वको अर्थ निजी स्वामित्व होइन, अपनत्वको अर्थ जिम्मेवारी हो। संविधान मेरो हो भन्ने अधिकार होइन, संविधान जोगाउने कर्तव्य हो। जो शक्ति संविधान निर्माणको ऐतिहासिक प्रक्रियामा थिएन, जसले यसको पीडा, बहस, संघर्ष र सम्झौता बोकेको छैन, उसले संविधान गिजोल्न मात्र सक्छ, तर त्यसको गहिरो राजनीतिक अर्थको भार बोक्न सक्दैन।

संविधान बुझ्न कानुनका धारा मात्र पढेर पुग्दैन, इतिहासका घाउ पनि पढ्नुपर्छ। संविधानमा राखिएका प्रत्येक प्रावधानका पछाडि कुनै आन्दोलनको पीडा छ, कुनै समुदायको माग छ, कुनै दलको अडान छ, कुनै सम्झौताको विवेक छ, कुनै सहिदको रगत छ, कुनै बलिदानको स्मृति छ। त्यसैले संविधानलाई जीवित राख्न केवल कानुनी ज्ञान पर्याप्त हुँदैन, राजनीतिक स्मृति चाहिन्छ। यही स्मृति दलहरूसँग हुन्छ।

आजको समस्या यही हो। संविधान बनाउने, संविधानको राजनीतिक अर्थ बुझ्ने, संविधानको स्वामित्व वा त्यसको उत्तराधिकार लिन सक्ने र जनताको मतलाई संस्थागत शासनमा बदल्न सक्ने दलहरूलाई नै जबरजस्ती छायामा पारिएको छ।

जससँग संविधानको इतिहासको स्मृति छैन, संघर्षको भार छैन, जनादेशलाई संस्थागत गर्ने राजनीतिक इमानदारी छैन, उसलाई केन्द्रमा ल्याइएको छ। जरा उखेलेर हाँगामा पानी हालेर वृक्ष लामो समय हरियो रहँदैन। इतिहासविहीन व्यक्तिको चमक क्षणिक हुन्छ, तर दल, विचार, संगठन र संस्थाले मात्र दीर्घकालीन दिशा दिन्छन्। दलप्रति असन्तोष सिर्जना गर्ने र त्यसलाई दलविरोधी अभियानमा बदलियो भने लोकतन्त्र नै कमजोर हुन्छ।

यहीँबाट संकट सुरु हुन्छ। संकट गहिरिन्छ।

नेपाल सामान्य भूगोल भएको देश होइन। हामी दुई ठूला छिमेकीबीच छौँ। दक्षिणमा भारत छ, उत्तरमा चीन छ; विश्व शक्ति सन्तुलनमा अमेरिका, युरोपेली शक्ति र क्षेत्रीय शक्तिहरूको चासो बढ्दो छ। यस्तो ठाउँमा नेपालको आन्तरिक अस्थिरता केवल घरेलु विषय रहँदैन। कमजोर संस्था, विभाजित दल, उत्तेजित समाज, आवेशी सरकार र भावनात्मक निर्णयले राष्ट्रिय हितमा जोखिम ल्याउँछ। हाम्रो विदेश नीति भावनामा चल्यो भने हामी अरूको खेलमैदान बन्छौँ। हाम्रो राजनीति संस्थागत भएन भने बाह्य चासो आन्तरिक निर्णयमा प्रवेश गर्छ।

अहिले यो संकट सुरु भइसकेको छ। अर्थतन्त्र थलिएको छ। बजारमा विश्वास कमजोर छ। सार्वजनिक संस्थाप्रति भरोसा घटेको छ। सार्वजनिक संवाद विषाक्त भएको छ। पपुलिज्मले विधिलाई हरेक दिन कमजोर बनाइरहेको छ। यी सबै कुराले पनि अन्ततः संकट नै सुरु गर्ने र गहिराउने हुन्। संविधानले दिएको बाटो र विधि मिचेर बनाइएको असंवैधानिक सरकारको अवैध सिफारिसमा असंवैधानिक तरिकाले बलमिच्याइँपूर्वक गरिएको प्रतिनिधि सभाको पुनःस्थापनाका लागि हामीले सम्मानित सर्वोच्च अदालतमा दिएको मुद्दा विचाराधीन हुँदाहुँदा "चुनाव" त्यो पनि प्रतिनिधि सभाकै गठनका लागि भयो, कसरी रु कुराको धेरै नै गहिरो अर्थ र महत्व छ। त्यस्ता कुराले पनि संकट गहिऱ्याउने नै हुन्।

## ३. भदौ २३ र २४ को घटना: भूराजनीतिक डिजाइनमा भएको सत्ता परिवर्तनको आपराधिक र असंवैधानिक खेल

भदौ २३ र २४ नेपालको राजनीतिक स्मृतिमा सामान्य मिति होइनन्। ती दुई दिन केवल सडक प्रदर्शनका दिन थिएनन्; ती दिन नेपालले सबैभन्दा पीडादायी, सबैभन्दा

त्रासद र सबैभन्दा अस्वाभाविक मोडका रूपमा अनुभव गर्‍यो। सडकमा युवाहरू थिए, आक्रोश थियो, अपराधीहरू थिए, आगो थियो, डर थियो। त्यसैबीच देशको संवैधानिक सत्ता संरचना एकाएक हल्लिन पुग्यो। त्यो दृश्य हेर्ने प्रत्येक नेपालीको मनमा एउटा प्रश्न स्वाभाविक रूपमा उठ्छ— के यस्तो घटना केवल क्षणिक आवेगबाट मात्र यति छिटो, यति गहिरो र यति निर्णायक परिणाममा पुग्न सक्छ? जवाफ स्पष्ट छ, कदापि सक्दैनन्।

त्यतिबेला सरकारलाई बदनाम गरिएको थियो। के त्यो सरकारले त्यसअनुरूपकै अपराध गरेको थियो? शान्ति, सुव्यवस्था, सुशासन र विकासको गतिमा कुनै खोट लगाउने ठाउँ दिएको थियो? होइन, त्यस्तो थिएन। विकासले गति लिएकै थियो। तर देशमा रोजगारीका अवसरको कमी, अन्यत्र श्रमिकको बढ्दो माग, देशमा भन्दा बाहिर कामको ज्याला बढी, सहज पासपोर्ट प्राप्ति आदिले युवाहरू बाहिर गइरहेका थिए। अल्प विकसित र विकासिल देशहरुको यो प्रवृत्ति नै हो।

ती दिनहरूको मूल्याङ्कन गर्दा सबैभन्दा पहिले मानवीय पीडाबाट सुरु गर्नुपर्छ। त्यस दिन घरबाट निस्केका धेरै युवा ध्वंसात्मक थिएनन्। उनीहरू देशका छोराछोरी थिए। उनीहरूमध्ये धेरैले रोजगारी नपाएको पीडा बोकेका थिए। कतिले परिवारको ऋणको भार देखेका थिए। कतिले पढाइ सकेर पनि भविष्य नदेखेको निराशा बोकेका थिए। कतिले राज्यले आफूलाई नसुनेको अनुभूति गरेका थिए। कतिपयको पीडा वास्तविक थियो। त्यो पीडालाई कसैले हल्का लिन मिल्दैन।

त्यसैले म स्पष्ट भन्न चाहन्छु, भदौको सडकमा उभिएका सबै युवालाई दोषी देख्नु अन्याय हुन्छ। युवाको आक्रोश केही स्वाभाविक र केही ‘इन्जेक्टेड’ (प्रायोजित) एउटा भयानक षडयन्त्र स्वरुप उनीहरुलाई त्यहाँ झुक्याएर उतारिएको र घेरामा हालिएर होमिएको थियो, तैपनि त्यो हाम्रो समयको गम्भीर चेतावनी थियो। उनीहरूको निराशा राज्यका लागि प्रश्न थियो। उनीहरूको बेचैनी दलहरूका लागि ऐना थियो। उनीहरूको आवाज हाम्रो शासन शैली, संवाद शैली र जनसम्पर्क शैलीमाथिको समीक्षा थियो। हामीले यो सत्य देखेका, बुझेका र स्वीकार गरेका छौं।

तर यहीँ अर्को कठोर सत्य पनि छ। युवाका केही असन्तोष र विरोध वास्तविक थिए भन्दैमा त्यसका नाममा भएका सबै घटना स्वाभाविक, वैध र लोकतान्त्रिक थिएनन्। जनताको पीडा एउटा कुरा हो, त्यस पीडालाई कुन बाटोमा लैजाने भन्ने अर्को कुरा हो। विरोध एक कुरा हो, हिंसा अर्को कुरा हो। असन्तोष एक कुरा हो, संसद् जलाउनु अर्को

कुरा हो। सरकारको आलोचना एक कुरा हो, संवैधानिक सत्ता संरचनालाई केही घण्टामै आगजनी र उपद्रवका माध्यमबाट ध्वस्त बनाउनु अर्कै कुरा हो।

तत्कालीन सरकारले सामाजिक सञ्जाल नियमन गर्न खोज्दा त्यसलाई धेरैले केवल प्रतिबन्धका रूपमा बुझे। सरकारको कमजोरी पनि यही थियो। सरकार आफ्नो निर्णयको उद्देश्य जनतालाई पहिले नै बुझाउन झुटाप्रचार, कुप्रचार र अल्गोरिदमको कारणले असफल भयो। यस्तो संवेदनशील निर्णयमा संवाद, पूर्वसूचना, कानुनी स्पष्टता र नागरिक विश्वास निर्माण अनिवार्य थियो। नागरिक स्वतन्त्रतासँग जोडिएको विषयमा सरकारको भाषा कठोर होइन, स्पष्ट र विश्वासिलो हुनुपर्थ्यो।

तर तत्कालीन सरकार किन सामाजिक सञ्जाल नियमन गर्न चाहन्थ्यो भन्ने कुरा पनि इमानदारीपूर्वक बुझ्नुपर्छ। यो निर्णय कुनै युवाको आवाज बन्द गर्ने उद्देश्यले आएको थियो भन्ने व्याख्या गलत र अन्यायपूर्ण छ। देशमा पछिल्ला वर्षहरूमा सामाजिक सञ्जाल केवल अभिव्यक्तिको माध्यम मात्र रहेन। व्यापार-व्यवसायको माध्यम मात्र पनि थिएन। त्यहाँ नक्कली (फेक) आईडीबाट चरित्रहत्या हुने, अफवाह फैलिने, झुटा काण्ड निर्माण हुने, जातीय र क्षेत्रीय घृणाका सामग्री फैलाउने, व्यक्तिको मानप्रतिष्ठा एकै रातमा नष्ट गरिने, आर्थिक ठगी गर्ने, साइबर अपराध बढ्ने र सामाजिक सद्भाव बिगार्ने अभियानको माध्यमसमेत बनिरहेको थियो।

**राज्यले प्रश्न गर्नैपर्ने अवस्था आएको थियो:**

नेपालमा व्यवसाय गर्ने करोडौँ प्रयोगकर्ता भएका प्लेटफर्महरूले यहाँको कानुन मान्ने कि नमान्ने ? उनीहरूको स्थानीय जिम्मेवारी हुने कि नहुने? गलत सामग्री, ठगी, बालबालिका, महिलाको सुरक्षा, राष्ट्रिय सद्भाव र नागरिकको मर्यादासँग जोडिएका विषयमा उजुरी सुन्ने जिम्मेवार निकाय हुने कि नहुने? त्यस्ता प्लेटफर्म आफैँ जिम्मेवार हुनुपर्ने कि नपर्ने ? उनीहरुले यहाँ सम्पर्क कार्यालय खोल्न पर्ने कि नपर्ने रु पारदर्शिता चाहिने कि नचाहिने रु त्यस्तो कम्पनीले हाम्रो संविधान, कानून र देशकै अपमान गर्न मिल्ने कि नमिल्ने रु अवश्य नै राष्ट्रको सार्वभौमसत्ता सर्वोपरी हुन्छ। लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता हुन्छ। तर अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अराजकता एउटै कुरा होइनन्। नागरिकले सरकारको आलोचना गर्न पाउनुपर्छ, तर फेक आईडीका माध्यमबाट कसैको जीवन ध्वस्त पार्ने अधिकार कसैलाई हुँदैन। भ्रष्टाचारको प्रश्न उठाउन पाउनुपर्छ, तर प्रमाणविनाको झुटलाई सत्य बनाएर समाजमा आगो लगाउने अधिकार कसैलाई

छैन। युवा बोल्न पाउनुपर्छ, तर विदेशी प्लेटफर्मले नेपालको कानुन, अदालत, प्रशासन र नागरिक सुरक्षा प्रणालीलाई पूर्ण रूपमा बेवास्ता गर्न पाउनुपर्छ भन्ने तर्क लोकतान्त्रिक होइन।

कुनै पनि सार्वभौम देशले आफ्नो डिजिटल सार्वजनिक क्षेत्रलाई कानुनी जिम्मेवारीभित्र ल्याउँछ। यो संसारभरको सामान्य राज्य अभ्यास हो। त्यसमाथि त्यतिबेला, सरकारले सर्वोच्च अदालतले दिएको आदेशलाई कार्यान्वयन मात्र गरेको हो।

तर यो विषय जनतासामु जति स्पष्ट रूपमा राखिनुपर्थ्यो, त्यति राखिएन। सामाजिक सञ्जाल नियमनको विषयलाई नागरिक अधिकार र राज्यको जिम्मेवारीबीचको सन्तुलनका रूपमा प्रस्तुत गर्नुपर्ने थियो। तर विरोधी प्रचारले यसलाई स्वतन्त्रता खोस्ने निर्णयका रूपमा फैलायो। अनि यसलाई समेत बाहना बनाएर असन्तोषको भाषा बदलिएर आक्रोशको भाषा बन्यो। आक्रोशको भाषा बदलिएर भिडको भाषा बन्यो। र, भिडको भाषा बदलिएर आगो, ढुङ्गा, धुवाँ, तोडफोड, लुटपाट र मृत्युमा परिणत भयो।

भदौ २३ र २४ को घटनामा भ्रष्टाचार नियन्त्रण र सुशासनजस्ता माग राखेर शान्तिपूर्ण ढङ्गले गर्ने भनिएको आन्दोलन यहाँबाट असाधारण बन्छ। सामान्य लोकतान्त्रिक विरोधमा नागरिक सडकमा आउँछन्, नारा लगाउँछन्, सरकारसँग माग राख्छन्। सरकारसँग वार्ता हुन्छ, नेतृत्व देखिन्छ, मागपत्र हुन्छ, राजनीतिक संवाद हुन्छ। तर त्यतिबेला घटनाहरूको गति असामान्य थियो। बिहानको रोष बेलुकासम्म राज्यका प्रतीकहरूविरुद्ध आगोमा बदलियो। नाराको आवाज चित्कारमा बदलियो। असन्तोषको भीडभित्र अपरिचित आक्रामक लय देखिन थाल्यो। जसलाई आफ्ना छोराछोरी सडकमा गएको मात्र लागिरहेको थियो, तिनले टेलिभिजन र मोबाइलको पर्दामा टीओबीका बाइकहरूको उछलकुद देखे, देशको संसद् जलिरहेको देखे। जसले युवाको आवाज सुन्नुपर्ने ठानेका थिए, तिनले केही घण्टामै लोकतन्त्रको घर धुवाँले भरिएको देखे।

संसद् भवन कुनै सामान्य भवन होइन। त्यो इँटा, सिमेन्ट, कुर्सी र टेबलको थुप्रो मात्र होइन, त्यो जनमतको प्रतीक हो। त्यहीँ जनताको मत कानुनमा बदलिन्छ। त्यहीँ सरकारलाई प्रश्न गरिन्छ। त्यहीँ प्रधानमन्त्री जन्मिन्छन् र त्यहीँ सरकारलाई हटाउने संवैधानिक बाटो पनि खुल्छ। त्यसैले संसद् जल्नु भनेको सरकारको मात्र क्षति होइन; त्यो जनताको मतको समेत अपमान हो। त्यो अधिनायकत्वविरुद्धको संघर्ष, जेल, नेल, बलिदान र संविधानसभाबाट प्राप्त लोकतान्त्रिक उपलब्धिमाथिको आगो हो। त्यो आगो

कुनै एक दलको कार्यालयमा लागेको थिएन; त्यो आगो नेपालको संसदीय स्मृति र अस्तित्वमा लागेको थियो।

नेताहरूका घरमा आक्रमण हुनु पनि केवल व्यक्तिगत प्रतिशोधको घटना मात्र होइन। लोकतन्त्रमा नेता असफल हुन सक्छन्, उनीहरूमाथि प्रश्न उठ्न सक्छ, उनीहरूलाई चुनावमा पराजित गर्न सकिन्छ, छानबिन गर्न सकिन्छ, अदालतमा उभ्याउन सकिन्छ, मिडियामा कठोर आलोचना गर्न सकिन्छ। तर घरमा आक्रमण, परिवारमा त्रास, लुटपाट र आगजनी, सार्वजनिक तथा निजी सम्पत्तिको क्षति, सार्वजनिक अपमान र भौतिक प्रतिशोधले लोकतन्त्रलाई बलियो बनाउँदैन। यसले एउटा खतरनाक शिक्षा दिन्छ— तर्कले जित्न नसके डरले जित्। यस्तो शिक्षा आज कसैका विरुद्ध प्रयोग हुन्छ, भोलि अर्कैतिर फर्किन्छ।

तत्कालीन सरकारको दृष्टिबाट हेर्दा अवस्था सजिलो थिएन। एकातिर सामाजिक सञ्जाल नियमनको निर्णयलाई गलत अर्थमा फैलाइएको थियो। अर्कोतिर सडकमा असन्तोष भड्काइएको थियो। त्यही असन्तोषका बीचमा हिंसात्मक समूहहरू मिसिन थालेको सङ्केत देखिन्थ्यो। सुरक्षाकर्मीमाथि दबाब थियो। प्रशासनले शान्तिपूर्ण प्रदर्शन र आक्रमणकारी गतिविधिबीच छिटो भेद गर्न सकेन। राजनीतिक नेतृत्वले संवाद खोल्न खोज्दा त्यसलाई इन्कार गरेर एकतर्फी आपराधिक घटनाको गति अघि बढिसकेको थियो। गल्ती भएका छन् भने ती स्वीकार र छानबिन हुनुपर्छ। तर राज्यको तत्कालीन सीमा र कठिनाइ नबुझी केवल एकपक्षीय दोषारोपण गर्नु न्यायपूर्ण होइन। यहाँ वितण्डाकारीहरूले संवाद खोजेका थिएनन् र समाधान पनि चाहेका थिएनन्। जे चाहेका थिए, त्यही गरे।

प्रश्न यो हो, सरकारको कमजोरीले संसद् जलाउने वैधता दिन्छ? नियमनसम्बन्धी निर्णयमा असहमति थियो भन्दैमा संवैधानिक सत्ता संरचना सडकबाट भत्काउन मिल्छ? युवाको असन्तोष थियो भन्दैमा हिंसाको नेतृत्व कसको हातमा गयो भन्ने प्रश्न सोध्न नपाइने हुन्छ? लोकतन्त्रमा यी प्रश्नहरू सोध्नैपर्छ।

किनभने प्रश्न नसोधिने लोकतन्त्र भावनाको लहरमा बग्छ।
र, भावनाको लहरले प्रायः सत्यलाई बगाएर लैजान्छ।

गत वर्ष भदौका घटनामा केही प्रश्नहरू अझै अनुत्तरित छन्। संसद्, सरकारी कार्यालय, पार्टी कार्यालय र नेताहरूका घरहरू किन यति छिटो निशानामा परे? आक्रोशको

दिशा किन यति स्पष्ट रूपमा राज्यका प्रतीकहरूतर्फ मोडियो? त्यति ठूलो भीड, त्यति धेरै ठाउँ, त्यति छोटो समय, त्यति गम्भीर क्षति, त्यति छिटो सत्ता रिक्तताको अवस्था— यो सब कसरी एकै लयमा बढ्यो? सामाजिक सञ्जालमा फैलिएको रोष र सडकमा देखिएको भौतिक आक्रमणबीचको सम्बन्ध कसरी बन्यो? शान्तिपूर्ण युवा आवाजलाई हिंसात्मक मोड दिनेहरू को थिए? प्रदर्शनमा आएका सबै मानिस एउटै उद्देश्यले आएका थिए कि अलग-अलग उद्देश्य बोकेका समूहहरूले एउटै मौकाको प्रयोग गरे?

यी प्रश्नहरू कुनै दलको बचाउका लागि मात्र होइनन्, राष्ट्रको भविष्यका लागि आवश्यक छन्।
यिनको सही जवाफ खोजिनै पर्छ।

आज दबाबका कारणले जवाफ नखोजिएला, तर भविष्यले खोज्ने छ र अवश्य खोज्नुपर्छ। किनभने यदि यी प्रश्नहरूको जवाफ खोजिएन भने भोलि पनि यस्तै हुन सक्छ। आज एउटा सरकार ढल्यो भनेर कसैले ताली बजायो होला, तर भोलि अर्को सरकार, अर्को संसद्, अर्को दल, अर्को नेता, अर्को संस्था, अर्को अदालत, अर्को स्थानीय तह पनि यही तरिकाले निशानामा पर्न सक्छ। एकपटक संविधानभन्दा बाहिरको बाटो स्वीकार्य बनाइयो भने त्यो बाटो कसको विरुद्ध फर्किन्छ भन्ने कसैले भन्न सक्दैन। आगो एकपटक राजनीतिक साधन बन्यो भने त्यसले मित्र र शत्रु छुट्याउँदैन। त्यो राज्यको घरमा पनि पस्छ, नागरिकको घरमा पनि पस्छ।

आज यसको घरमा पस्न सकेको आगो,
भोलि उसको घरमा पनि पस्न सक्छ।

यहाँ युवाको भूमिकालाई पनि संवेदनशील भएर बुझ्नुपर्छ। युवा परिवर्तन चाहन्छन्, यो स्वाभाविक हो। युवा छिटो नतिजा चाहन्छन्, यो पनि स्वाभाविक हो। उनीहरूलाई पुराना दलहरूमाथि प्रश्न उठाउने बनाइयो र प्रश्न उठाए पनि, त्यो पनि लोकतान्त्रिक अधिकार हो। तर युवालाई सत्य भन्नैपर्छ— लोकतन्त्र धैर्य, सही विश्लेषण संस्था र प्रक्रिया बिना टिक्दैन। प्रणालीको कमजोरी देखेर प्रणाली नै जलाइयो भने खरानीमाथि भविष्य बन्दैन। भ्रष्टाचारको विरोध गर्नुपर्छ, तर न्यायिक प्रक्रिया चाहिन्छ। सरकार परिवर्तन हुन्छ र गर्नुपर्छ, तर संसद्को बाटो र संवैधानिक प्रक्रिया चाहिन्छ। त्योभन्दा पहिला त नागरिकहरूमा र आम सचेत युवाहरूमा सरकारले राम्रो काम गरिरहेको र गर्न खोजिरहेको छ कि छैन भन्ने छुट्याउने विवेक अवश्य चाहिन्छ।

त्यतिबेलाको सत्ता परिवर्तनको गति असाधारण थियो। सामान्य लोकतान्त्रिक देशमा सरकार जनमतबाट बन्छ, संसद्मा टिक्छ, संसद्मै परीक्षण हुन्छ, र संसद्कै प्रक्रियाबाट बन्छ, हट्छ। तर भदौको घटनाले यस्तो दृश्य देखायो, जहाँ सडकको हिंसा, डिजिटल दबाब, सुरक्षा अस्थिरता, राजनीतिक मौनता र राज्यको मनोवैज्ञानिक पक्षघात एकैसाथ देखा परे। प्रधानमन्त्रीले राजीनामा दिनुपरेको क्षण केवल एक व्यक्तिको पद गुमेको क्षण थिएन। त्यो क्षण नेपाली लोकतन्त्रले आफ्नै विधिमाथि प्रश्न सुनेको क्षण थियो। यदि कुनै सरकारसँग असन्तोष छ भने त्यसलाई हटाउने संवैधानिक बाटो हुँदाहुँदै देशलाई यस्तो बिन्दुमा पुर्याउनु आवश्यक थियो कि थिएन— यो प्रश्न इतिहासले सोधिरहनेछ।

निश्चय नै त्यो नितान्त गलत र अलोकतान्त्रिक बाटो थियो।

देशलाई सामान्य र संवैधानिक अवस्थातिर फर्काउन सकिन्थ्यो। तर उल्टो सत्ता रिक्तताको भय, सुरक्षा अनिश्चितता, राजनीतिक दलहरूप्रतिको अविश्वास, अन्तर्राष्ट्रिय चासो, नागरिकको त्रास र नयाँ सत्ता व्यवस्थापनका पूर्वनिर्धारित नक्कली बहसहरू सबै एकैपटक आए। यी सबैले देखाउँछन्— भदौ २३ र २४ कुनै साधारण विरोधको परिणाम मात्र थिएनन्। ती दिनहरूमा लोकतान्त्रिक राज्यको स्नायु प्रणालीमै चोट पुर्याइएको थियो।

जनताको पीडाको उपचार हुनुपर्ने थियो,
तर देशको लोकतान्त्रिक र संवैधानिक शरीर नै घाइते बनाइयो।

यसैले भदौको घटनालाई केवल सामाजिक सञ्जालको प्रतिबन्धविरुद्धको प्रतिक्रिया भनेर बुझ्नु सही हुँदैन। त्यो सतह थियो, त्यो एउटा तत्काल थपिएको बहाना थियो। त्यसैले हाम्रो राजनीतिक निष्कर्ष सन्तुलित हुनुपर्छ। हामी जनताको असन्तोषलाई सम्मान गर्छौं। युवाको आवाजलाई सुन्छौं। मृतक र घाइतेप्रति गहिरो संवेदना व्यक्त गर्छौं। सरकारको सञ्चार र तयारीमा भएको कमी स्वीकार गर्छौं। तर हामी हिंसालाई वैध राजनीति मान्दैनौं। संसद् जलाउने कार्यलाई जनआवाजको विस्तार मान्दैनौं। नेताका घरमा भएको आक्रमणलाई लोकतान्त्रिक क्रान्ति मान्दैनौं। संवैधानिक सरकारलाई संसद् बाहिरको दबाबबाट हटाउने अभ्यासलाई सामान्य मान्दैनौं।

हामी जनताको वास्तविक पीडा र
त्यसलाई हिंसामा मोड्ने प्रवृत्तिबीच स्पष्ट भेद गर्छौं।

त्यसैले त्यो घटना हाम्रा लागि आत्मसमीक्षाको कारण पनि हो, चेतावनी पनि हो। आत्मसमीक्षा यसकारण कि जनतालाई सही कुरा बताएर समयमै संगठित गर्न सकिएन भने सन्तोषलाई समयमा सुन्न सकिएन भने समाज कति टाढा जान सक्छ भन्ने हामीले देख्यौँ। चेतावनी यसकारण कि वास्तविक असन्तोषलाई कुनै पनि क्षण संस्थाविरोधी दिशामा मोड्न सकिन्छ भन्ने कठोर पाठ हामीले भोग्यौँ। यदि हामीले केवल आफूलाई निर्दोष र अरूलाई दोषी देख्यौँ भने सिकाइ हुँदैन। यदि हामीले केवल सरकारलाई दोषी देख्यौँ भने सत्य अधुरो हुन्छ।

**सम्पूर्ण सत्य यति मात्र हो,** जनताको पीडा वास्तविक थियो, राज्यको कमजोरी वास्तविक थियो, तर त्यस पीडाले लिएको हिंसात्मक र असाधारण राजनीतिक मोड सहज र सामान्य थिएन।

राष्ट्रिय हितविपरीत भूराजनीतिक शक्ति केन्द्रहरूका स्वार्थहरूलाई बोकेर हिँड्न हामीले अस्वीकार गरेको हुनाले, हामी हाम्रा जायज राष्ट्रिय हितहरूको रक्षा र संवर्धनमा अडिग रहेको हुनाले, हामीले हाम्रो राष्ट्रिय सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता र स्वाभिमानको रक्षा र वास्तविक कार्यान्वयनको नीति तथा व्यवहार अपनाएको हुनाले, हामीले स्वतन्त्र र सन्तुलित छिमेक सम्बन्ध र परराष्ट्र नीति लिएको हुनाले, हामीले हाम्रो देशको शान्ति, सुव्यवस्था, सुशासन र विकासको गतिलाई आफ्नै ढङ्गले तीव्रताका साथ अघि बढाउँदै आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने दिशामा अघि बढेको हुनाले बाह्य शक्तिहरूबाट हामीमाथि हमला हुँदै आएको थियो। र, पछिल्लो समयमा यस प्रकारको हमला अझ तीव्र बनेको कुरा हामीले बुझ्न सक्नुपर्छ।

हामीले हाम्रो संविधान बनायौँ। अनेकौँ अप्ठ्यारा र व्यवधानका बीच निर्मम नाकाबन्दीको दृढतापूर्वक सामना गर्यौँ। हाम्रो मिचिएको भूमि सामेल गरेर भारतले आफ्नो नयाँ नक्सा बनायो; हामीले आपत्ति जनायौँ। र, हामीले पनि भारतले बलजफ्ती ओगटेको हाम्रो जमिन समेटेर देशको राजनीतिक र प्रशासनिक नक्सा जारी गर्यौँ। सार्वभौम संसदबाट सर्वसम्मतिले पारित भएपछि त्यसलाई संविधानमा समावेश गर्यौँ।

हाम्रा दुई छिमेकी छन्। तर इतिहासमा हामी सधैँ भारतवेष्टितजस्तो र भारतमाथि पूर्ण निर्भरतामा बाँच्न अभ्यस्त हुँदै आयौँ। त्यस स्थितिलाई अन्त्य गर्दै छिमेकी चीनसँग पारवहन र यातायात सम्झौता गरी त्यतातिरबाट पनि बाटो र थप नाका खोल्दै देशलाई भूपरिवेष्टितबाट भूजडित अवस्थामा रूपान्तरित गर्यौँ।

जनतालाई केन्द्रमा राखेर बनाइएका नीति, योजना र गरिएका विभिन्न विकास निर्माणका कामहरूका कारण हामी लोकप्रिय भयौँ। लोकप्रिय भएपछि नै हामीलाई अलोकप्रिय बनाउन अनेक प्रपञ्च र झुटा आरोपहरूको वर्षा गरिएको होइन र? हामी नराम्रा काम र आफ्ना कमीकमजोरीहरूले अलोकप्रिय भएका होइनौँ; बरु, राम्रा चिरस्थायी कामहरूले गर्दा प्रहारमा परेका हौँ।

ती दुई दिनको पीडा लामो समयसम्म नेपाली राजनीतिमा रहनेछ। तर संसद्को खरानीलाई निराशामा होइन, संस्थागत पुनर्जागरणमा बदल्नुपर्छ। यदि हामीले यसरी सिक्यौँ भने भदौको त्रासदी राष्ट्रको चेतनामा बदलिनेछ। यदि सिकेनौँ भने त्यो घटना भविष्यका अझ ठूला संकटहरूको पूर्वसंकेत भएर रहिरहनेछ।

## ४. भदौ २३ र २४ को घटना: लोकतन्त्रमाथि पार्ने नौ दुरगामी प्रभाव

भदौ २३ र २४ को घटनालाई केवल सरकार परिवर्तनको प्रसङ्गमा सीमित गरियो भने त्यसको गहिरो अर्थ हराउँछ। त्यो घटना कुनै एक दलको हार वा अर्को दलको अवसर मात्र थिएन; त्यो घटना नेपालको लोकतान्त्रिक चेतनाको परीक्षा थियो। राष्ट्रिय आन्तरिक मजबुतिको परीक्षा थियो। लोकतन्त्र कागजमा लेखिएको संविधान मात्र होइन, त्यो लामो सङ्घर्षबाट बनेको सामूहिक विश्वास हो। जनताले मत दिन्छन्, मतबाट प्रतिनिधि जन्मिन्छ, प्रतिनिधिबाट संसद् बन्छ, संसद्को विश्वासबाट सरकार बन्छ, र सरकारको परीक्षण पनि संसद्कै विधिबाट हुन्छ। यही प्रकृया र विश्वास कायम रहेन भने संविधान बाँकी रहे पनि लोकतन्त्रको आत्मा मुर्छित भइसकेको हुन्छ।

लोकतान्त्रिक आन्दोलनको सबैभन्दा ठूलो उपलब्धि के हो भने यसले शक्ति प्रयोगलाई नियममा बाँध्छ। इतिहासमा शक्ति हुकूमबाट चल्थ्यो। राजाले बोल्यो भने कानुन हुन्थ्यो। राज्यका निर्णय नागरिकको इच्छा र आवश्यकता अनुसार होइन, शासकको स्वार्थ र स्वेच्छाबाट तय हुन्थे। लोकतान्त्रिक आन्दोलनले त्यही परम्परा तोड्यो। यसले भन्यो— राज्य शक्ति कसैको निजी सम्पत्ति होइन। शक्ति मतदाताबाट आउँछ। शासन जनादेशबाट चल्छ। असहमति भए पनि त्यसको प्रकटिकरण र समाधानको बाटो हुन्छ। सरकार बदल्नुपरे पनि विधि हुन्छ। जनआवाजको सम्मान हुन्छ, तर जनआवाजलाई संस्थागत रूप दिने माध्यम संसद् हुन्छ।

भदौको घटनाले यही आधारभूत समझदारीलाई खण्डित गर्‍यो।

कुनै पनि समाज केवल भावनाले चल्दैन। समाजलाई टिकाउने कुरा साझा नियम हो। दर्शनको भाषामा भन्दा लोकतन्त्र भनेको स्वतन्त्र व्यक्तिहरूबीच गरिएको सभ्य सहमति हो। हामी सबै फरक सोच राख्न सक्छौँ, फरक दललाई समर्थन गर्न सक्छौँ, सरकारसँग असहमत हुन सक्छौँ, नेता मन नपराउन सक्छौँ; तर हामी एउटा साझा कुरा स्वीकार गर्छौँ— सत्ता गठन परिवर्तन र सञ्चालनको बाटो हिंसा होइन, विधि हो। यही सहमति नटुटेसम्म लोकतन्त्र बाँच्छ। जब यो सहमति कमजोर हुन्छ, तब नागरिक समुदाय भिडमा बदलिन थाल्छ। नागरिकले प्रश्न गर्छ, भिडले फैसला सुनाउँछ। नागरिकले मत दिन्छ, भिडले विवेक होइन, सजाय दिन्छ।

नागरिकले संस्था सुधार्न खोज्छ, भिडले संस्था भत्काउन थाल्छ।
यही परिवर्तन लोकतन्त्रका लागि सबैभन्दा खतरनाक हो।
विज्ञानले पनि हामीलाई यही कुरा सिकाउँछ। कुनै पनि जटिल प्रणाली केही मूल नियम र विश्वासमा टिकेको हुन्छ।

लोकतन्त्र पनि यस्तै जटिल प्रणाली हो। संसद्, सरकार, अदालत, निर्वाचन आयोग, दल, मिडिया, नागरिक समाज, प्रशासन, सुरक्षा निकाय— यी सबै अङ्ग हुन्। कुनै एक अङ्गमा त्रुटि आयो भने सुधार गर्न सकिन्छ। तर सत्ता परिवर्तनको विधिमाथि नै चोट लाग्यो भने लोकतान्त्रिक स्नायु प्रणाली असन्तुलित हुन्छ। त्यसपछि सबै संस्था डर, दबाब र शङ्काको वातावरणमा काम गर्न थाल्छन्।

यहाँ एउटा महत्त्वपूर्ण भेद छुट्याउनुपर्छ। जनआन्दोलन र लोकतन्त्रविरोधी षडयन्त्रबाट उब्जिएको संस्थाविरोधी विस्फोट एउटै कुरा होइनन्। जनआन्दोलन लोकतान्त्रिक हुन्छ, त्यसले जनताको सार्वभौम अधिकारलाई संस्थागत गर्न खोज्छ। २०४६ सालको आन्दोलनले पञ्चायती निरङ्कुशता तोडेर बहुदलीय व्यवस्था ल्यायो। २०६२/६३ को आन्दोलनले राजकीय निरङ्कुशताविरुद्ध जनताको अधिकार स्थापित गर्यो। ती आन्दोलनहरूको दिशा संविधान, प्रतिनिधित्व, नागरिक अधिकार र जनसत्तातर्फ थियो। त्यहाँ बलिदान थियो, नेतृत्व थियो, राजनीतिक स्पष्टता थियो, सङ्गठन थियो र अन्तिम लक्ष्य संस्थागत लोकतन्त्र थियो। तर कुनै पनि आक्रोश यदि संस्थालाई सुधार्ने होइन, संस्थालाई अविश्वसनीय बनाउने दिशामा जान्छ भने त्यसले लोकतान्त्रिक आन्दोलनको परम्परालाई बलियो होइन, कमजोर बनाउँछ। भदौको घटनाले लोकतान्त्रिक आन्दोलनलाई कमजोर पार्यो।

**लोकतन्त्र सिध्याउने पहिलो तरिका यही हो। यसले मत र विधिमाथि क्षणिक र दिशाहीन बललाई हावी बनायो।**

लोकतन्त्रमा सङ्ख्या महत्त्वपूर्ण हुन्छ, तर त्यो सङ्ख्या मतपत्रमा नापिन्छ, सडकको तापक्रममा होइन। सडकको आवाज लोकतन्त्रको आवश्यक चेतावनी हो, तर सडकको भिड राज्यको वैधानिकता नाप्ने स्थायी यन्त्र होइन। आज भिड ठूलो हुन सक्छ, भोलि अर्को पक्षको भिड अझ ठूलो हुन सक्छ। यदि नीति र सत्ता भिडको आकारबाट तय हुन थाल्यो भने लोकतन्त्र विचारको प्रतिस्पर्धा होइन, सडक परिचालनको प्रतिस्पर्धा बन्न जान्छ। ३ करोड जनताको निर्णय र आकाङ्क्षालाई १०–१५ हजार मानिसको क्षणिक उपद्रवले कुल्चिन सक्छ। उदाहरण हाम्रै अगाडि छ।

**दोस्रो, यसले असहमतिलाई संवैधानिक भाषाबाट हिंसात्मक भाषातर्फ धकेल्यो।**

लोकतन्त्रले असहमतिलाई अधिकार बनाउँछ, निरङ्कुशताले असहमतिलाई अपराध बनाउँछ, र अराजकताले असहमतिलाई प्रतिशोध बनाउँछ। लोकतन्त्रमा कठोर आलोचना हुन्छ, तर भौतिक विनाश हुँदैन। लोकतन्त्रमा जनदबाब हुन्छ, तर वैधानिक मर्यादा भत्काउने उन्माद हुँदैन।

**तेस्रो, यसले राजनीतिक दलहरूको भूमिकालाई कमजोर पार्छ।**

लोकतन्त्रमा दलहरू केवल चुनाव लड्ने यन्त्र होइनन्। दलहरू जनताको असन्तोषलाई नीति बनाउने माध्यम हुन्। दलहरू जनताको समस्यालाई कार्यक्रम बनाउँछन्, पीडालाई विधेयक बनाउँछन्, क्षेत्रीय मागलाई राष्ट्रिय बहसमा ल्याउँछन्, युवाको निराशालाई रोजगारी, शिक्षा, उद्यम र शासन सुधारको योजनासँग जोड्छन्। दलहरू कमजोर भए भने समाजको असन्तोष सिधै असङ्गठित भिडमा प्रवेश गर्छ। भदौको घटनाले दलहरूलाई सुधारको दबाब दिने बाटो लिएन, बरु त्यो दलविरोधी उन्मादमा बदलिँदा लोकतन्त्रको मेरुदण्ड नै भाँचिएको छ।

**चौथो, यसले राज्यका कर्मचारी र सुरक्षा निकायको मनोविज्ञान बिगार्छ।**

कुनै पनि राज्य केवल प्रधानमन्त्री र मन्त्रीले चलाउँदैनन्। सचिव, प्रमुख जिल्ला अधिकारी, प्रहरी, शिक्षक, स्वास्थ्यकर्मी, न्यायाधीश, स्थानीय कर्मचारी— यी सबैले

राज्यको निरन्तरता धान्छन् । यदि उनीहरूले सरकार संसद्को विश्वासले भन्दा भिडको आक्रमणबाट बढी प्रभावित हुन्छ भन्ने देखे भने, उनीहरूको निर्णय क्षमतामा डर बस्छ । नीति लागू गर्दा उनीहरू सोच्न थाल्छन्— भोलि भिड आयो भने के हुन्छ? कानुन कार्यान्वयन गर्दा सोच्न थाल्छन्— डिजिटल आक्रमण भयो भने के हुन्छ? भोलि भिड्का प्रतिनिधि पात्रहरुको दवाब आयो भने के हुन्छ ? यस्तो डरले प्रशासन निष्क्रिय बनाउँछ । निष्क्रिय प्रशासनले जनताको सेवा बिगार्छ । सेवा बिग्रिएपछि फेरि असन्तोष बढ्छ । यसरी लोकतन्त्र कमजोर पार्ने दुष्चक्र सुरु हुन्छ ।

**पाँचौँ, यसले न्यायालयमाथि पनि अप्रत्यक्ष दबाब पार्छ ।**

लोकतन्त्रमा न्यायालय अन्तिम आश्रय हो । तर यदि समाजमा डिजिटल रोष र सडक दबाबलाई निर्णयको मापदण्ड बनाइयो भने अदालत पनि त्यस वातावरणबाट मुक्त रहन कठिन हुन्छ । न्यायाधीशले कानुन हेर्ने कि भिडको मनोविज्ञान हेर्ने भन्ने दबाब महसुस गर्न थाल्यो भने न्यायको आत्मा कमजोर हुन्छ । राज्यका संवैधानिक विवादहरू तथ्य र कानुनबाट होइन, सार्वजनिक दबाबको तापबाट प्रभावित हुन थाले भने लोकतन्त्रको अन्तिम सुरक्षा पर्खाल पनि चर्किन्छ । जुन कुरा हामी प्रत्यक्ष देखिरहेका, भोगिरहेका छौं ।

**छैटौँ, यसले निर्वाचनको अर्थलाई कमजोर पार्छ ।**

निर्वाचन केवल मत गन्ने प्रक्रिया होइन, त्यो हार र जितलाई सभ्यतापूर्वक स्वीकार गर्ने सामाजिक सम्झौता हो । मैले जितेँ भने शासन गर्छु, मैले हारेँ भने प्रतिपक्षमा बस्छु, तर अर्को निर्वाचनसम्म विधिलाई सम्मान गर्छु । यही चुनावी संस्कार लोकतन्त्रको पाठशाला हो । यदि सडकको दबाबले निर्वाचनबाट बनेको समीकरणलाई अस्थिर बनाउने बाटो खुल्यो भने चुनाव केवल अस्थायी घटना बन्छ । जित्नेहरू शासन गर्न डराउँछन्, हार्नेहरू अर्को चुनाव कुर्न छोड्छन् । जनताले मतपत्रभन्दा उन्मादलाई बढी प्रभावकारी ठान्न थाले भने लोकतन्त्रको शिक्षण प्रक्रिया बिग्रिन्छ ।

निर्वाचन स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित एवं शान्तिपूर्ण र निर्भय वातावरणमा आयोजना तथा सम्पन्न गरिनुपर्छ । निर्वाचन गराउने निर्वाचन आयोग दबाब र प्रभावबाट मुक्त तथा निष्पक्ष हुनुपर्दछ । स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण चुनाव गराउन सरकारले निर्वाचन आयोगलाई सहयोग गर्नुपर्छ । सरकारको हस्तक्षेपमा सरकारले इच्छाएको

प्रतिफल प्राप्त गर्ने अवाञ्छित प्रयास र प्रयोगले स्थान पायो भने त्यो निर्वाचन, निर्वाचन हुँदैन; लोकतन्त्रको हुर्मत लिन एउटा नाटक मात्र बन्छ ।

**सातौँ, यसले नागरिक स्वतन्त्रतालाई पनि उल्टो जोखिममा पार्छ ।**

यो सुन्दा विरोधाभासजस्तो लाग्न सक्छ, तर सत्य हो । जब स्वतन्त्रताको नाममा हिंसा वैध बनाइन्छ, राज्यहरू कडा नियमन, कडा सुरक्षा र कडा नियन्त्रणतर्फ धकेलिन्छन् । यसबाट वास्तविक नागरिक स्वतन्त्रता नै संकटमा पर्छ । यदि शान्तिपूर्ण विरोध र हिंसात्मक विनाशबीच स्पष्ट भेद गरिएन भने भविष्यका सरकारहरूले सबै विरोधलाई सुरक्षा जोखिम भनेर हेर्न सक्छन् । त्यसैले लोकतन्त्र बचाउन पनि हिंसा र अभिव्यक्तिलाई अलग राख्नुपर्छ । बोल्ने अधिकारको रक्षा गर्न तोडफोडको विरोध अनिवार्य छ; भेला हुने अधिकारको रक्षा गर्न आगजनीको अस्वीकार अनिवार्य छ ।

**आठौँ, यसले बाह्य चासोका लागि कूटनीतिक ढोका खोल्छ ।**

नेपालजस्तो संवेदनशील भूगोलमा आन्तरिक अस्थिरता कहिल्यै केवल आन्तरिक रहँदैन । कमजोर संसद्, विभाजित दल, डराएको प्रशासन, दबाबमा रहेको न्यायालय, भावनात्मक सडक र डिजिटल उत्तेजना— यी सबैले बाह्य शक्ति केन्द्रहरूलाई प्रभाव विस्तार गर्ने अवसर दिन्छन् । राष्ट्रिय स्वाधीनता केवल सीमा रक्षा मात्र होइन । राष्ट्रिय स्वाधीनता भनेको आफ्नो शासन परिवर्तनको विधि आफैँले, आफ्नो संविधानभित्र, आफ्नो जनमतका आधारमा तय गर्ने क्षमता हो । यदि हाम्रो सत्ता परिवर्तनको प्रक्रिया अस्थिर र अस्पष्ट भयो भने हाम्रो स्वाधीन निर्णय क्षमता पनि कमजोर हुन्छ । राष्ट्रसँग आफ्ना आन्तरीक र बाह्य नीतिहरु स्वतन्त्र ढंगले सञ्चालन गर्ने राष्ट्रसँग अधिकार हुनुपर्छ ।

**नवौँ, यसले सहमतिको राष्ट्रिय संस्कृतिलाई कमजोर पारेको छ ।**

लोकतन्त्रमा सबै कुरा सहमतिबाट हुँदैन, तर केही आधारभूत कुरामा राष्ट्रिय सहमति हुनुपर्छ । संविधान सबैको साझा नियम हो, संसद् सबैको साझा संस्था हो, शान्तिपूर्ण विरोध सबैको साझा अधिकार हो, हिंसाको अस्वीकार सबैको साझा मर्यादा हो, सत्ता परिवर्तनको विधि सबैको साझा प्रतिबद्धता हो । राष्ट्रिय अस्तित्व र अस्मिताको रक्षा सबैको साझा कर्तव्य हो । यदि यी साझा आधारहरू दलगत वा समूहगत सुविधा अनुसार व्याख्या हुन थाले भने देशमा कुनै स्थायी नियम बाँकी रहँदैन । आज मलाई फाइदा भयो

भने ठीक, भोलि मलाई घाटा भयो भने गलत— यस्तो सोचले लोकतन्त्रलाई व्यापार बनाउँछ।

**दशौं, यसले सुशासन मात्र होइन, समृद्धिको यात्रालाई पनि अवरुद्ध गरेको छ।**

लोकतन्त्र सिद्धान्त हो,
नाफा र सुविधा अनुसारको व्याख्या होइन।

अहिलेका बेढङ्गी, अलोकतान्त्रिक र फासीवादी शासकीय दृष्टिकोण र व्यवहार यही कुराको कमीले उब्जिएका विकृतिहरू हुन्। यसैले एमालेको प्रतिवादलाई कसैले सत्ता गुमाएको पीडा भनेर नबुझोस्। यस्तो हिंसा र अराजकताले राजनीतिक प्रणाली र त्यसको सञ्चालनमा मात्र होइन, समाजका सम्पूर्ण पक्षहरुमा गम्भीर, नकारात्मक असर पार्दछ। जनतालाई आफ्नो जीवन आर्थिक हिसाबले सहज, सम्पन्न र सुविधायुक्त बनाउनु छ। समाजलाई सामाजिक सद्भाव र एकता एवं शान्ति सुरक्षा चाहिएको छ। सम्मानित जीवन जिउने इच्छा सचेत नागरिकको स्वभाविक अधिकार हो। तर विध्वंशले यी सबै कुराहरुलाई नकार्दछ र कमजोर पार्दछ। त्यसले समाजको आर्थिक विकास लगायत सम्पूर्ण प्रगतिका प्रयासहरु असफल हुन्छन्। यसर्थ अराजकता र विध्वंश -राष्ट्रियता, लोकतन्त्र, सुशासन र विकास हरेक कुराको विरुद्ध हुन्छ।

एमालेले यो विषय उठाउँदा आफ्नो पद, सरकार वा तत्कालीन क्षतिको मात्र कुरा गरेको छैन। प्रश्न यो हो— नेपालमा सरकार कसरी बन्ने र कसरी हट्ने? प्रश्न यो हो— संसद्को मर्यादा कति सुरक्षित रहने? प्रश्न यो हो— जनताको असन्तोषलाई संस्थागत सुधारमा रूपान्तरण गर्ने कि संस्थाविहीन विस्फोटमा छोड्ने? प्रश्न यो हो— संविधान ठूलो कि क्षणिक उत्तेजना ठूलो?

दार्शनिक रूपमा हेर्दा लोकतन्त्र मानव सभ्यताको आत्मसंयम हो। मानिस क्रोधित हुन सक्छ, समूह उत्तेजित हुन सक्छ, सत्ता भ्रष्ट हुन सक्छ, नेता गल्ती गर्न सक्छ, जनता निराश हुन सक्छ; तर लोकतन्त्रले भन्छ— क्रोधलाई नियममा बाँध, प्रतिशोधलाई न्यायमा बदल, असन्तोषलाई मतमा बदल, पीडालाई नीतिमा बदल। यही रूपान्तरण नै सभ्यता हो। यदि क्रोध सिधै विनाशमा बदलियो भने हामी सभ्य राजनीतिक समुदायबाट भिडको मनोविज्ञानतर्फ फर्किन्छौँ।

भदौ २३ र २४ को घटना–
यही कारणले लोकतान्त्रिक आन्दोलनका लागि चेतावनी र चुनौती हो।

विज्ञानको अर्को शिक्षा पनि उपयोगी छ। कुनै प्रणालीमा एकपटक गलत प्रोत्साहन स्थापित भयो भने त्यसले भविष्यको व्यवहार बदल्छ। यदि कुनै समूहले देख्यो कि हिंसात्मक दबाबले छिटो परिणाम दिन्छ, अनि भविष्यमा शान्तिपूर्ण बहस कमजोर हुन्छ। यदि कुनै दलले देख्यो कि संसद्को बहसभन्दा सडकको भय प्रभावकारी छ, त्यसपछि दलहरू संसद् सुधार्न होइन, सडक कब्जा गर्न प्रतिस्पर्धा गर्न थाल्छन्। यदि कुनै नागरिकले देख्यो कि मतपत्रभन्दा आगो शक्तिशाली छ, त्यसपछि त नागरिक शिक्षा ध्वस्त हुन्छ। यस्तो गलत प्रोत्साहन लोकतन्त्रको दीर्घकालीन स्वास्थ्यका लागि विष हो।

त्यसैले भदौ २३ र २४ को मूल्याङ्कन गर्दा हामीले तीन कुरा एकैसाथ भन्नुपर्छ:

— जनताको असन्तोष केही हदसम्म वास्तविक थियो।

— राज्य र दलहरूको कमजोरी पनि केही हदसम्म वास्तविक थियो।

— तर लोकतान्त्रिक संस्थामाथि हिंसात्मक दबाब र संविधान बाहिरबाट सत्ता परिवर्तनको आपराधिक बाटो सामान्य र स्वीकार्य थिएन।

यी तीन कुरा सँगसँगै भन्न सके मात्र हामी न्यायपूर्ण, सन्तुलित र ऐतिहासिक रूपमा जिम्मेवार हुन्छौँ।

**अब हाम्रो कर्तव्य के हो?** लोकतन्त्रको इतिहासलाई सही अर्थमा स्मरण गर्ने। नेपालको लोकतान्त्रिक आन्दोलन धेरै महँगो मूल्यमा बनेको हो। यसलाई क्षणिक उत्तेजनामा कमजोर बनाउन मिल्दैन। यदि हामीले यो पाठ बुझ्यौँ भने भदौको पीडा राष्ट्रको परिपक्वतामा बदलिन सक्छ। यदि बुझेनौँ भने भदौ भविष्यका संकटहरूको अभ्यास मात्र ठहरिन सक्छ। एमालेले यही कारणले यस विषयमा बोल्नुपर्छ— न घृणाबाट, न प्रतिशोधबाट, न डरबाट; बरु संविधानप्रतिको निष्ठाबाट, जनताको मतप्रतिको सम्मानबाट, लोकतान्त्रिक आन्दोलनको दीर्घकालीन रक्षा गर्ने उद्देश्य र जिम्मेवारीबाट देशलाई सुशासन र विकासको बाटोबाट समृद्ध नेपाल सुखी नेपालीको गन्तव्यमा पुऱ्याउने राष्ट्रिय संकल्प साकार पार्ने अभिभाराबाट।

## ५. चुनाव त सकियो: वैध मत, तर असमान वातावरणको प्रश्न रहिरह्यो

चुनाव लोकतन्त्रको अनिवार्य आधार हो । जनताले मत दिएका छन् भने त्यस मतको सम्मान गर्नुपर्छ । एमाले जनताको मतलाई सधैँ सम्मान गर्छ । हामीले हार्दा पनि जनताको निर्णयलाई स्वीकार गरेका छौँ, जित्दा पनि जनमतको जिम्मेवारी बुझ्ने प्रयास गरेका छौँ। त्यसैले यस निर्वाचनको परिणामबारे बोल्दा हाम्रो पहिलो वाक्य यही हुनुपर्छ— जनताले दिएको मत सम्माननीय छ । तर त्यहीँ दोस्रो वाक्य पनि त्यत्तिकै आवश्यक छ, जनादेशको सम्मान गर्नु भनेको चुनावी वातावरणको समीक्षा नगर्नु होइन। धाँधली स्वीकार्नु पनि होइन।

निर्वाचन केवल मतदानको दिन बाकसमा मतपत्र खसाल्ने प्रक्रिया मात्र होइन। निर्वाचन त्यो दिनभन्दा धेरै अघि सुरु हुन्छ । मतदाताको मन कसरी बनेको छ? राजनीतिक दलहरू आफ्ना कुरा जनतासम्म समान रूपमा पुर्याउन सक्षम छन् कि छैनन्? उम्मेदवारहरू भयमुक्त रूपमा गाउँ र सहर जान सक्छन् कि सक्दैनन्? मिडिया र सामाजिक सञ्जालमा सबै आवाजका लागि बराबर ठाउँ छ कि छैन? प्रशासन निष्पक्ष देखिन्छ कि देखिँदैन? नागरिकले आक्रोश, डर,भ्रम, बदला वा एकतर्फी प्रचारभन्दा पर गएर सोच्न पाएका छन् कि छैनन्? यी सबै निर्वाचनसँग सम्बन्धित प्रश्नहरु हुन् र निर्वाचनका अङ्ग हुन्।

मतदानको दिन शान्त देखिएर मात्र चुनाव पूर्ण रूपमा समान वातावरणमा भयो भन्न मिल्दैन।

भदौपछि भएको निर्वाचन यही कारणले असाधारण थियो । देश सामान्य राजनीतिक चक्रबाट चुनावमा गएको थिएन । देश एउटा ठूलो भौतिक र गहिरो भावनात्मक आघातपछि चुनावमा गएको थियो। संसद् र राज्यका प्रतीकहरूमा आगो लागेको थियो। पुराना दलहरूप्रति तीव्र घृणा र आक्रोश फैलाइएको थियो । सामाजिक सञ्जालमा राजनीतिक संवादभन्दा आरोप, अपमान र भावनात्मक निर्णयको माहोल बलियो बनाइएको थियो। तसर्थ, मतदाता पूर्ण रूपमा शान्त, सन्तुलित र तथ्यपूर्ण वातावरणमा थिए भन्नु सत्य हुँदैन।

चुनावमा मतदाता स्वतन्त्र रूपमा मतदान केन्द्र पुगे। यो लोकतन्त्रका लागि राम्रो कुरा हो । तर मतदान केन्द्रसम्म पुग्नु र राजनीतिक निर्णय भय, भ्रम र भावनात्मक दबाबबाट

मुक्त भएर गर्नु फरक कुरा हो। कुनै मतदाताले चाहेको दललाई मत दिन पायो, यो एउटा पक्ष हो। तर निर्णय बनाउँदा उसले सुनेको सूचना कति सही र सन्तुलित थियो? उसले सबै दलको तर्क सुन्ने समय र मन पायो कि पाएन? उसले असहमति राख्दा सामाजिक रूपमा अपमानित हुने डर महसुस गर्‍यो कि गरेन? उसले पुराना दललाई समर्थन गर्दा आफू नै भ्रष्टाचारको पक्षधर कहलिने वातावरण बन्यो कि बनेन?

यी निर्वाचन अध्ययनका गम्भीर प्रश्न हुन्।

भदौपछि देशमा एउटा भावनात्मक कथा (न्यारेटिभ) अत्यन्त शक्तिशाली भयो। त्यस कथामा पुराना दलहरू सम्पूर्ण समस्याको मूल कारणका रूपमा देखाइए। पुराना नेतृत्वलाई एकसाथ अपराधी, अक्षम, असंवेदनशील र देशको भविष्यको बाधकका रूपमा चित्रण गरियो। यसमा हाम्रो कमजोरी थिएन भन्न सकिँदैन। जनतामा निराशा बढेको थियो। दलहरूमा शैलीगत समस्या पनि थियो। सुशासनका प्रश्नहरू थिए। युवामा फैलाइएको भ्रम चिरेर मन जित्न नसकेको सत्य थियो। तर लोकतन्त्रमा आलोचना र सामूहिक दानवीकरण फरक कुरा हुन्। जब सम्पूर्ण राजनीतिक इतिहासलाई एउटै अपमानजनक कथामा बदलिन्छ,तब नागरिकले तर्कभन्दा भावनाबाट निर्णय गर्न थाल्छ।

यस्तो वातावरणमा निर्वाचन हुन्छ, मत वैध नै हुन्छ;
तर राजनीतिक निर्णय बन्ने प्रक्रिया असमान, असत्यमा आधारित र गलत हुन्छ।

यहाँ ध्यान दिनुपर्ने कुरा– २०७२ सालमा संविधान बन्यो। एमालेको नेतृत्वमा सरकार बन्यो। २०७३ सालमा सरकारमा रहेकैहरूले त्यसलाई ढाले। फेरि २०७४ सालको चुनावमा एमाले प्रमुख पार्टी बन्यो। २०७५ साल जेठ ३ गते एमाले र माओवादी एकता गरेर लगभग दुई तिहाइको सरकार बन्यो। त्यस सरकारले राष्ट्रियता, लोकतन्त्र, विकास, परिवर्तन, शान्ति सुव्यवस्था र सुशासनको पक्षमा प्रशंसित हुने गरी काम गर्‍यो। दक्षिण एसियाको 'राइजिङ स्टार'को सम्मान मुलुकले हासिल गर्‍यो। प्रधानमन्त्री प्रशंसित र सम्मानित भए। युवादेखि पाका उमेरसम्मका आम जनताबीच 'केपी बा'का रूपमा परिचित भए। ती उपलब्धि र सम्मानबाट चिढिएका, ईर्ष्या र डाह गर्ने प्रतिस्पर्धीहरूसहित भूराजनीतिक स्वार्थहरू यति सक्रिय भए कि सञ्चार माध्यम र सामाजिक सञ्जालबाट झुटा आरोपले लाञ्छित गर्न थालियो। असभ्यतापूर्वक अफवाह फैलाउने र भ्रम सिर्जना गर्ने कारखाना नै चलाइयो। यहाँ हामीले त्यस भ्रमलाई अल्गोरिदममा विकास हुनबाट रोक्न सकेनौँ। त्यसले सिर्जना गरेको भ्रमलाई चिर्न

सकेनौँ। २०७४ र २०७९ सालको चुनावमा हाम्रो पार्टी प्रथम भयो। पार्टी अध्यक्ष चौतर्फी घेराबन्दीका बिच पनि देशमा सर्वाधिक मत प्राप्त गर्ने लोकप्रिय नेता बने।

हाम्रा विचार र कामले हामी अलोकप्रिय भएका थिएनौँ।
तर, विरोधीका चौतर्फी आक्रमणको तीव्र प्रहार झेल्न नसक्दा हामीले लोकप्रियतालाई टिकाउन सकेनौँ।

यस निर्वाचनको असामान्य पक्ष यही थियो– दलहरू केवल एकअर्कासँग प्रतिस्पर्धा गरिरहेका थिएनन्; उनीहरू भावनाको प्रचण्ड लहरसँग पनि प्रतिस्पर्धा गरिरहेका थिए। नयाँ शक्तिले आशा, आक्रोश र बदलाको भाषालाई एकसाथ प्रयोग गर्‍यो। पुराना दलहरू स्पष्टीकरणको रक्षात्मक भूमिकामा धकेलिए। एक पक्षले झुटो सपना बेच्यो, अर्को पक्षले विगतको योगदानसहितको भविष्यको योजना सम्झाउन खोज्यो। तर आघातपछिको समाजमा विगत सुन्ने धैर्य कम हुन्छ। घाइते मनलाई इतिहासभन्दा तात्कालिक जवाफ चाहिन्छ। यही मनोविज्ञानले चुनावी नतिजालाई गहिरो प्रभाव पार्‍यो।

नयाँ भनिनेहरूले सकारात्मक काम केही पनि गरेका थिएनन्।
जनतालाई भ्रम र धोकामा पारियो।

सामाजिक सञ्जालको भूमिका यस चुनावमा निर्णायक बन्यो। पहिले राजनीतिक प्रचार सभा, घरदैलो, पर्चा, रेडियो, पत्रिका र स्थानीय सङ्गठनबाट हुन्थ्यो। यसपटक मतदाताको मन मोबाइलको पर्दामा बन्यो। छोटा भिडियो, उत्तेजक शीर्षक, व्यङ्ग्य, आरोप, भावनात्मक कथन, पुराना भाषणका काटिएका अंश, अपुष्ट सूचना र आक्रोशपूर्ण टिप्पणीले चुनावी वातावरणलाई असाधारण बनायो। डिजिटल माध्यम आफैँमा समस्या होइन। समस्या तब सुरु हुन्छ, जब सूचनाको गति सत्यको स्थिरताभन्दा धेरै छिटो हुन्छ। झुट फैलिसक्दा सत्य पुग्न ढिलो हुन्छ। चरित्रहत्या भइसकेपछि खण्डन कमजोर सुनिन्छ। भावना उचालिसकेपछि तथ्य थाकेको देखिन्छ।

यसपटक यही भयो। अल्गोरिदमका कारणले राजनीतिक दलहरू यति रक्षात्मक भए कि सभा र जुलुसजस्ता कामहरू गर्नै सकेनन्।

जनतामा व्याप्त निराशा हामीले चिरेका थियौँ। सुन्दर र सफल भविष्यको सपना देख्न जनतालाई सिकाएका थियौँ। हामीलाई सपना बाँडेको आरोप नै लागेको थियो।

एमालेले आफ्नो तर्क जनतासम्म पुर्याउनुपर्थ्यो। हामीले पुर्याउन सकेनौँ। हाम्रो सङ्गठन बलियो थियो, तर डिजिटल कथा वाचन कमजोर भयो। हामीसँग इतिहास थियो, र भिजन पनि थियो। तर त्यसलाई नयाँ पुस्ताले बुझ्ने भाषामा बदल्न सकेनौँ। हामीसँग तर्क थियो, तर भावनाको बजारमा तर्क ढिलो पुग्यो। हामीसँग उपलब्धि थिए, तर जनताको दैनिक जीवनमा त्यसले पारेको सकारात्मक प्रभाव देखाउन सकेनौँ।

हामीले भदौपछि जनतामा बनाउँदै लगिएको मनोविज्ञानको परिवर्तित वेगलाई थेग्न सकेनौँ। कार्यकर्ता पङ्क्ति डिजिटल कार्यमा सक्रिय हुन सकेन, किन? यो आत्मसमीक्षाको विषय हो।

तर हामीले आफ्नो कमजोरी स्वीकार गर्नु भनेको चुनावी वातावरण समान थियो भन्ने होइन। एउटा धावक घाइते खुट्टासहित दौडियो, अर्को धावक स्वस्थ खुट्टाले दौडियो, दुवै दौडमा सहभागी भए भन्दैमा दौड समान भयो भन्न मिल्दैन। एमाले चुनावमा सहभागी भयो। जनतासँग गयो। मत माग्यो। हार स्वीकार गर्यो। तर यो पनि भन्नुपर्छ— हामी सामान्य लोकतान्त्रिक वातावरणमा होइन; भावनात्मक ध्रुवीकरण, डिजिटल दुष्प्रचार, नेतृत्वप्रति सार्वजनिक अपमान, र पुराना दलविरोधी तीव्र मनोविज्ञान र प्रविधिको दुरुपयोगसहित राज्य संयन्त्रको पक्षपातका बिच चुनावमा गएका थियौँ।

चुनावको असमानता केवल प्रशासनिक धाँधलीबाट मात्र नापिँदैन। कहिलेकाहीँ असमानता मतपत्रमा होइन, मतदाताको मन बनाउने वातावरणमा हुन्छ। मतपेटिका सुरक्षित हुन सक्छ, तर सार्वजनिक संवाद असुरक्षित हुन सक्छ। मतदान केन्द्र व्यवस्थित हुन सक्छ, तर राजनीतिक वातावरण विषाक्त हुन सक्छ। मतगणना ठीक हुन सक्छ, तर मत निर्माणको प्रक्रिया असन्तुलित हुन सक्छ।

हाम्रो चुनावी समीक्षा यिनै तहहरूमा गएर गरे मात्र परिपक्व हुन्छ।

यस निर्वाचनमा तर्क सुन्ने धैर्य घटेको थियो। एमाले वा अन्य पुराना दलका पक्षमा बोल्ने नागरिकलाई पनि सामाजिक सञ्जालमा अपमानित हुने डर थियो। धेरैले निजी रूपमा असन्तुलन महसुस गरे, तर सार्वजनिक रूपमा बोल्न सकेनन्। यस्तो मौनता पनि चुनावी वातावरणको हिस्सा हो।

डर सधैँ बन्दुकबाट मात्र आउँदैन।

कहिलेकाहीँ सामाजिक अपमानको डर, डिजिटल हमला, ट्रोलिङ र चरित्रहत्याले पनि नागरिकलाई चुप बनाउँछ ।

मिडियाको भूमिकाले पनि सन्तुलित समीक्षा माग्छ । स्वतन्त्र मिडिया लोकतन्त्रको आधार हो। तर भदौपछि धेरै सार्वजनिक बहसहरूमा पुराना दलहरूको गल्ती मात्र केन्द्रमा आयो; तिनको तर्क, योगदान, सुधारका प्रस्ताव र आत्मसमीक्षाको स्वर पर्याप्त रूपमा जनतासम्म पुगेन। नयाँ शक्तिको आलोचना गर्ने प्रश्नहरू कमजोर सुनिए। नयाँ नेतृत्वलाई आशाको प्रतीकका रूपमा प्रस्तुत गरियो। तर, त्यस आशाको नीतिगत आधार, सङ्गठनात्मक क्षमता, आर्थिक योजना, सङ्घीय संरचनाप्रतिको दृष्टिकोण, विदेश नीति, सामाजिक न्याय र संस्थागत प्रतिबद्धताको कुनै परीक्षण आवश्यक ठानिएन ।

लोकतन्त्रमा नयाँलाई पनि अवसर दिनुपर्छ,
तर अवसर परीक्षण र प्रश्नविहीन हुनु हुँदैन ।

निर्वाचनपछि आएको परिणामलाई त जनताको मनोविज्ञानको अभिव्यक्ति मानौँला। जनताले आक्रोश व्यक्त गरे, परिवर्तनको चाहना व्यक्त गरे, पुराना दललाई सजाय दिए, त्यो पनि मानौँला। नयाँ शक्तिलाई अवसर दिए र यो जनताको अधिकार हो भनेर पनि मानौँला। तर हामीले सोध्नैपर्छ— यो सजाय तथ्य, तुलना, नीति र शान्त विवेकबाट आएको हो कि भदौपछिको भ्रमबाट उत्पन्न भावनात्मक कम्पनबाट प्रभावित भएको हो? यदि दोस्रो पक्ष पनि सत्य हो भने त्यसलाई भन्नु जनताको अपमान होइन, लोकतान्त्रिक विश्लेषण हो।

चुनावमा परिणामपछि केही मानिसहरूले भने— जनताले फैसला गरिसके, अब प्रश्न गर्ने ठाउँ छैन। यो लोकतान्त्रिक सोच होइन। जनताले फैसला गर्छन्, तर दलहरूले त्यसको अर्थ खोज्छन्। निर्वाचन परिणाम अन्तिम अङ्क हो, तर राजनीतिक शिक्षा त्यसपछिको विश्लेषणबाट आउँछ। जनमतलाई सम्मान गर्ने दलले नै जनमत कसरी बन्यो भनेर अध्ययन गर्छ। किनभने अर्को चुनाव केवल मत गन्ने दिनबाट सुरु हुँदैन ।

अर्को चुनाव जनताको मन बुझेर, गल्ती सच्याएर, संवाद सुधारेर, सङ्गठन जगाएर, नीति स्पष्ट बनाएर, नयाँ विश्वास बनाएर जितिन्छ।

हाम्रो पराजयका आन्तरिक कारण पनि छन्। स्थानीय मुद्दालाई राष्ट्रिय मुद्दाले छोप्यो। युवासँग संवाद कमजोर रह्यो। महिलाको प्रश्न, रोजगारीको प्रश्न, साना व्यवसायीको पीडा, शिक्षा र स्वास्थ्यको प्रश्न, सुशासनको आक्रोश— यी सबैलाई हामीले पर्याप्त जीवन्त भाषामा समेट्न सकेनौँ। सङ्गठन कतिपय ठाउँमा कागजमा बलियो थियो, मैदानमा थकित थियो। प्रचार शैली पुरानो थियो। डिजिटल जवाफ ढिलो थियो। प्रतिरक्षा बढी भयो, आशा निर्माण कम भयो।

यो सबै स्वीकार नगरी हामी भविष्य बनाउन सक्दैनौँ।
तर आन्तरिक कमजोरी स्वीकार गर्दा बाह्य वातावरणको असमानता बिर्सन मिल्दैन।

एमालेले चुनाव हाऱ्यो शक्ति र संगठन अरुभन्दा कमजोर भएर होइन, तर वातावरण असामान्य थियो। हामीले कतिपय गल्ती गऱ्यौं होला, तर समाजमा हाम्रो कुरा सुन्ने ठाउँ पनि सङ्कुचित बनाइएको थियो।

नेपालमा हामीले युवाको भाषा बोल्न हामीले नै सुरु गरेका थियौं तर त्यो सत्य अपहरण गरेर युवालाई हाम्रो कुरा सुन्नै मन नपर्ने मनोविज्ञान निर्माण गरिएको थियो। हामीले हामीमाथिको नैतिक आक्रमणको पर्याप्त ठोस जवाफ समयमै दिएनौँ होला, तर आरोपलाई प्रमाणभन्दा शक्तिशाली बनाउने डिजिटल वातावरण पनि थियो।

यी सबै पक्षलाई सँगै हेर्नुपर्छ।

यसैले यस निर्वाचनलाई हामीले दुई वाक्यमा समेट्नुपर्छ— मत वैध छ, वातावरण असमान थियो। जनादेश सम्माननीय छ, जनादेश निर्माणको प्रक्रिया अध्ययनयोग्य छ। परिणाम स्वीकारेका छौं, तर त्यसले लोकतन्त्रको स्वास्थ्यसम्बन्धी प्रश्न समाप्त गर्दैन। हार हाम्रो हो, तर यस हारको अर्थ केवल एमालेको कमजोरी होइन; मूलतः नेपाली लोकतन्त्रमा प्रयोग भएको भूराजनीति एवं भ्रममा आधारित भावनात्मक राजनीति, डिजिटल प्रभाव, संस्थाविरोधी कथा र पुराना दलप्रति खडा गरिएको गहिरो अविश्वासको सङ्केत पनि हो।

सत्तारूढ दलले पनि यो कुरा बुझ्नुपर्छ। आज जुन वातावरणले उसलाई लाभ दिएको छ, भोलि त्यही वातावरण उसको विरुद्ध पनि उभिन सक्छ। यदि चुनाव तथ्य, नीति र संस्थागत बहसभन्दा भावनात्मक लहरमा निर्भर भयो भने कुनै पनि सरकार दीर्घकालीन भरोसामा टिक्दैन। आजको लोकप्रियता भोलिको आक्रोशमा बदलिन समय लाग्दैन।

त्यसैले सत्तामा रहेको शक्तिले पनि चुनावी नतिजालाई स्थायी अनुमोदन होइन, जिम्मेवारीको कठिन परीक्षा ठान्नुपर्छ ।

## ६. पार्टीको हारका पछाडिका कारण: बाह्य प्रहारसँगै आन्तरिक कमजोरी पनि

हाम्रो हारको कारणलाई एक वाक्यमा समेट्नु सजिलो छ, तर त्यो सत्य नहुन सक्छ । हार कहिल्यै केवल एक व्यक्तिको गल्तीबाट मात्र आउँदैन, न त केवल बाहिरका शक्तिको आक्रमणबाट मात्र आउँछ । एउटा प्रसङ्ग फेरि दोहोर्याऊँ— राजनीति जीवित शरीरजस्तै हो । शरीर बिरामी हुँदा एउटा मात्र अङ्गको दोष हुँदैन । रक्तसञ्चार, स्नायु, प्रतिरक्षा, आहार, वातावरण, थकान, सङ्क्रमण— सबै जोडिन्छन् । पार्टी पनि त्यस्तै हो । नेतृत्व, सङ्गठन, विचार, जनसम्पर्क, सञ्चार, उम्मेदवार, शासन शैली, सामाजिक मनोविज्ञान, बाह्य वातावरण— सबै मिलेर विजय वा पराजय निर्माण गर्छन् । त्यसैले हाम्रो हारलाई वैज्ञानिक, दार्शनिक र राजनीतिक दृष्टिले हेर्नुपर्छ ।

केवल दोष थोपरेर उपचार हुँदैन ।
कारण बुझ्ने हो भने पुनर्जागरण सम्भव हुन्छ ।

पहिलो कुरा स्पष्ट छ, बाह्य प्रहार थियो । यहाँ बाह्य भन्नाले केवल देशबाहिरका शक्ति मात्र बुझ्नु हुँदैन । पार्टीबाहिरका राजनीतिक प्रतिस्पर्धी, स्वार्थ समूह, डिजिटल अभियानकर्ता, पुराना असन्तोषलाई राजनीतिक अवसरमा बदल्न खोज्ने समूह, राज्यसत्ताबाट लाभ खोज्ने नेटवर्क, मिडियाको एकपक्षीय प्रवाह, र सामाजिक सञ्जालमा तयार गरिएको झुटो भावनात्मक कथा— यी सबै बाह्य प्रहारका रूप थिए । भदौपछि बनेको वातावरणमा एमाले केवल अर्को दलसँग प्रतिस्पर्धा गरिरहेको थिएन; एमाले एउटा तयार पारिएको मनोवैज्ञानिक वातावरणसँग समेत प्रतिस्पर्धा गरिरहेको थियो । त्यो वातावरणमा 'पुराना दल भनेको समस्या, पुरानो नेतृत्व भनेको भ्रष्टाचार, र एमाले भनेको प्रतिरोध गर्नैपर्ने शक्ति हो' भन्ने कथा बलियो बनाइएको थियो ।

हामीले राष्ट्रिय अग्रगतिको वैज्ञानिक र व्यवहारिक मोडल अगाडि सारेका थियौं । देशमा समस्या थिए, दशकौं र शताब्दिऔंदेखि छिप्पिएका समस्या थिए, आर्थिक, राजनीति, सामाजिक र सांस्कृतिक समस्याहरु थिए र जनता पीडामा पनि थिए । तर हामीले तिनको समाधानका लागि सुशासन र विकास एवं सामाजिक न्याय र

समानताको क्षेत्रमा असाधारण कदमहरु चालेका थियौं । जसबाट जनतामा आशा र भरोसा पलाएको थियो र जनता खुशी थिए। तर विरोधी र विपक्षीहरुले जनतामा असन्तुष्टि र आक्रोश छ भन्ने हल्ला र भ्रम फैलाए र साँच्चै हाम्रो लोकप्रियता घटाउने तहसम्म पुऱ्याए र त्यसको जिम्मा एउटै अनुहारमाथि थोपर्ने प्रयास गरे।

यो राजनीतिक रूपमा प्रभावकारी थियो,
तर सत्यको हिसाबले ठीक उल्टो थियो।

दोस्रो, डिजिटल चरित्रहत्याको प्रभाव ठूलो थियो। पहिले राजनीतिक आरोप संसद्, सभा, पत्रिका वा रेडियोबाट फैलाइन्थ्यो। तिनको गति सीमित थियो। आज एक झुट, एक काटिएको छोटो भिडियो, एक उत्तेजक शीर्षक, एक अपुष्ट आरोप, एक भावनात्मक पोस्ट केही घण्टामै लाखौँ मानिससम्म पुग्छ। विज्ञानको भाषामा यसलाई सूचना सङ्क्रमण भन्न सकिन्छ। जसरी भाइरस शरीरमा छिरेपछि शरीरको प्रतिरक्षा प्रणाली कमजोर छ भने छिटो फैलिन्छ, त्यसरी नै अपुष्ट सूचना समाजमा छिरेपछि तथ्य जाँच्ने नागरिक क्षमता कमजोर छ भने त्यो छिटो फैलिन्छ।

हाम्रा तथ्य ढिलो पुगे।
हाम्रो स्पष्टीकरण जनताको मोबाइलमा पुग्दा धेरैको मनमा आरोप बसिसकेको थियो।

ममाथि लगाइएका आरोपहरूलाई पनि यसै सन्दर्भमा बुझ्नुपर्छ। ओम्नी, यति, पशुपतिको जलहरी, भुटानी शरणार्थी, वाइडबडी, गिरीबन्धु, कम्बोडिया, स्विस बैंक— यस्ता धेरै झुटा आरोपहरु पटक-पटक उठाइए। सामाजिक सञ्जालको राजनीतिक भाषामा आरोप नै फैसला बन्छ (गौरीबहादुर कार्की आयोगको प्रतिवेदन जस्तै) छानबिनअघि नै सजाय सुनाइन्छ। अदालतभन्दा पहिले ट्रोलले निर्णय गर्छ। तथ्यभन्दा पहिले क्रोध पुग्छ। यही वातावरणले पार्टीलाई र मलाई रक्षात्मक अवस्थामा धकेल्यो।

तर यहाँ पनि हामीले सावधानीपूर्वक बोल्नुपर्छ। आरोप उठ्नु आफैँमा प्रहार मात्र हो भन्ने होइन। लोकतन्त्रमा आरोप उठ्छन्, छानबिन हुनुपर्छ, सार्वजनिक पदमा बसेका मानिसले प्रश्नको जवाफ दिनुपर्छ। म यो सिद्धान्तबाट भाग्दिनँ। तर आरोप र अभियोगबिच फरक हुन्छ। प्रश्न र चरित्रहत्या फरक हुन्छ। छानबिनको माग र षडयन्त्रपूर्ण पूर्वनिर्धारित दोषारोपण फरक हुन्छ। जब कुनै विषयमा तथ्य, कानुन, निर्णय प्रक्रिया र जिम्मेवारीका

तहहरू हेर्नुभन्दा पहिले नै व्यक्तिलाई खलनायक बनाइन्छ, तब त्यो पारदर्शिताको अभियान मात्र रहँदैन, राजनीतिक आक्रमणको औजार बन्छ।

हामीमाथि प्रहार किन भयो? यसको उत्तर खोज्नु अति आवश्यक छ। कुनै पनि सङ्गठनमा नेतृत्व प्रतीक हुन्छ। विज्ञानमा नेटवर्क सिद्धान्तले भन्छ— कुनै प्रणालीमा केही नोडहरू बढी जोडिएका हुन्छन्; ती नोड हटे वा कमजोर भए भने सम्पूर्ण नेटवर्कको प्रवाह कमजोर हुन्छ। एमालेको सङ्गठनात्मक नेटवर्कमा अध्यक्ष केवल पदाधिकारी होइन; विचार, इतिहास, सङ्घर्ष, कार्यकर्ताको  मनोबल, राष्ट्रिय अडान र चुनावी परिचालनको केन्द्रबिन्दु थियो। त्यसैले ममाथि प्रहार गर्नु केवल एक व्यक्तिमाथि प्रहार गर्नु थिएन; एमालेको आत्मविश्वासमाथि प्रहार गर्नु थियो, कार्यकर्ताको मनोबलमाथि प्रहार गर्नु थियो, पार्टीको राष्ट्रिय कथा कमजोर बनाउनु थियो।

पूर्वीय शास्त्रमा राज्यलाई सप्ताङ्ग भनिएको छ: स्वामी, अमात्य, जनपद, दुर्ग, कोष, दण्ड र मित्र। आधुनिक लोकतन्त्रमा यसलाई फरक भाषामा बुझ्न सकिन्छ: नेतृत्व, संस्था, जनता, सङ्गठन, स्रोत, प्रशासन र गठबन्धन। यीमध्ये नेतृत्वमा अविश्वास पैदा भयो भने बाँकी अङ्ग पनि अस्थिर हुन्छन्। त्यसैले कुनै पनि राजनीतिक शक्ति कमजोर पार्न चाहनेहरू पहिले नेतृत्वको नैतिक छवि भत्काउन खोज्छन्। किनभने नेतृत्वको छवि कमजोर भयो भने सङ्गठनको आदेश कमजोर हुन्छ, कार्यकर्ताको आत्मबल कमजोर हुन्छ, जनताको भरोसा कमजोर हुन्छ, र विरोधीको कथा बलियो हुन्छ।

प्रहारको अर्को कारण राष्ट्रिय अडान पनि थियो। नेपालको राजनीतिमा जो व्यक्ति स्थिरता, स्वाधीनता, भूराजनीतिक सन्तुलन, संविधानवाद, वामपन्थी लोकतान्त्रिक शक्ति र सङ्गठित दलको पक्षमा दृढ उभिन्छ, ऊ धेरैलाई असुविधाजनक हुन्छ। यस्तो नेतृत्वलाई हटाउन चाहनेहरू सधैँ एकै रङका हुँदैनन्। कोही वैचारिक प्रतिस्पर्धी हुन्छन्, कोही व्यक्तिगत महत्त्वाकाङ्क्षाले प्रेरित हुन्छन्, कोही स्वार्थ समूहका नजिक हुन्छन्, कोही बाह्य चासोको असरमा पर्छन्, कोही केवल लोकप्रिय लहरमा आफ्नो स्थान खोज्छन्। यी सबैको साझा बिन्दु एउटै भयो— 'ओली कमजोर भए एमाले कमजोर हुन्छ, एमाले कमजोर भए पुरानो शक्ति सन्तुलन बदलिन्छ।'

यसरी बाह्य प्रहार प्रमुख कारण त थियो नै तर बाह्य प्रहार मात्र हारको कारण थियो भन्नु आत्मसान्त्वना हुनेछ।

आन्तरिक कमजोरी पनि गम्भीर थिए।

**पहिलो हाम्रो व्यवहारमा रहेका कमी-कमजोरीहरु नै हुन्।** हाम्रो सङ्गठन ठूलो छ, तर धेरै ठाउँमा जनताको दैनिक जीवनसँग हाम्रो सम्बन्ध पातलो भयो। पार्टीका नेता र जनप्रतिनिधि जनताको घर, खेत, कारखाना, विद्यालय, अस्पताल, बजार, सहकारी र युवाको डिजिटल संसारमा नियमित रूपमा उपस्थित हुन सकेनन्। किसानले मूल्य नपाउँदा त्यहाँ हाम्रो कमिटी कति पुग्यो? साना व्यापारी कर र भाडाले थिचिँदा हाम्रो नेतृत्व कति पुग्यो? विदेश जान लाइनमा बसेका युवासँग हामीले कति संवाद गर्यौं? शिक्षक, स्वास्थ्यकर्मी, मजदुर, महिला, विद्यार्थी, वृद्ध, अपाङ्गता भएका नागरिक, भूमिहीन, सुकुम्बासी— उनीहरूको पीडा हाम्रो राजनीतिक भाषामा पर्याप्त आयो कि आएन?

यी प्रश्न हामीले आफैँलाई सोध्नुपर्छ।

**दोस्रो कमजोरी युवासँगको संवाद थियो।** नयाँ पुस्ता इतिहासबाट सम्मानित हुन्छ, तर भविष्यबाट प्रेरित हुन्छ। उनीहरू २०४६, २०६२/६३, संविधान निर्माण, नाकाबन्दीको सामना, विकासका योजनाहरू— यी सबै कुरा सुन्छन्। तर उनीहरूको पहिलो प्रश्न हुन्छ— 'मेरो काम कहाँ छ? मेरो उद्यम कसरी सुरु हुन्छ? मेरो शिक्षा विश्वस्तरको किन छैन? मेरो पासपोर्ट नै मेरो भविष्य किन बन्यो? मेरो आवाज पार्टीभित्र कहाँ छ?'

हामीले इतिहासको गौरव सुनायौं, भविष्यको ठोस नक्सा पनि बतायौं तर युवाकै भाषामा, उनीहरुकै गतिमा र सुन्नेगरी दिन सकेनौँ।

यही खाली ठाउँलाई अरूले आक्रोश, व्यङ्ग्य र नयाँपनको भाषाबाट भरिदिए।

**तेस्रो कमजोरी सञ्चार शैलीमा थियो।** विरोधीको आरोप सरल, तर हाम्रो सत्य जटिल हुनपुग्यो। सरल आरोप जनताको मनमा छिटो बस्छ, जटिल स्पष्टीकरण सुन्न धैर्य चाहिन्छ। आधुनिक राजनीति केवल सही हुनु होइन; सही कुरालाई सही समयमा, सही भाषामा, सही माध्यमबाट पुर्याउनु पनि हो। हामी तथ्य लिएर धेरैपटक ढिलो पुग्यौँ। हामीले डिजिटल मञ्चलाई पूरक साधन ठान्यौँ, जबकि नयाँ पुस्ताका लागि त्यही मुख्य राजनीतिक चौतारो भइसकेको थियो।

हामीले सभाको भाषालाई मोबाइलको भाषामा बदल्न एकदमै ढिलो गर्यौँ।

**चौथो कमजोरी सङ्गठनात्मक निष्क्रियता थियो ।** एमालेको कमिटी संरचना विस्तृत छ, सदस्य सङ्ख्या ठूलो छ। तर ठूलो संरचना चलायमान नभए भार बन्छ। जीवविज्ञानमा शरीर ठूलो भएर पनि स्नायु सुस्त भयो भने प्रतिक्रिया ढिलो हुन्छ। पार्टीमा पनि यही भयो। कतिपय कमिटीहरू नाममा थिए, काममा थिएनन्। सदस्यता थियो, सक्रिय सम्पर्क थिएन। जनवर्गीय सङ्गठन थिए, तर समाजका आफू सम्बन्धित वास्तविक प्रश्नमा निरन्तर हस्तक्षेप कमजोर थियो। चुनाव नजिक आएपछि चल्ने सङ्गठन र वर्षभरि जनतासँग बस्ने सङ्गठन फरक हुन्छ।

हामीले दोस्रो प्रकारको सङ्गठन बनाउने काम अधुरो छोड्यौँ।
सङ्गठनहरू चुनाव आएपछि पनि आवश्यक मात्रामा गतिशील हुन सकेनन्।

**पाँचौँ कमजोरी आन्तरिक असन्तोषको व्यवस्थापन थियो।** पार्टी ठूलो भएपछि आकाङ्क्षा पनि ठूलो हुन्छ। अझ पार्टी सरकारमा जाने र लाभका अवसरहरु उपलब्ध हुने स्थितिमा व्यक्तिका स्वार्थहरु पनि झाँगिएर आउँछन्। जिम्मेवारी बाँडफाँट, अवसर, निर्णय प्रक्रिया, उम्मेदवार छनोट, पदोन्नति, मूल्याङ्कन— यी सबै विषयमा असन्तोष जन्मिन्छ। असन्तोषलाई समयमा सुन्ने, संवाद गर्ने, तथ्यमा आधारित निर्णय दिने, असहमतिलाई पार्टीभित्रै सम्मानपूर्वक स्थान दिने संस्कृति अझ बलियो हुनुपर्छ। यदि असन्तोष भित्र सुन्ने व्यवस्था कमजोर भयो भने त्यो बाहिर विस्फोट हुन्छ। सबै संगठन र सबै कमिटीहरुले यी कुराहरुमा ध्यान दिनु आवश्यक छ।

बाहिर विस्फोट भएपछि त्यसलाई विरोधीले प्रमाणका रूपमा प्रयोग गर्छन्,
पार्टीभित्रै असन्तुष्ट आवाजलाई बाह्य प्रहारको सहायक बनाउँछन्।

**छैटौँ कमजोरी प्रशासनिक व्यवहारमा यथेष्ट सुधार ल्याउन नसक्नु शासन शैली थियो।** सरकारमा हुँदा राम्रो नीति पर्याप्त हुँदैन, जनताले परिणाम महसुस गर्नुपर्छ। ठूला सडक, पूर्वाधार, रणनीतिक सम्झौता, दीर्घकालीन कार्यक्रम— यी सबै आवश्यक छन् र हामीले ठूलो उपलब्धिहरु हासिल गर्‍यौं। तर नागरिकको दैनिक जीवनमा सेवा, गति, सम्मान र सरलता नआए सरकारको उपलब्धि कागजमा सीमित भए सरह हुन्छ। जनताको अनुभवमा सरकार अस्पतालको लाइन हो, मालपोतको झ्याल हो, प्रहरी चौकीको व्यवहार हो, विद्यालयको गुणस्तर हो, किसानको अनुदान हो, युवाको रोजगार फारम हो, साना व्यवसायीको कर कार्यालय हो। यी कुराहरुमा हामीले ठूल्ठूला सुधारहरु गरेपनि जनअपेक्षाअनुरुप पर्याप्त सुधार हुन सकेन।

यदि यी ठाउँमा सुधारको अनुभूति कमजोर भयो भने
ठूलो उपलब्धि पनि जनताको मनमा कमजोर पर्छ।

**सातौँ कमजोरी नैतिक प्रतिरक्षामा थियो।** राजनीति केवल कानुनी सफाइले चल्दैन, नैतिक विश्वासले पनि चल्छ। कुनै आरोप कानुनी रूपमा असत्य हुन सक्छ, तर जनताको मनमा शङ्का बसेको हुन सक्छ। त्यसैले आरोप उठ्दा केवल प्रतिवाद होइन; पारदर्शी प्रक्रिया, सार्वजनिक उत्तर, छानबिनमा सहयोग र जनतालाई बुझ्ने भाषा चाहिन्छ। गोयबेल्सी, झुट हावी भएको यस जमानामा प्रचारको नगरा कसले चर्को बजाउँछ भन्ने कुराको ठूलो महत्व छ। हामीले धेरै ठाउँमा आरोपलाई राजनीतिक षड्यन्त्र भनेर हल्का रुपमा लियौं तर जनताको मनमा रहेको शङ्का हटाउन पर्याप्त मेहनत गरेनौँ।

सत्य आफ्नै बलले जित्छ भन्ने विश्वास हामीले गर्‍यौं
तर आधुनिक सूचना युगमा सत्यलाई पनि सङ्गठन चाहिने रहेछ।

**आठौँ कमजोरी स्थानीय नेतृत्व र केन्द्रीय नेतृत्वबिचको दूरी थियो।** केन्द्रले राष्ट्रिय कथा बनायो, तर स्थानीय स्तरमा जनताको मुद्दा फरक थियो। कुनै ठाउँमा खानेपानी मुख्य थियो, कुनै ठाउँमा सडक, कुनै ठाउँमा बाढी, कुनै ठाउँमा जग्गा, कुनै ठाउँमा रोजगार, कुनै ठाउँमा विद्यालय, कुनै ठाउँमा अस्पताल, कुनै ठाउँमा स्थानीय नेताको व्यवहार। राष्ट्रिय भाषणले स्थानीय पीडा छोप्न सक्दैन। चुनाव स्थानीय मनोविज्ञानको पनि योगफल हो।

हामीले कतिपय ठाउँमा स्थानीय मागलाई केन्द्रीय उपलब्धिको भाषाले जवाफ दिन खोज्यौँ। यो पर्याप्त भएन।

**नवौँ कमजोरी उम्मेदवार छनोट र मूल्याङ्कन प्रणालीमा थियो।** जनताले अब केवल पार्टीको झण्डा हेरेर मत दिँदैनन्। उनीहरूले व्यक्ति, व्यवहार, पहुँच, इमान, कामको रेकर्ड, सार्वजनिक छवि र भविष्यको क्षमता हेर्छन्। पार्टीको योगदान महत्त्वपूर्ण छ, तर उम्मेदवारको सामाजिक विश्वास पनि त्यत्तिकै महत्त्वपूर्ण छ। पार्टीको पद ओहदा हेरेर एवं अन्य कतिपय अवाञ्छित प्रभावमा हुने सिफारिस संगठनात्मक तह र पहुँच हेरेर निर्णय हुनुपर्ने जस्ता कुराले पनि नतिजामा फरक पर्छ भन्ने बुझ्न जरुरी छ।

लेनदेन, चलखेलमा सिफारिस भनेजस्तो नभए अन्तरघातजस्ता कुराले त पार्टीलाई निर्णायक क्षति नै पुर्‍याउने भए।

**दशौँ कमजोरी वैचारिक भाषाको अद्यावधिक नहुनु थियो।** एमालेको विचार बलियो छ। जनताको बहुदलीय जनवाद, समृद्ध नेपाल सुखी नेपाली, परिपूर्ण लोकतन्त्र, सामाजिक न्याय, राष्ट्रिय स्वाधीनता, उत्पादन, सुशासन र समृद्धि, लोकतान्त्रिक प्रतिस्पर्धा— यी कुरा आज पनि अर्थपूर्ण छन्। तर विचारलाई नयाँ समयको भाषामा अनुवाद र विस्तार गर्नुपर्छ। कृत्रिम बुद्धिमत्ता, डिजिटल अर्थतन्त्र, जलवायु सङ्कट, वैदेशिक श्रम, सहरी गरिबी, 'गिग' अर्थतन्त्र (Gig Economy), शिक्षा बजार, मानसिक स्वास्थ्य, महिला सुरक्षा, लैङ्गिक सम्मान, युवा उद्यम— यी सबै आजका राजनीतिक प्रश्न हुन्।

हामीले सिद्धान्त राख्यौँ,<br>
तर त्यसको नयाँ जीवनसँगको सम्बन्ध पर्याप्त स्पष्ट गर्न सकेनौँ।<br>
जे जति गर्‍यौं त्यसलाई अल्गोरिदमले खाइदियो।

हारको कारण बुझ्न दर्शनले धेरै सहयोग गर्छ। मनुष्य आफ्नो गल्ती बाहिर देख्न सजिलो मान्छ, भित्र हेर्न कठिन मान्छ। उपनिषद्का अनुसार, आत्मदर्शनबिना मुक्ति हुँदैन। पार्टीका लागि पनि आत्मदर्शन अनिवार्य छ। बाह्य प्रहार वास्तविक थियो, तर हाम्रो कमजोरी नभएको भए प्रहार त्यति प्रभावकारी हुने थिएन। रोगप्रतिरोधक शक्ति बलियो भएको शरीरमा सङ्क्रमण सजिलै फैलिँदैन। हाम्रो सङ्गठन, सञ्चार, जनसम्पर्क, नैतिक प्रतिरक्षा र युवा संवाद बलियो भएको भए बाह्य आक्रमणले यति गहिरो असर गर्ने थिएन।

तर आत्मदर्शन र आत्मसमीक्षा आत्मअपमान होइन।

आत्मसमीक्षा नेतृत्व ध्वस्त पार्ने अभ्यास होइन; आत्मसमीक्षा त नेतृत्वलाई अझ जिम्मेवार बनाउने प्रक्रिया हो। महाभारतले पनि युद्धको कारण एक व्यक्तिमा मात्र खोज्दैन। त्यहाँ अहंकार, मौनता, गलत सल्लाह, असन्तुलित महत्त्वाकाङ्क्षा, अपमान, समयमै संवाद नहुनुजस्ता धेरै कारण छन्। हाम्रो हार पनि त्यस्तै बहुकारणीय घटना हो। कसैले सबै दोष अध्यक्षको भन्छ भने ऊ सजिलो सिकार खोजिरहेको छ। कसैले सबै दोष कार्यकर्ताको भन्छ भने ऊ जिम्मेवारीबाट भागिरहेको छ। कसैले सबै दोष बाहिरी शक्तिको भन्छ भने ऊ आफ्नै कमजोरी ढाकिरहेको छ।

मेरो विचारमा सत्य यी तीनैको बिचमा छ। तर नेपाल विरोधी षडयन्त्र र प्रहारको हामीले सामना गर्न नसक्नु नै यस हारको मुख्य कारण हो।

दशौँ राष्ट्रिय महाधिवेशनको मूल नारालाई एकचोटि स्मरण गरौँ:

**दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई पराजित गरौँ, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौँ।**

बैठकमा आए पनि भयो, नआए पनि भयो। जिम्मेवारी के हो सोधे पनि भयो, नसोधे/नगरे पनि भयो; आर्थिक, सामाजिक, सांस्कृतिक, नैतिक मूल्य-मान्यतामा अडिए पनि भयो, नरहे पनि। बैठकदेखि बैठकसम्मको उपस्थितिलाई पार्टी काम मान्ने र घत लागेको कुरा मनलागेको ठाउँमा बोल्नेलाई आन्तरिक 'लोकतन्त्र' भन्ने प्रवृत्ति झाँगिएको छ। यसले पार्टी-अनुशासनको धज्जी उडाएको छ र अराजकता फैलाएको छ। सारमा: दशौँ राष्ट्रिय महाधिवेशनको मूल नाराको पालना नै भएन।

सङ्गठनको विस्तृतीकरण त भयो, तर शुद्धीकरण र सुदृढीकरण भएन।

अब प्रश्न आउँछ— किन केही आन्तरिक आवाजहरू पनि बाह्य प्रहारसँग मिल्दोजुल्दो सुनिए? यसको उत्तर कठोर तर आवश्यक छ। पार्टीभित्र असन्तोष हुन्छ, यो स्वाभाविक हो। तर असन्तोषलाई पार्टी सुधारको ऊर्जा बनाउने कि सार्वजनिक आक्रमणको गोला बनाउने— यही नै नेतृत्व संस्कारको परीक्षा हो। जब पार्टीमाथि बाहिरबाट तीव्र हमला भइरहेको हुन्छ, त्यसबेला भित्रका असन्तोषलाई विवेकपूर्ण ढङ्गले उठाउनुपर्छ। सार्वजनिक रूपमा पार्टीलाई कमजोर पार्ने, विपक्षीलाई प्रसन्न पार्ने, कार्यकर्ताको मनोबल तोड्ने, नेतृत्वको छवि ध्वस्त पार्ने शैली उपयुक्त होइन।

सुधार भित्रबाट पनि हुन सक्छ, कडा पनि हुन सक्छ,<br>तर त्यसको उद्देश्य पार्टी बलियो बनाउने हुनुपर्छ, पार्टीलाई लज्जित बनाउने होइन।

मलाई प्रहार गर्नेहरू सबै शत्रु थिए म भन्न सक्दिनँ। कतिपय इमानदार आलोचक पनि थिए, कतिपयले उनकै सोचअनुरुप साँच्चै रूपान्तरण चाहेका थिए, कति बुझेर, कति नबुझेर कतिपयले पुस्तान्तरणको प्रश्न उठाएका थिए, कतिपयले कार्यशैलीको समीक्षा मागेका थिए। ती आवाजहरू सुन्न म सधैँ आतुर छु। तर यही वैध असन्तोषभित्र अवसरवाद पनि मिसियो— व्यक्तिगत आकाङ्क्षा, पद नपाएको पीडा, पुराना हिसाब,

गुटको रणनीति, र बाह्य वातावरणले दिएको मौका... आदि। त्यसैले हामीले आलोचना र आक्रमण छुट्याउनुपर्छ।

आलोचना औषधि हो, आक्रमण विष हो।
औषधि तितो हुन सक्छ, तर रोग निको पार्छ।
विष मीठो पनि हुन सक्छ, तर शरीर जलाउँछ।
यसलाई पार्टीबाट टाढै राख्न सक्नु पर्छ।

पार्टीले हारलाई चार तहमा बुझ्नुपर्छ:

**पहिलो, बाह्य राजनीतिक आक्रमण:** जसमा भूराजनीतिक स्वार्थको खेल, डिजिटल चरित्रहत्या, आरोपको एकतर्फी प्रवाह, पुराना दलविरोधी कथा र नेतृत्वमाथि केन्द्रित प्रहार पर्छ।

**दोस्रो, संरचनात्मक असन्तोष:** जसमा बेरोजगारी, महँगी, भ्रष्टाचारप्रतिको आक्रोश र सेवा प्रवाहको प्रशासनिक कमजोरी पर्छ।

**तेस्रो, आन्तरिक कमजोरी:** जसमा जनतासँग दूरी, युवा संवादको कमी, सञ्चार कमजोरी, सङ्गठनात्मक सुस्ती, असन्तोष व्यवस्थापनको कमी र शासन शैलीको कमजोरी पर्छ।

**चौथो, चुनावी मनोविज्ञान र निर्वाचनमा असमान प्रतिस्पर्धा:** जसमा भदौपछिको भावनात्मक लहर, नयाँ शक्तिप्रतिको आकर्षण र पुराना दललाई सजाय दिने भाष्यको प्रभाव पर्छ।

मैले यस्तो विश्लेषण गरेर आफूलाई दोषमुक्त बनाउन खोजेको होइन। अध्यक्षका रूपमा मेरो जिम्मेवारी अरूभन्दा बढी छ। पार्टी कमजोर भयो भने अध्यक्ष जिम्मेवार हुन्छ, सङ्गठन सुस्त भयो भने अध्यक्ष जिम्मेवार हुन्छ, जनतासँग दूरी बढ्यो भने अध्यक्ष जिम्मेवार हुन्छ, आन्तरिक असन्तोष व्यवस्थापन कमजोर भयो भने अध्यक्ष जिम्मेवार हुन्छ, चुनावी तयारी पर्याप्त भएन भने अध्यक्ष जिम्मेवार हुन्छ। तर जिम्मेवारी लिनु र सम्पूर्ण दोष एक व्यक्तिमा थोपर्नु फरक कुरा हो। मेरो वास्तविक कमजोरी कसैले औल्याइ दियो भने म सधैं त्यसलाई खुशीसाथ स्वागत गर्छु र सच्याउन तत्पर हुन्छु।

अध्यक्ष जिम्मेवार हुन्छ, तर अध्यक्ष एक्लै हारको कारण होइन। प्रणाली, परिस्थिति, सङ्गठन, समाज, विपक्षी आक्रमण र आफ्नै कमजोरी— सबै कारण हुन्।

अब यसबाट निस्कने राजनीतिक शिक्षा के हो? हरेस खानु हुँदैन; उच्च मनोबलका साथ उठ्नु र अघि बढ्नुपर्छ। एमालेले जनतासँग पुनः जीवित सम्बन्ध बनाउनुपर्छ, युवासँग संवादको नयाँ भाषा बनाउनुपर्छ, डिजिटल सञ्चारलाई पार्टीको केन्द्रीय राजनीतिक कार्यभार बनाउनुपर्छ, आरोपको प्रतिवाद प्रतिक्रियात्मक होइन, प्रमाणसहित अग्रिम र नियमित हुनुपर्छ। सङ्गठनलाई सदस्यता सूचीबाट जनजीवनको स्थायी उपस्थिति बनाउनुपर्छ, आन्तरिक असन्तोषलाई संस्थाभित्रै राख्ने र त्यसरी राखिएका असन्तुष्टिलाई संस्थागत रूपमा सुन्ने प्रणाली बनाउनुपर्छ, शासनमा हुँदा जनताले महसुस गर्ने सेवा सुधारलाई पहिलो प्राथमिकता दिनुपर्छ, पार्टीभित्र नेतृत्व विकास, समावेशिता र जिम्मेवारी बाँडफाँटलाई पारदर्शी बनाउनुपर्छ।

हामीले यो पनि बुझ्नुपर्छ, पराजय अन्त्य होइन।

विज्ञानमा असफल प्रयोगले पनि ज्ञान दिन्छ। दर्शनमा पीडा पनि आत्मबोधको मार्ग हुन सक्छ। पूर्वीय परम्परामा पराजयपछि गरिएको तपस्यालाई नै पुनरागमनको आधार मानिन्छ। राजनीतिक इतिहासमा पनि धेरै दल पराजयबाट उठेका छन्— यदि उनीहरूले सत्यको सामना गरेका छन् भने। एमालेसँग विचार छ, सङ्गठन छ, इतिहास छ, कार्यकर्ता छन्, जनताको घरमा फर्किने क्षमता छ। तर पुरानो बलको भरमा नयाँ विजय आउँदैन। नयाँ विजयका लागि नयाँ विनम्रता, नयाँ शैली, नयाँ सञ्चार, नयाँ जनसम्पर्क, आन्तरिक एकता, नयाँ सङ्गठनात्मक अनुशासन र प्रयास चाहिन्छ।

यसैले हाम्रो निष्कर्ष स्पष्ट छ।

हार बाह्य प्रहारको मात्र परिणाम होइन, हार हाम्रो आन्तरिक कमजोरीको पनि परिणाम हो। तर हार अध्यक्षको व्यक्तिगत असफलता होइन। यो सिङ्गो पार्टी संरचना, समयको मनोविज्ञान, बाह्य वातावरण, डिजिटल आक्रमण, चुनावी अवस्था र हाम्रा सङ्गठनात्मक कमजोरीहरूको संयुक्त परिणाम हो। यदि हामीले सही निदान गर्यौँ भने उपचार सम्भव छ; यदि गलत निदान गर्यौँ भने औषधि पनि गलत हुनेछ।

म अध्यक्षका रूपमा आफ्नो भागको जिम्मेवारी स्वीकार गर्छु।

तर म यो पनि भन्छु— यो समय भाग्ने समय होइन, यो समय दोषारोपणमा हराउने समय होइन। यो समय एकताबद्ध भएर एमालेको प्रतिरक्षा प्रणाली पुनर्निर्माण गर्ने समय हो। हामीले जनताको पीडा सुन्नुपर्छ, युवासँग नयाँ सम्झौता गर्नुपर्छ, सङ्गठनलाई जगाउनुपर्छ, सत्यलाई छिटो र सरल बनाउनुपर्छ, आरोपको तथ्यगत जवाफ दिनुपर्छ, र पार्टीभित्रको असन्तोषलाई सुधारको ऊर्जा बनाउनुपर्छ।

यही बाटोबाट हार शिक्षा बन्छ।
शिक्षा रूपान्तरण बन्छ, रूपान्तरण पुनर्जागरण बन्छ।

## ७. सरकार र प्रतिशोधको राजनीति: नौ तथ्य

अहिलेको सरकारले आफूलाई नयाँ, स्वच्छ, निर्णायक र न्यायको पक्षधर शक्ति भनेर प्रस्तुत गरेको छ। तर 'नयाँ' हुनु न्यायभन्दा माथि हुनु होइन। 'लोकप्रिय' हुनु संविधानभन्दा माथि हुनु होइन। सरकार बनाउन पाएको अवसर प्रतिशोधको अनुमति होइन। सरकारको पहिलो परीक्षा उसको न्यायबोध हो। दोस्रो परीक्षा उसको संस्थागत मर्यादा हो। तेस्रो परीक्षा उसले पाएको शक्ति होइन, त्यो शक्ति कति संयमपूर्वक प्रयोग गर्छ भन्ने हो।

भदौका घटनाको छानबिन हुनुपर्छ। यो हाम्रो स्पष्ट अडान हो।

मृतकका परिवारले न्याय पाउनुपर्छ। घाइतेहरूले उपचार, सम्मान र सत्य पाउनुपर्छ। सुरक्षाकर्मीले के गरे, प्रशासनले कहाँ गल्ती गर्‍यो, राजनीतिक नेतृत्वले के निर्णय गर्‍यो, आदेशको शृङ्खला कस्तो थियो, अत्यधिक बल प्रयोग भयो कि भएन, यी सबै जाँचिनुपर्छ। राज्यको गोलीबाट नागरिक मरेको हो कि होइन, होइन भने कसको गोलीबाट मरे ? राज्यले जवाफ दिनैपर्छ। यसमा कुनै दोहोरो कुरा छैन। म छानबिनबाट भाग्दिनँ। म कानुनभन्दा माथि पनि छैन। तर म एउटा कुरा दृढतापूर्वक भन्छु:

छानबिन सत्य खोज्ने बाटो हुनुपर्छ,
राजनीतिक सफाया गर्ने हतियार होइन।

यहीँ, अहिलेको सरकारको व्यवहारमाथि गम्भीर प्रश्न उठ्छ। छानबिनको नाममा सबै पक्षको सत्य खोजिएको छ कि पहिले नै दोषी तोकेर कागजमा प्रक्रिया पुर्‍याइएको छ? मृतकको न्याय खोजिएको छ कि जनभावनालाई सन्तुष्ट पार्न केही नामहरूलाई दण्डको

प्रतीक बनाइएको छ? हिंसाको सम्पूर्ण शृङ्खला हेरिएको छ कि केवल पहिलो दिनको बल प्रयोगलाई राजनीतिक नेतृत्वमाथि केन्द्रित गरेर दोस्रो दिनको हिंसा, आगजनी, तोडफोड, प्रहरीमाथिको आक्रमण, संसद् जलाउने कार्य, डिजिटल उक्साहट र शक्ति रिक्तता सिर्जना गर्ने प्रक्रियालाई ओझेलमा पारिएको छ?

यी प्रश्नहरू व्यक्तिगत बचाउका लागि होइनन्।
न्यायको पूर्णताका लागि हुन्।

**पहिलो तथ्य,** भदौका घटनापछि गठन गरिएको आयोगले मृतक, घाइते, सरकारी बल प्रयोग र सार्वजनिक सम्पत्तिमा भएको क्षतिबारे छानबिन गरेको भनियो। यो आवश्यक थियो। तर आयोगको प्रतिवेदन सार्वजनिक हुनुअघि नै त्यसका अंश, निष्कर्ष र सिफारिसहरू राजनीतिक वातावरणमा फैलिन थाले। न्यायको सिद्धान्तले भन्छ— प्रतिवेदन सार्वजनिक हुनुपर्छ। आरोपित पक्षले पूर्ण प्रतिवेदन पढ्न पाउनुपर्छ। प्रमाणको सामना गर्न पाउनुपर्छ। आफ्नो प्रतिवाद राख्न पाउनुपर्छ। त्यसपछि मात्र कानुनी प्रक्रिया अघि बढ्नुपर्छ। प्रतिवेदन नखोली निष्कर्ष फैलाउनु, निष्कर्ष फैलाएर जनमत तताउनु, अनि त्यही जनमतलाई कारबाहीको आधार बनाउनु— यो न्यायको शान्त प्रक्रिया होइन।

यो राजनीतिक दबाबमा चलाइएको प्रक्रिया हो।

**दोस्रो तथ्य,** आयोगले पूर्वप्रधानमन्त्री, पूर्वगृहन्त्री र सुरक्षा अधिकारीहरूलाई केन्द्रमा राखेर जिम्मेवारी खोज्यो। तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई बोलाउने, सोधपुछ गर्ने, अनि त्यसपछि कारबाहीको वातावरण बनाउने प्रक्रिया असामान्य राजनीतिक वातावरणमा अघि बढ्यो। छानबिनको उद्देश्य सत्य पत्ता लगाउनु हो भने प्रश्न सबैलाई सोधिनुपर्छ। न्यायशास्त्रको सामान्य सिद्धान्त हो— घटना जति जटिल हुन्छ, छानबिन त्यति व्यापक हुनुपर्छ। भदौको घटना अत्यन्त जटिल थियो। त्यहाँ राज्य थियो, प्रदर्शनकारी थिए, हिंसात्मक समूहहरू थिए, डिजिटल नेटवर्क थियो, राजनीतिक अवसरवाद थियो, सुरक्षा असफलता थियो, विदेशी चासो थियो, र सत्ता रिक्तताको असाधारण गति थियो।

यस्तो घटनालाई केवल सत्तामा को थियो भन्ने एकरेखीय प्रश्नमा सीमित गर्नु अपर्याप्त छ।

**तेस्रो तथ्य,** राहदानी (पासपोर्ट) रोक्काको सिफारिस आयो। पूर्वप्रधानमन्त्री, पूर्वगृहमन्त्री र अरू व्यक्तिहरूको आवागमन सीमित गर्ने कुरा उठ्यो। न्यायिक प्रक्रियामा कहिलेकाहीँ यस्तो उपाय आवश्यक हुन सक्छ। तर त्यसका लागि ठोस आधार चाहिन्छ— भाग्ने जोखिम छ कि छैन, प्रमाण नष्ट गर्ने सम्भावना छ कि छैन, अनुसन्धानमा असहयोग भएको छ कि छैन, यी प्रश्न हेरिनुपर्छ। म सार्वजनिक राजनीतिक जीवनमा रहेको व्यक्ति हुँ। देश छोडेर भाग्ने मेरो इतिहास छैन, मनसाय छैन, आवश्यकता छैन। मैले जेल भोगेको छु, सङ्घर्ष भोगेको छु, तर देश छोडेर भाग्ने बाटो कहिल्यै रोजेको छैन।

यस्तो व्यक्तिमाथि प्रारम्भमै यस्तो कठोर सङ्केत दिनु अनुसन्धानको आवश्यकताभन्दा बढी राजनीतिक प्रतिशोध र अपमानको सङ्केत हो।

**चौथो तथ्य,** नयाँ सरकार गठन भएपछि कारबाहीको गति तीव्र देखियो। तर सत्ता सम्हालेको तुरुन्तै राजनीतिक प्रतिद्वन्द्वीका रूपमा रहेका पूर्वप्रधानमन्त्रीलाई लक्षित कारबाही अघि बढ्दा प्रश्न उठ्छ— यो न्याय हो कि विजय-उन्माद हो? लोकतन्त्रमा सत्तामा आउनु भनेको आफ्ना विरोधीलाई कठघरामा राख्ने अवसर होइन। सत्तामा आउनु भनेको आफूलाई पनि विधिको नियन्त्रणमा राख्ने जिम्मेवारी हो।

यदि नयाँ सरकारको पहिलो ठूलो सङ्केत पुराना प्रतिद्वन्द्वीलाई कठोर कारबाही हो भने त्यसले लोकतन्त्रमा प्रतिशोधको संस्कृति बलियो बनाउँछ।

**पाँचौँ तथ्य,** गिरफ्तार गर्ने प्रक्रिया आफैँमा राजनीतिक सन्देश बन्यो। गिरफ्तारी कहिले आवश्यक हुन्छ? जब अदालतले दोषी करार गरी सजाय तोकेको हुन्छ, अभियुक्त भाग्ने सम्भावना हुन्छ, अनुसन्धानमा बाधा पुर्याउने सम्भावना हुन्छ, वा गम्भीर कानुनी आधार तत्काल लागू गर्नुपर्ने हुन्छ। तर पूर्वप्रधानमन्त्रीजस्तो सार्वजनिक व्यक्तित्व— जो देशभित्रै छ, जसले छानबिनबाट नभाग्ने भनिरहेको छ, जसको राजनीतिक ठेगाना सबैलाई थाहा छ— उसलाई पक्राउ गरेर सार्वजनिक दृश्य बनाउनु अनुसन्धानको आवश्यकताभन्दा बढी चयनात्मक दण्ड हो। न्यायालयले दोषी ठहर्याउनुअघि नै गिरफ्तारीको दृश्यले समाजमा दोषीको छवि बनाउँछ। यही नै आधुनिक प्रतिशोधको खतरनाक रूप हो।

सफाइ अदालतबाट पछि आउँछ, तर सार्वजनिक अपमान र सजाय पहिले दिइन्छ।

**छैटौँ तथ्य,** आयोगका निष्कर्षहरूमा पहिलो दिनको बल प्रयोगलाई जोड दिइयो, तर दोस्रो दिनको हिंसा र त्यसको राजनीतिक अर्थ पर्याप्त रूपमा उजागर भएन। यो सानो

कुरा होइन। यदि दुई दिनको घटनामा पहिलो दिनको गोली र दोस्रो दिनको आगजनी दुवै छन् भने छानबिनले दुवैलाई समान गम्भीरताका साथ हेर्नुपर्छ। नागरिक मृत्युको पीडा कम हुँदैन, तर घर जल्दा पनि मृत्युभएको छ, प्रहरीको पनि मृत्युभएको छ र कैदीवन्दीहरुको पनि मृत्युभएको छ। संसद् जलाउने कार्य पनि लोकतन्त्रको मृत्युको सङ्केत हो। प्रहरीमाथि आक्रमण पनि राज्यको सुरक्षा संरचनामाथिको प्रहार हो। नेताहरूका घरमा आगो लगाउनु पनि राजनीतिक हिंसाको संस्थागत रूप हो।

यदि यी पक्षहरू छानबिनको केन्द्रमा नआएर केवल सरकार प्रमुखलाई दोषी बनाउने निष्कर्ष अघि सारिन्छ भने त्यो न्याय होइन।

**सातौँ तथ्य,** राष्ट्रिय मानव अधिकार आयोगले पनि कारबाही सिफारिस गर्‍यो भन्ने सार्वजनिक विवरणहरू आए। मानव अधिकार संस्थाको भूमिका सम्माननीय हुन्छ। तर मानव अधिकारको दृष्टि पूर्ण हुनुपर्छ। राज्यले गोली चलायो भने त्यो जाँचिनुपर्छ। तर नागरिकको हत्या, प्रहरीको हत्या, सार्वजनिक सम्पत्तिमा आगजनी, राजनीतिक प्रतिशोध, भीड हिंसा, डिजिटल उक्साहट, यी पनि मानव अधिकार र लोकतन्त्रका प्रश्न हुन्। यदि मानव अधिकारको भाषा केवल राज्यविरुद्ध प्रयोग भयो र सङ्गठित गैरराज्य हिंसाका पीडितहरू छायामा परे भने न्यायको सन्तुलन बिग्रिन्छ। झन् निर्दोषलाई निराधार आरोपित गर्नु त कुनै पनि हिसाबले मानव अधिकार आयोगको कर्तव्य वा चरित्रभित्र पर्ने कुरा होइन।

मानव अधिकारको अर्थ सबै पीडितको अधिकार हो, चयन गरिएका पीडितको अधिकार मात्र होइन। गैरराज्य संगठित हिंसाका पीडितहरुको पनि अधिकार हो।

**आठौँ तथ्य,** अहिलेको सरकारले पुराना प्रधानमन्त्री, मन्त्री, प्रशासक र सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने ठूलो घोषणा गरेको छ। भ्रष्टाचार छानबिन हुनुपर्छ। सार्वजनिक जीवनमा बसेका सबैले आफ्नो स्रोत, सम्पत्ति र निर्णयको जवाफ दिनुपर्छ। तर प्रश्न फेरि यही हो— छानबिन प्रणालीगत हो कि राजनीतिक छ? यदि सम्पत्ति छानबिन समान मापदण्ड, स्पष्ट कानुन, पारदर्शी प्रक्रिया, स्वतन्त्र निकाय र समयबद्ध नियमबाट हुन्छ भने स्वागतयोग्य छ। तर यदि छानबिन राजनीतिक भाषणको लयमा, चयनात्मक सङ्केतसहित, पुराना दललाई सामूहिक अपराधी प्रमाणित गर्ने वातावरणमा हुन्छ भने त्यो न्याय होइन, राजनीतिक अभियान बन्छ। त्यसमाथि झन्, कसैको सम्पत्ति

छानबिन हुनै नपर्ने, कसैको छानबिन गर्नै नहुने, र कसैको चाहिँ नगरि नहुने कसरी कानुन वा अभ्यास हुन्छ?

भ्रष्टाचारविरोधी अभियानलाई प्रतिशोधको छायामा राखियो भने वास्तविक भ्रष्टाचारी बच्न सक्छन् र निर्दोष पनि अपमानित हुन सक्छन्।

**नवौँ तथ्य,** ममाथिका पुराना आरोपहरूलाई पुनः राजनीतिक भाषामा उचालियो। राजनीतिक रूपमा तिनलाई एउटै कथा बनाइयो— ओली नै सबै कुराको केन्द्र। यहीँ प्रतिशोधको मनोविज्ञान देखिन्छ। छानबिन चाहिन्छ भने विषय अनुसार, निर्णय अनुसार, कानुन अनुसार, प्रमाण अनुसार गर्नुपर्छ। तर सबै आरोपलाई एउटै व्यक्तिको चरित्रहत्यामा मिसाउनु न्याय होइन।

अब प्रश्न उठ्छ, यो प्रतिशोध ममाथि किन साँधिँदैछ?

यसको उत्तर व्यक्तिगत मात्र होइन, राजनीतिक छ। म एमालेको अध्यक्ष हुँ। एमाले आज पनि सङ्गठित, विचारधारात्मक, देशव्यापी र दीर्घकालीन शक्ति हो। एमाले कमजोर भयो भने नेपालको राजनीतिक शक्ति सन्तुलन बदलिन्छ। एमालेको मनोबल तोड्न चाहनेहरूलाई थाहा छ— कार्यकर्ताको आत्मविश्वास अध्यक्षको छविसँग जोडिएको छ। नेतृत्वको नैतिकता भत्काइयो भने सङ्गठनको आवाज कमजोर हुन्छ। अध्यक्षलाई कानुनी, नैतिक र सार्वजनिक रूपमा घेरियो भने पार्टी रक्षात्मक हुन्छ। पार्टी रक्षात्मक भयो भने नयाँ सत्ता आफ्नो असफलताबाट जनताको ध्यान हटाउन सक्छ। यही राजनीतिक गणित हो।

ममाथि प्रतिशोधको अर्को कारण मेरो राजनीतिक अडान पनि हो।

मैले राष्ट्रिय स्वाधीनता, संविधान, संसद्, दल-आधारित लोकतन्त्र, स्थिर सरकार, बाह्य प्रभावबाट सावधानी, र वामपन्थी लोकतान्त्रिक शक्तिको सङ्गठित भूमिकामा निरन्तर जोड दिएको छु। यस्तो अडान पपुलिस्ट राजनीति, क्षणिक भीडको राजनीति, दलविरोधी राजनीति र बाह्य चासोबाट प्रभावित शक्तिहरूलाई सहज लाग्दैन। किनभने म हटेँ भने एमालेको प्रतिरोधी आवाज कमजोर हुन्छ भन्ने उनीहरूको अनुमान छ। म मौन भएँ भने भदौ घटनाको एकपक्षीय कथा स्थायी सत्य बन्न सक्छ भन्ने उनीहरूको आशा छ। म डराएँ भने एमालेको कार्यकर्ता पङ्क्ति निराश हुन्छ भन्ने उनीहरूको अपेक्षा छ।

पूर्वीय दर्शनले भन्छ, धर्म भनेको केवल पूजा होइन, न्यायको सन्तुलन हो। राजधर्मको पहिलो नियम हो, दण्ड निष्पक्ष हुनुपर्छ। कौटिल्यले पनि राज्यका लागि दण्ड आवश्यक माने, तर दण्ड न्यायसङ्गत नभए राज्य आफैँ कमजोर हुन्छ भने। महाभारतले देखाउँछ— जब न्याय प्रतिशोधको भाषा बोल्न थाल्छ, तब युद्ध अवश्यम्भावी हुन्छ।

आज हाम्रो राजनीतिक समाज पनि त्यस्तै बिन्दुमा छ।

विज्ञानको भाषामा यसलाई 'स्केपगोट मेकानिजम' भन्न सकिन्छ। जटिल समस्या बुझ्न कठिन हुन्छ, त्यसैले समाजले एउटा प्रतीकात्मक दोषी खोज्छ। बेरोजगारी, भ्रष्टाचार, सेवा प्रवाह, डिजिटल अराजकता, शासन कमजोरी, भूराजनीति, दलहरूको विफलता— यी सबै जटिल कारणहरूलाई एउटै व्यक्तिमा राख्दा जनतालाई झुक्याउन सजिलो हुन्छ। अहिले ममाथिको प्रहार यही मनोविज्ञानबाट सिर्जित छ। मलाई दोषी बनाएपछि सबैलाई सजिलो हुन्छ। नयाँ सरकारलाई आफ्नो वैधता मिल्छ। विरोधीलाई आफ्नो कथा मिल्छ। असन्तुष्ट समूहलाई आफ्नो क्रोधको लक्ष्य मिल्छ।

तर देशलाई सत्य मिल्दैन।

राजनीतिशास्त्रले भन्छ— नयाँ सत्ताले आफ्नो पहिचान पुरानो सत्ताको निषेधबाट बनाउँछ। आफू के हो भन्ने कुरा प्रमाणित गर्नुभन्दा पहिले ऊ भन्छ— म पुरानो होइन। तर जब नयाँ सत्ताले आफ्नो सम्पूर्ण नैतिकता पुरानो नेतृत्वलाई दण्डित गर्ने अभियानमा राख्छ, तब राज्यको ऊर्जा निर्माणमा होइन, प्रतिशोधमा खर्च हुन्छ। अहिलेको खतरा यही हो। देशलाई रोजगारी चाहिएको छ, उत्पादन चाहिएको छ, शिक्षामा सुधार चाहिएको छ, सेवा प्रवाह चाहिएको छ, सङ्घीयतामा सुधार चाहिएको छ, डिजिटल शासन चाहिएको छ।

तर सरकारको मुख्य सार्वजनिक कथा ओलीमाथि कारबाही, पुराना दलमाथि छानबिन, र पूर्वनेतृत्वको अपमानमै केन्द्रित रहेको छ।

यहाँ एमालेको भूमिका पनि स्पष्ट हुनुपर्छ। हामी छानबिन अवरोध गर्ने पक्षमा छैनौँ। हामी मृतकका परिवारको न्यायविरुद्ध छैनौँ। हामी घाइतेको पीडा बिर्सन चाहँदैनौँ। हामी सुरक्षाकर्मीबाट गल्ती भए छानबिन नहोस् भन्ने पक्षमा छैनौँ। तर हामी न्यायको नाममा राजनीतिक फाँसीघर बनाइने कुराको विरोध गर्छौँ। हामी अदालत पुग्नुअघि नै सामाजिक

सञ्जालमा दोषी घोषणा गर्ने संस्कृतिको विरोध गर्छौँ। हामी प्रतिवेदन नखोली निष्कर्ष फैलाउने अभ्यासको विरोध गर्छौँ।

हामी एकपक्षीय छानबिनको विरोध गर्छौँ।

म व्यक्तिगत रूपमा पनि स्पष्ट भन्छु। मेरो जीवन खुला छ। मैले लामो जेल जीवन भोगेको छु। म राष्ट्रका कठिन क्षणमा भागेको छैन। नाकाबन्दीको समयमा झुकेको छैन। पार्टी सङ्कटमा हुँदा छोडेको छैन। देशको स्वाधीनताको प्रश्नमा सम्झौता गरेको छैन। मैले कहिल्यै असामाजिक क्रियाकलाप र आर्थिक वा अन्य कुनै कुरामा लोभ गरेको छैन। त्यसैले, मैले गल्ती गरेको ठाउँमा समीक्षा गर्न तयार छु। तर म आफूलाई दोषी ठहर्याउने राजनीतिक नाटकको पात्र बन्न भने तयार छैन। म कानुनको अगाडि उभिन तयार छु, तर अपमानको मञ्चमा उभिन तयार छैन। म सत्यको प्रश्नको जवाफ दिन तयार छु, तर पूर्वनिर्धारित निर्णयको सजावट बन्न तयार छैन।

यो प्रतिशोधको राजनीतिले अन्ततः सरकारलाई पनि फाइदा गर्नेछैन।

आज ओलीमाथि प्रयोग भएको विधि भोलि अर्को पात्रमाथि पनि प्रयोग हुन सक्छ। आज एमालेमाथि प्रयोग भएको डिजिटल आक्रमण भोलि अर्कोमाथि पनि फर्किन सक्छ। आज पुराना दललाई दण्ड दिन बनाइएको असन्तुलित छानबिन भोलि नयाँ दलमाथि पनि प्रयोग हुन सक्छ। त्यसैले सत्तारूढ दलले पनि बुझ्नुपर्छ— न्यायको मापदण्ड आजै बिगारियो भने भोलि कसैको सुरक्षा हुँदैन।

विधि सबैका लागि हो। प्रतिशोध कसैका लागि पनि सुरक्षित हुँदैन।

कुनै सरकारको नियत उसले गर्ने वाचाले मात्र बुझिँदैन। नियत उसको प्राथमिकतामा देखिन्छ। नियत उसले कसलाई सुन्छ, कसलाई दबाउँछ, कसलाई हेर्छ, कसलाई बेवास्ता गर्छ भन्ने कुरामा देखिन्छ। नियत गरिब नागरिकसँग उसको करुणामा देखिन्छ। नियत श्रमिक, विद्यार्थी, सीमावर्ती नागरिक र कमजोर आवाजसँग उसको व्यवहारमा देखिन्छ।

सरकार आफूलाई नयाँ भन्छ। तर नयाँ हुनु के संवैधानिक मर्यादाबाट मुक्त हुनु हो? गरिबको टहरा भत्काउनु हो? विद्यार्थीको सङ्गठन रोक्नु हो? श्रमिकको आवाज काट्नु हो? संसद्को अपमान गर्नु हो? जनताको घर मानिने संसद्मा प्रधानमन्त्रीले जवाफ दिनु नपर्ने ठान्नु हो?

सीमा, कूटनीति र राष्ट्रहितका विषयमा झुठो र अराजक अभिव्यक्ति दिनु हो?

सुकुम्बासी प्रश्नबाट सुरु गरौँ। सार्वजनिक जग्गा संरक्षण गर्नुपर्छ। नदी किनार सफा राख्नुपर्छ। अतिक्रमण हटाउनुपर्छ। यो राज्यको दायित्व हो। तर राज्यले पहिले पहिचान गर्‍यो कि डोजर चलायो? वास्तविक भूमिहीन को हुन्, भूमिहीनको नाममा लाभ लिने को हुन्, कससँग अन्यत्र घरजग्गा छ, कसको जीवन वास्तवमै टहरासँग जोडिएको छ— यी प्रश्नको निष्पक्ष उत्तर तयार नगरी बस्ती हटाइयो भने त्यो नीति भयो कि निष्ठुरता?

कोही वृद्धको औषधि भत्किएको टहरामुनि थियो भने सार्वजनिक जग्गा खाली भयो त भन्न सकिएला, तर त्यससँगै राज्यको करुणा पनि त खाली भयो नि?

यदि उद्देश्य नदी संरक्षण थियो भने नदीमा फोहोर फाल्ने ठूला स्रोतहरूमा कठोर कारबाही किन देखिँदैन? यदि उद्देश्य सार्वजनिक सम्पत्ति जोगाउनु थियो भने भूमिहीन र जग्गा माफियालाई एउटै डन्डाले किन नापियो? यदि उद्देश्य कानुनको पालना थियो भने अदालतले प्रक्रिया र अधिकारको कुरा उठाउँदा सरकार पहिले नै किन ती मानक पूरा गरेर अघि बढेन? कमजोरको टहरा भत्काउन सजिलो हुन्छ। यस मामिलामा राज्य किन बलियो देखिन चाह्यो? तर आफ्नो मान्छेको पक्की घर अगाडि आइपुग्दा डोजर किन अडियो ?

यो प्रश्न मानवीय पनि हो, राजनीतिक पनि हो, नैतिक पनि हो।

विद्यार्थी सङ्गठन र कामदार/कर्मचारीका ट्रेड युनियनलाई दवाएर सरकारले यसलाई सुधार भन्यो। तर सोच्नुपर्ने कुरा— अधिकार काटेर सुधार हुन्छ कि अधिकारलाई जिम्मेवार बनाएर भन्ने हो। विद्यार्थी सङ्गठनमा विकृति होलान्। ट्रेड युनियनमा दलीय राजनीति पनि मिसिएको होला, मिसिन्छ नै। तर विकृति वा कमी छ भन्दैमा अधिकार नै हटाउने हो भने भोलि प्रेसमा विकृति छ भनेर प्रेस नै बन्द गर्ने? न्यायालयमा ढिलासुस्ती छ भनेर न्यायपालिकालाई नै आदेशपालिका बनाउने?

लोकतन्त्रको उपचार निषेध होइन, नियमन हो।
हिजो नियमन गर्न खोज्दा उपद्रव मच्याउनेले आज निषेध गर्न मिल्ने कुरा हो ?

अध्यादेश र संसद्को कुरा हेरौँ– सरकारसँग बहुमत छ भने अध्यादेशको हतार किन? संसद्मा लगभग दुईतिहाइ छँदाछँदै संसद् छल्ने इच्छा किन? विधेयक ल्याएर बहस गराउन

डर केको? समितिमा पठाउन असहज केको? सरोकारवालाको राय सुन्न समस्या केको? यदि संवैधानिक परिषद्, सार्वजनिक खरिद, निजामती सेवा, विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान, सहकारी र सार्वजनिक पदाधिकारीसँग जोडिएका विषयहरू पनि अध्यादेशबाटै अघि बढ्ने हुन् भने संसद्को अर्थ के रह्यो?

जनप्रतिनिधि संस्थालाई केवल सरकारको निर्णयमा ताली बजाउने भवन बनाउने हो भने यसलाई लोकतन्त्र भन्न मिल्छ?

यहाँनेर एउटा दार्शनिक प्रश्न छ– विधि किन चाहिन्छ? किनभने सत्ता स्वभावतः शक्तिको विस्तार चाहन्छ। सरकार छिटो चल्न चाहन्छ। मन्त्री निर्णय गर्न चाहन्छ। प्रधानमन्त्री आफ्नो कार्यक्रम रोकियोस् भन्ने चाहँदैन। तर लोकतन्त्रले भन्छ— छिटोभन्दा सही ठूलो कुरा हो। आदेशभन्दा विचार ठूलो हो, कानून ठूलो हो। बहुमतभन्दा मर्यादा ठूलो हो। बहुमत विधिको मर्यादाभित्र बस्नु पर्छ।

अध्यादेश शासनले तत्काल गति त दिन सक्छ,
तर संस्थाको विश्वास घटाउँछ। यो स्वेच्छाचारी विधि हो।

प्रधानमन्त्रीको संसद्सँगको व्यवहार झन् गम्भीर छ। संसद् प्रधानमन्त्रीको सुविधा अनुसार जाने ठाउँ हो कि त्यो जनताको प्रश्न शान्त बनाउने घर? प्रधानमन्त्रीले संसद्मा उपस्थित भएर जनप्रतिनिधिका प्रश्न सुन्नु संवैधानिक शिष्टाचार मात्र होइन, लोकतान्त्रिक चरित्र पनि हो। प्रधानमन्त्री अनुपस्थित हुँदा प्रश्न उठ्यो। पछि विवादित अभिव्यक्तिले संसद् अवरुद्ध हुने अवस्था बन्यो। प्रधानमन्त्रीको शब्द राष्ट्रिय नीतिको सङ्केत हुन्छ। सीमासम्बन्धी विषयमा, कूटनीतिक संवेदनशीलतामा, संसद्को मर्यादामा, जनप्रतिनिधिको सम्मानमा प्रधानमन्त्रीले एक वाक्य बोल्दा त्यसको असर सीमापारि पनि पुग्छ भन्ने बोध हुनुपर्दैन? यदि सरकार जवाफदेही छ भने प्रधानमन्त्री संसद्मा नियमित उत्तर दिन किन हिच्किचाउँछन्?

यी प्रश्नहरू विपक्षको आरोप मात्र होइनन्।
यी नीति र नियतबिचको दूरी नाप्ने मापदण्ड हुन्।

बजेटतर्फ हेरौँ। बजेट सरकारको वास्तविक दर्शन हो। घोषणापत्र सपना हो, बजेट प्राथमिकता हो। सरकारले उत्पादन, रोजगारी, शिक्षा, स्वास्थ्य, सुशासन, विकास र नागरिक राहतको कुरा गर्छ। तर करको भार कसको काँधमा राखिन्छ? शिक्षा र

स्वास्थ्यजस्ता संवेदनशील क्षेत्रमा थप शुल्क वा कर लगाउँदा त्यो अन्ततः कसले तिर्छ? विद्यालयले तिर्छ कि अभिभावकले? अस्पतालले तिर्छ कि बिरामीले?

बिजुलीमा कर लगाउँदा त्यो ऊर्जा रूपान्तरणको नीति हो कि घरायसी खर्चमा थप दबाब?

न्यायपालिका र संवैधानिक संस्थाको प्रश्नमा सरकारले नियुक्ति, परिषद्, वरिष्ठता, संवैधानिक निकाय, अदालतको आदेश— यी सबैलाई कसरी हेर्छ? न्यायालयको मर्यादा व्यक्तिको नियुक्ति मात्र होइन, प्रक्रिया र विश्वासको विषय हो। यदि वरिष्ठताको अभ्यास तोडिन्छ भने कारण सार्वजनिक हुनुपर्छ कि पर्दैन? यदि संवैधानिक निकायमा नियुक्ति हुन्छ भने सन्तुलन चाहिन्छ कि चाहिँदैन?

यदि न्यायाधीशले सरकारको मनोविज्ञान बुझेर निर्णय गर्न थाले भने न्यायालय रहन्छ कि त्यो प्रशासनिक शाखा बन्छ?

देशले अहिले चुकाइरहेको मूल्य ठूलो छ। गरिब असुरक्षित छ। विद्यार्थी आशङ्कित छ। श्रमिक आक्रोशित छ। सीमावर्ती नागरिक अपमानित छ। संसद् तनावमा छ। न्यायालयमाथि हस्तक्षेप छ। बजेटले राहतभन्दा भार जन्माएको छ। प्रधानमन्त्रीको भाषा राष्ट्रिय सहमति बनाउनेभन्दा विवाद बढाउने खालको छ।

त्यसैले हाम्रो प्रश्न राष्ट्रिय प्रश्न हो।

एमालेले यी प्रश्न उठाउँदा सत्ता गुमाएको दलको पीडा बोलेको होइन। एमालेले संसद्को मर्यादा, अदालतको स्वतन्त्रता, गरिबको आवास, विद्यार्थीको सङ्गठन अधिकार, श्रमिकको सामूहिक आवाज, घाइतेको पीडा, सीमावर्ती नागरिकको सम्मान, बजेटको सामाजिक न्याय, कूटनीतिक संयम, र राज्यको मानवीय चरित्रको पक्षमा बोलिरहेको छ। हाम्रो प्रतिपक्षी धर्म यही हो। प्रतिपक्ष हुनु भनेको केवल सरकारको विरोध गर्नु होइन। प्रतिपक्ष हुनु भनेको राज्यलाई संविधानको सीमामा राख्नु हो। प्रतिपक्ष हुनु भनेको लोकप्रियतावादको स्वरमा दबिएको नागरिकको आवाज उठाउनु हो। प्रतिपक्ष हुनु भनेको सरकारले नदेखेका आँसु देखाउनु हो।

प्रतिपक्ष हुनु भनेको सत्ता र समाजबिचको दूरी देखाउनु पनि हो।

## ८. ममाथिको आक्रमण: आलोचना स्वीकार, चरित्रहत्या अस्वीकार

ममाथि आक्रमण नयाँ होइन। राजनीतिमा आलोचना अस्वाभाविक पनि होइन। जो सार्वजनिक जीवनमा बस्छ, उसले प्रश्न सुन्नुपर्छ। जो राज्यको नेतृत्वमा पुग्छ, उसले जवाफ दिनुपर्छ। जो पार्टीको अध्यक्ष हुन्छ, उसले साथीहरूको कठोर समीक्षा पनि सहनुपर्छ। म यसबाट कहिल्यै भागेको छैन। तर आलोचना र चरित्रहत्या एउटै कुरा होइनन्।

प्रश्न र पूर्वनिर्धारित फैसला एउटै कुरा होइनन्।
छानबिनको माग र सामाजिक हत्या एउटै कुरा होइनन्।

मलाई दुःख लागेको आलोचनाबाट होइन। मलाई दुःख लागेको त्यतिबेला हो, जब तथ्यको खोजी नगरी आरोपलाई नारा बनाइयो। जब अपुष्ट कुरालाई प्रमाणजस्तै गरी बोलियो। जब बाहिरका विरोधीले चलाएको भाषा पार्टीभित्रका केही साथीहरूको मुखबाट पनि उही ताल, उही शब्द र उही लक्ष्यसहित सुनिन थाल्यो।

राजनीतिमा जब गलत बाटो समातिन्छ कसैलाई कमजोर बनाउन सबैभन्दा पहिला उसको विचारमाथि होइन, उसको नैतिक आधारमाथि प्रहार गरिन्छ। किनभने विचारसँग तर्क गर्नुपर्छ, तर चरित्रमाथि हिलो छयाप्न सजिलो हुन्छ। एउटा पुरानो शास्त्रीय कथन छ— जब कसैलाई युद्धमा हराउन सकिँदैन, उसलाई अपमानित गर्ने प्रयत्न गरिन्छ। महाभारतमा पनि अस्त्र मात्र चल्दैन, अपमान पनि चल्छ। राजनीतिमा पनि त्यही हुन्छ। पहिले मानिसको छवि भत्काऊ, त्यसपछि उसको कुरा सुन्ने समाजको धैर्य घटाऊ, अनि उसको तर्क आउनुअघि नै उसलाई दोषी बनाऊ।

ममाथि भएका धेरै आक्रमणको मूल विधि यही हो।

यहाँसम्म कि, मेरो स्वास्थ्यको समेत मजाक बनाइयो। उमेरलाई अपमानको विषय बनाइयो। बोलीलाई व्यङ्ग्य बनाइयो। राष्ट्रियताको अडानलाई अहङ्कार भनियो। संविधानको रक्षा गर्ने आग्रहलाई पदलोलुपता भनियो। स्पष्ट भाषालाई तानाशाही भनियो। धैर्यलाई जिद्दी भनियो। आत्मविश्वासलाई घमण्ड भनियो। के यो आलोचना हो? आलोचना नीतिमा हुन्छ, शैलीमा हुन्छ, निर्णयमा हुन्छ। तर कसैको रोग, उमेर, शरीर,

बोली, स्मृति र जीवन-सङ्घर्षलाई अपमानको सामग्री बनाउनु राजनीतिक संस्कारको दरिद्रता हो।

हामीले अडान र अहङ्कार, दृढता र जिद्दीपन, स्वाभिमान र घमण्ड, लचकता र अवसरवाद, स्पष्ट निर्णय र तानाशाहीबिचको भेद छुट्याउन सक्नैपर्छ।

**पार्टीभित्रका साथीहरूलाई म विशेष आग्रह गर्न चाहन्छु:**

अध्यक्षको आलोचना गर्नुहोस्। कठोर गर्नुहोस्। नीति गलत छ भने भन्नुहोस्। अध्यक्षको सुस्तताले सङ्गठन सुस्त छ भने भन्नुहोस्। निर्णय प्रक्रिया सुधार्नुपर्छ भने भन्नुहोस्। पुस्तान्तरण, रूपान्तरण, कार्यशैली, उम्मेदवार छनोट, प्रचार— सबैमा निर्भीक समीक्षा गर्नुहोस्। तर बाहिरका विरोधीले चलाएको चरित्रहत्या भित्रबाट कृपया नदोहोर्याउनुहोस्। विरोधीले चलाएको चरित्रहत्याको हल्ला दोहोर्याउनु समीक्षा होइन। त्यो त शत्रुलाई घरको ढोका आफैँ खोलिदिने काम हो।

असहमति पार्टीभित्र शक्ति हो, यदि त्यसले सुधार गर्छ भने।
असहमति कमजोरी बन्छ, यदि त्यसले विरोधीको न्यारेटिभ बलियो बनाउँछ भने।

यदि म गलत छु भने पार्टीको कमिटी छ। विधान छ। महाधिवेशन छ। बहुमत र अल्पमत छ। दस्तावेज छ। बहस छ। निर्णय प्रक्रिया छ। त्यहाँ लडौँ। तर्क राखौँ। जनमत बनाऔँ। तर सार्वजनिक मञ्चमा पार्टीको मनोबल गिराउने भाषा बोल्दा त्यो केवल अध्यक्षमाथि मात्र प्रहार हुँदैन। त्यो कार्यकर्ताको आत्मविश्वासमाथि पनि प्रहार हुन्छ। गाउँमा झण्डा बोकेर हिँड्ने कार्यकर्ता कुन मुखले जनताको घर जान्छ?

विपक्षीले लगाएको आरोप आफ्नै नेताले दोहोर्याइदिएपछि, उसको प्रतिवाद कसरी बलियो हुन्छ?

अझ अहिले त पार्टी भित्रबाट विरोधीले नलगाएका झुटा आरोप र लाञ्छना समेत कथेर ममाथि प्रहार भइरहेको छ। के यी झुठा आरोपका कुप्रचारले पार्टीलाई फाइदा गर्छ?

न्याय के हो? न्याय केवल दोषीलाई दण्ड होइन, निर्दोषलाई अपमानबाट बचाउनु पनि हो। यदि समाज आरोप सुन्नासाथ सजाय दिन्छ भने न्यायालय किन चाहियो?

यदि सामाजिक सञ्जाल नै अदालत हो भने संविधान किन चाहियो? यदि चरित्रहत्या नै राजनीति हो भने विचार किन चाहियो? लोकतन्त्रको मर्यादा यसैमा छ— कठोर आलोचना पनि प्रमाण, विधि र मर्यादामा बाँधिन्छ ।

जब मर्यादा हट्छ, राजनीति भीडको मनोरञ्जन बन्छ ।

पूर्वीय शास्त्रले वाणीलाई तपस्या मानेको छ— सत्य बोल, प्रिय बोल, हितकारी बोल, तर सत्य पनि अप्रिय नबोल। आजको राजनीतिमा उल्टो चलन बढेको छ— असत्य पनि बोल, अपमान पनि बोल, उपयोगी भए दोहोर्याइरहु। यो राजनीति होइन, वाणीको हिंसा हो। ममाथि भएको आक्रमण धेरै ठाउँमा यही वाणी-हिंसा थियो। शरीरमा लागेको घाउ देखिन्छ, शब्दले लगाएको घाउ समाजको स्मृतिमा बस्छ ।

यही कारण चरित्रहत्या, हत्याजत्तिकै गम्भीर राजनीतिक अपराध हो ।
किनभने यसले जीवित मानिसलाई समाजको मनमा मृत बनाउने प्रयास गर्छ ।

म आलोचनाबाट भाग्दिनँ। तर झुट स्वीकार गर्दिनँ। म छानबिनबाट डराउँदिनँ। तर अपुष्ट आरोपलाई फैसला मान्दिनँ। म आत्मसमीक्षाको पक्षमा छु। तर आत्मसमीक्षाको नाममा प्रतिशोधको मञ्च स्वीकार गर्दिनँ। मेरो जीवन खुला छ। मेरा निर्णयहरू सार्वजनिक छन्। जहाँ प्रश्न छ, म जवाफ दिन तयार छु। जहाँ छानबिन चाहिन्छ, म सहयोग गर्न तयार छु। तर जसले पहिले नै मलाई दोषी मानेर त्यसपछि प्रमाण खोज्न निस्कन्छ, उसले सत्य होइन, आफ्नो पूर्वाग्रह पुष्टि गर्न खोजिरहेको हुन्छ। म त्यसको सहयोगी बन्न सक्दिन।

यत्ति कुरा त साथीहरूले बुझ्नैपर्छ ।

आज म पार्टीलाई भन्न चाहन्छु, हामीले दुई काम सँगै गर्नुपर्छ। पहिलो, सबै सार्वजनिक आरोपहरूको तथ्यगत प्रतिवाद गर्ने प्रणाली बनाउनुपर्छ। कुन आरोपमा के तथ्य छ, कुन निर्णय कहिले भयो, कुन निकाय जिम्मेवार थियो, अदालतले के भन्यो, छानबिन कहाँ छ, प्रमाण के छ, भ्रम के हो— सबै कुरा सजिलो भाषामा जनतासम्म पुर्याउनुपर्छ। दोस्रो, जहाँ वास्तविक कमजोरी छ, त्यसलाई नलुकाई सुधार गर्नुपर्छ ।

सत्य लुकाएर पार्टी बलियो हुँदैन ।
तर झुट सहेर पनि पार्टी बलियो हुँदैन ।

ममाथि अन्याय भएको छ, तथ्य राखेर भन्दै छु। वर्षौंको सङ्घर्षलाई केही हल्लाले मेट्न खोजियो। जेल, आन्दोलन, संविधान, राष्ट्रियता, नाकाबन्दीको सामना, सङ्गठन निर्माण, विकासको सपना— यी सबैलाई केही झुटा आरोपको धुवाँमा हराउन खोजियो। म मानिस हुँ, गल्ती हुन सक्छ। निर्णय त्रुटिपूर्ण हुन सक्छ। शैलीमा कमी हुन सक्छ। तर गल्ती गर्ने मानिस र अपराधी बनाइने मानिसबिच फरक हुन्छ।

मलाई यही फरक मेटेर प्रस्तुत गरियो। यही अन्याय हो।

हाम्रो राजनीतिक निष्कर्ष स्पष्ट छ: आलोचना स्वीकार, छानबिन स्वीकार, पारदर्शिता स्वीकार, तर चरित्रहत्या अस्वीकार गर। झुट अस्वीकार, रचिएका झुटा आरोपको सार्वजनिक न्यायालय अस्वीकार गर। पार्टीभित्र असहमति स्वीकार, तर पार्टीको मनोबल तोड्ने सार्वजनिक गोलाबारी अस्वीकार गर।

यही सन्तुलनले मात्र एमालेलाई नैतिक रूपमा बलियो बनाउँछ।
सत्यसँग नलड्ने, तर झुटसँग नझुक्ने पार्टी नै फेरि उठ्न सक्छ।

## ९. म हार्दिनँ भन्नु जिद्दी होइन, ऐतिहासिक जिम्मेवारी हो

**कमरेडहरू,**

मलाई राम्रोसँग थाहा छ— मानिस स्थायी छैन। शरीर स्थायी छैन। पद स्थायी छैन। शक्ति स्थायी छैन। स्थायी हुने कुरा केवल कर्तव्य हो। मैले जीवनको लामो समय जेलमा बिताएको छु। भूमिगत जीवन देखेको छु। आन्दोलनको कठिन बाटो हिंडेको छु। हार देखेको छु, अपमान देखेको छु, रोग देखेको छु, दुर्घटना देखेको छु। मृत्युको छाया नजिकबाट देखेको छु। यी सबै देखेको र भोगेको मानिसलाई पदको मोहले मात्र बाँधेर राख्न सक्दैन।

जसले जीवनको ठूलो हिस्सा सङ्घर्षमा बिताएको छ,
उसलाई कुर्सीले होइन, कर्तव्यले रोक्छ।

म स्पष्ट भन्न चाहन्छु, काम गर्न नसक्ने दिन आएपछि म कसैले धक्का दिनुअघि नै बाटो छोड्न जान्दछु। सङ्गठनले नयाँ नेतृत्व परिपक्व रूपमा तयार गरेको दिन, पार्टीले विधि, समझदारी र भविष्यको सुरक्षासहित सङ्क्रमणको बाटो बनाएको दिन, परिस्थिति

स्थिर भएको दिन, मैले बाटो रोक्ने काम गर्दिनँ। म नेतृत्व हस्तान्तरणको विरोधी होइन। म हस्तान्तरणको नाममा अव्यवस्थाको विरोधी हुँ। म पुस्तान्तरणको विरोधी होइन। म पुस्ताबिच अविश्वास रोप्ने राजनीतिक अधैर्यताको विरोधी हुँ। म रूपान्तरणको विरोधी होइन।

म रूपान्तरणको नाममा पार्टीको मेरुदण्ड भाँच्ने प्रवृत्तिको विरोधी हुँ।

आज प्रश्न मेरो पदको होइन। प्रश्न एमालेको मनोबलको हो। प्रश्न लाखौँ कार्यकर्ताको अनुहारमा फेरि आत्मविश्वास ल्याउने हो। प्रश्न जनताले दिएको कठोर सन्देशलाई कसरी सुधारको कार्यक्रम बनाउने भन्ने हो। प्रश्न हारको पीडालाई सङ्गठनात्मक पुनर्जागरणमा कसरी बदल्ने भन्ने हो। यस्तो बेला अध्यक्षले छोड्नुपर्छ भन्ने कुरा सुन्दा सरल लाग्न सक्छ। तर राजनीति सरल अङ्कगणित होइन। जीवन पनि सरल अङ्कगणित होइन। घरमा आगो लाग्दा घरमूलीले पहिले आफ्नो कोठा छोड्दैन, पहिले बच्चा कहाँ छन् भनेर हेर्छ। छानो जलेको छ कि छैन भनेर हेर्छ। पानी कहाँ छ भनेर हेर्छ। ढोका खुला छ कि छैन भनेर हेर्छ। त्यसपछि मात्र आफू बाहिर निस्कने सोच्दछ।

आज एमाले त्यही घर हो।
म बाहिर निस्कन होइन, घर बचाउन उभिएको छु।

म हार्दिनँ भन्नुको अर्थ मैले चुनावी परिणाम अस्वीकार गर्छु भन्ने होइन। जे-जसरी होस् चुनावले हामीलाई रोकेको छ। सचेत गराएको छ, कडा सन्देश दिएको छ। त्यो सन्देश म सुन्छु। त्यो सन्देशबाट म भाग्दिनँ। म हार्दिनँ भन्नुको अर्थ हो— म निराशालाई अन्तिम सत्य मान्दिनँ। म कार्यकर्ताको आँखा झुक्न दिन्नँ। म पार्टीलाई दोषारोपणको दलदलमा डुब्न दिन्नँ। म इतिहास बोकेको सङ्गठनलाई क्षणिक आक्रोशको हावामा छरिन दिन्नँ। म लोकतन्त्रको संस्थागत मर्यादामाथि भएको प्रहारलाई सामान्य मान्दिनँ।

म एमालेका महान् उद्देश्य र विचारहरूलाई,
पराजित मनोवृत्तिको अँध्यारोमा हराउन दिन्नँ।

मेरो स्वभावमा केही कुरा छन्, जसलाई कतिले कठोर भन्छन्। म सीधा बोल्छु। कहिलेकाहीँ मेरो शब्द कडा लाग्न सक्छ। तर मेरो नियत पार्टी बचाउने हो। मेरो स्वभाव सम्झौता गर्नेभन्दा पहिले सत्यलाई हेर्ने हो। मलाई झुक्न गाह्रो लाग्छ, किनभने मैले जीवनभर अन्यायसँग झुक्न सिकिनँ। मलाई डराउन गाह्रो लाग्छ, किनभने जेलको पर्खालले

पनि मलाई डराउन सकेन। मलाई अपमानले भत्काउन गाह्रो छ, किनभने आन्दोलनको बाटोमा अपमान पनि भोगेको छु, एक्लोपन पनि भोगेको छु। तर म ढुङ्गाको मान्छे होइन। मलाई पनि दुख्छ। कार्यकर्ताको निराशा देख्दा दुख्छ। जनताले टाढा भएर बोलेको सुन्दा दुख्छ। आफ्नै साथीहरूले बाहिरको भाषा ल्याएर भित्र फ्याँकेको देख्दा दुख्छ। आफ्नै शिरमाथि चढाएका साथीहरूले आफ्नै शिर काट्न खोजेको देख्दा दुख्छ।

तर त्यो दुःखले मलाई भत्काउँदैन।
त्यो दुःखले मलाई अझ सावधान बनाउँछ।

मैले जीवनभर मानेको कुरा के हो भने नेतृत्वको अर्थ अगाडि बस्नु मात्र होइन, चोट पहिले खानु पनि हो। जब पार्टीमाथि प्रहार हुन्छ, पहिलो ढुङ्गा नेतृत्वमाथि आउँछ। जब विचारमाथि हमला हुन्छ, पहिलो आरोप अध्यक्षमाथि आउँछ। जब सङ्गठनलाई कमजोर पार्न खोजिन्छ, पहिले नेतृत्वको मनोबल तोड्ने प्रयास हुन्छ। जब पार्टीमाथि हमला हुन्छ, पहिलो गिरफ्तारी अध्यक्षको हुन्छ। त्यसैले ममाथि भएको आक्रमणलाई मैले व्यक्तिगत अपमानको रूपमा मात्र लिएको छैन। यो पार्टीको आत्मविश्वासमाथि गरिएको परीक्षा पनि हो। यदि अध्यक्ष डरायो भने कार्यकर्ता डराउँछ। यदि अध्यक्ष भाग्यो भने सङ्गठन अलमलिन्छ। यदि अध्यक्ष मौन भयो भने झुट बोल्नेहरूको आवाज सत्यभन्दा ठूलो हुन्छ।

त्यसैले म उभिन्छु।
व्यक्तिगत प्रतिष्ठाका लागि होइन, पार्टीको मनोबलका लागि।

मेरो शैलीमा कमजोरी हुन सक्छ। कहिलेकाहीँ जानअनजान मैले गरेको निर्णयमा त्रुटि हुन सक्छ। जो गल्ती देखेर पनि नदेखेझैँ गर्छ, ऊ कमजोर हो। जो गल्ती देख्छ, स्वीकार गर्छ, र सुधारको नेतृत्व गर्छ, ऊ अझ बलियो भएर फर्किन्छ।

म आज आत्मसमर्पणको होइन, आत्मसमीक्षाको भाषा बोल्दैछु। आत्मसमर्पणले भन्छ— अब सकियो। आत्मसमीक्षाले भन्छ— कहाँ चुक्यौँ, सुधारौँ। आत्मसमर्पणले भन्छ— दोषी कोही एक जना छ। आत्मसमीक्षाले भन्छ— प्रणाली कहाँ कमजोर भयो ?

आत्मसमर्पणले सङ्गठन भत्काउँछ।
आत्मसमीक्षाले सङ्गठन उठाउँछ। म दोस्रो बाटो रोज्छु।

मलाई कहिलेकाहीँ भनिन्छ, अब तपाईं विश्राम लिनुहोस्। विश्राम लिने समय पनि आउँछ। तर युद्धभूमि धुवाँले भरिएको बेला सैनिकले विश्राम लिँदैन। किसान बालीमा रोग लागेको बेला हलो फ्याँक्दैन। शिक्षक विद्यार्थी अलमलिएको बेला कक्षा छोड्दैन। नेतृत्व पनि सङ्कटको घडीमा भाग्दैन।

नेतृत्वले पहिले दिशा देखाउँछ, भरोसा फर्काउँछ, व्यवस्था मिलाउँछ, नयाँ पुस्तालाई तयार गर्छ, अनि सम्मानपूर्वक हस्तान्तरण गर्छ।

यही मेरो बुझाइ हो।

म पार्टीमा नयाँ पुस्ता अगाडि आओस् भन्ने चाहन्छु। तर नयाँ पुस्तालाई झगडाको मैदानमा होइन, जिम्मेवारीको मैदानमा ल्याउनुपर्छ। युवालाई केवल नारा दिने होइन, निर्णयमा सहभागी गराउनुपर्छ। अनुभवलाई अपमान गरेर युवा नेतृत्व बन्दैन। युवालाई दबाएर पनि अनुभवको सम्मान हुँदैन। दुवैलाई जोड्नुपर्छ। म यही सेतु बन्न चाहन्छु— पुरानो सङ्घर्ष र नयाँ सम्भावनाबिचको सेतु, इतिहास र प्रविधिबिजको सेतु, विचार र डिजिटल भाषाबिचको सेतु, अनुशासन र सिर्जनशीलताबिचको सेतु।

यदि आज म पछाडि हटेर रिक्तता छोडेँ भने त्यो सेतु भाँचिन सक्छ।
मेरो चिन्ता यही हो।

म हार्दिनँ भन्नुको अर्थ म कसैलाई जित्न दिन्नँ भन्ने होइन। यो प्रतिस्पर्धाको अहङ्कार होइन। यो धैर्यको घोषणा हो। म भन्न चाहन्छु— मलाई हटाएर समस्या समाधान हुन्छ भन्ने निष्कर्ष सजिलो छ। तर पार्टीको समस्या शैली, सङ्गठन, सञ्चार, जनसम्पर्क, युवा संवाद, नैतिक प्रतिरक्षा, स्थानीय नेतृत्व, नीति कार्यान्वयन र जनविश्वाससँग जोडिएको छ। यदि यी सबै प्रश्न नछोई अध्यक्ष मात्र बदलियो भने हामीले रोगको जरो नछोई पात काट्ने काम गर्छौँ।

केही दिन ताजा देखिएला, तर रोग फेरि पलाउँछ।
म त्यो सतही समाधानको पक्षमा छैन।

मैले धेरै आँधी देखेको छु। कहिले पार्टी फुट्यो। कहिले सरकार ढल्यो। कहिले राष्ट्रमाथि दबाब आयो। कहिले नाकाबन्दी आयो। कहिले आफ्नैबाट चोट आयो। कहिले बाहिरबाट हमला आयो। तर प्रत्येक चोटपछि हामी उठेका छौँ। म पनि उठेको

छु । एमाले पनि उठेको छ । यो पार्टी एक चुनावबाट बनेको होइन । यो पार्टी एक चुनावबाट समाप्त पनि हुँदैन । यो पार्टी हजारौँ कार्यकर्ताको पसिना, त्याग, जेल, सङ्घर्ष, मृत्यु, आँसु, सपना र जनताको आशाबाट बनेको हो ।

यस्तो पार्टीलाई म निराशाको जिम्मा लगाएर हिँड्न सक्दिनँ ।

मेरो आत्मविश्वास घमण्डबाट आएको होइन। मेरो आत्मविश्वास सङ्घर्षबाट आएको हो । घमण्डले भन्छ— म कहिल्यै गल्ती गर्दिनँ । आत्मविश्वासले भन्छ— गल्ती भए पनि सच्याएर उठ्न सक्छु । घमण्डले अरूलाई सुन्दैन । आत्मविश्वासले आलोचना सुन्छ, तर झुटसँग झुक्दैन। घमण्डले पदलाई आफू ठान्छ। आत्मविश्वासले पदलाई जिम्मेवारी ठान्छ । म घमण्डी हुन चाहन्नँ । तर म कमजोर पनि देखिन चाहन्नँ । नेतृत्व विनम्र पनि हुनुपर्छ, दृढ पनि हुनुपर्छ । केवल विनम्र भयो भने सङ्गठन दिशाहीन हुन्छ । केवल दृढ भयो भने सङ्गठन कठोर हुन्छ ।

आज हामीलाई विनम्र दृढता चाहिएको छ ।
म त्यही बाटोमा उभिन चाहन्छु ।

यदि पार्टीले मलाई भन्छ— तपाईंको भूमिका अब अर्कै हो, म सुन्छु । यदि पार्टीको विधि, महाधिवेशन, कमिटी र सङ्गठनले नयाँ निर्णय गर्छ, म स्वीकार गर्छु । तर यदि बाहिरको हल्ला, भित्रको अधैर्य, झुटा आरोप, क्षणिक आक्रोश र सङ्गठनलाई अस्थिर बनाउने दबाबले नेतृत्व परिवर्तन गर्न खोज्छ भने म त्यसलाई स्वीकार गर्दिनँ । किनभने त्यसले मलाई होइन, पार्टीलाई कमजोर बनाउँछ ।

विधिबाट आएको निर्णय स्वीकार्य हुन्छ ।
दबाबबाट आएको निर्णय अस्थिरताको सुरुवात हुन्छ ।

आज मैले भन्न चाहेको कुरा यति मात्र हो— म पदका लागि होइन, प्रक्रियाका लागि उभिएको छु । म व्यक्तिगत प्रतिष्ठाका लागि होइन, सङ्गठनको स्थिरताका लागि उभिएको छु । म अतीत जोगाउन होइन, भविष्य सुरक्षित गर्न उभिएको छु । म पुरानो शैली पछ्याउन होइन, नयाँ शैली निर्माण गर्न उभिएको छु ।

म युवालाई रोक्न होइन,
युवालाई जिम्मेवारीमा ल्याउने सुरक्षित मार्ग बनाउन उभिएको छु ।

म हार्दिनँ किनभने एमाले हार्न हुँदैन। म हार्दिनँ किनभने जनताको आशा फेरि जगाउनुपर्छ। म हार्दिनँ किनभने कार्यकर्ताको मनोबल उठाउनुपर्छ। म हार्दिनँ किनभने लोकतन्त्रलाई भीड, झुट, चरित्रहत्या र अस्थिरताबाट जोगाउनुपर्छ। म हार्दिनँ किनभने इतिहासले कठिन समयमा नेतृत्वबाट भाग्ने होइन, सामना गर्ने अपेक्षा गर्छ।

यो मेरो जिद्दी होइन।
यो मेरो अहङ्कार होइन।
यो मेरो ऐतिहासिक जिम्मेवारी हो।

## १०. के हो पुनर्गठन ?

### जिम्मेवारीबाट भाग्ने होइन, संक्रमणको नेतृत्व गर्ने

निर्वाचनमा पराजयपछि परिस्थिति र परिणामको समीक्षा गर्नुपर्छ भन्ने आवाज उठ्नु स्वाभाविक हो। त्यसलाई म अस्वीकार गर्दिनँ।

नैतिक जिम्मेवारी स्वीकार गर्नु भनेको सङ्कटको बीचमा संगठनलाई नेतृत्वविहीन बनाउनु होइन। जिम्मेवारीको अर्थ समस्या पहिचान गरेर समाधानको नेतृत्व गर्नु पनि हो।

म पदको निजी प्रतिष्ठाका लागि उभिएको होइन। पार्टीको मनोबल, संगठनात्मक स्थिरता र सुरक्षित राजनीतिक संक्रमणका लागि उभिएको हुँ।

मेरो कार्यशैलीमा कमजोरी छ भने आलोचना हुन सक्छ। निर्णयमा त्रुटि हुन सक्छ। गल्ती देखेर पनि नदेखेजस्तो गर्ने नेतृत्व कमजोर हुन्छ। गल्ती स्वीकार गरेर सुधार गर्ने नेतृत्वले नै संगठनलाई अगाडि लैजान सक्छ।

त्यसैले म आत्मसमर्पणको होइन, आत्मसमीक्षाको भाषा बोल्छु।
आत्मसमर्पणले भन्छ– अब सकियो।
आत्मसमीक्षाले भन्छ– कहाँ चुक्यौँ, किन चुक्यौँ र कसरी सुधार्ने ?

युवालाई वास्तविक जिम्मेवारीमा ल्याउने सुरक्षित र वास्तविक बाटो बनाउन चाहन्छु। अनुभवलाई अपमान गरेर होइन, अनुभव र नयाँ ऊर्जालाई जोडेर नेतृत्व विकास गर्नुपर्छ। काम गरेर, सिकेर, जिम्मेवारी लिएर नेतृत्व विकास हुन्छ।

यो जिद्दीको प्रश्न होइन। पार्टीको पुनर्निर्माण र संक्रमणलाई संस्थागत बनाउने जिम्मेवारीको प्रश्न हो। तर यतिबेला केही व्यक्तिहरुले अध्यक्ष विस्थापित गर्ने मनशाय र प्रयासका बेमौसमी बाजा बजाइरहेको पाइएको छ र त्यसका लागि पुनर्गठनको नारा उछालिएको छ।

के हो पुनर्गठन ? कस्तो अवस्थामा हुन्छ ? के नेतृत्व विस्थापन गर्ने कुरालाई पुनर्गठन भनिन्छ ? हाम्रो धारको आन्दोलनमा कति पल्ट र कहिले कहिले पुनर्गठन भएको छ भन्ने कुरा हामीले राम्ररी बुझ्न जरुरी छ। पार्टी पुनर्गठन कुनै रहर वा लहडको विषय होइन। यो त असहज र असामान्य अवस्थामा बाध्यतावस गरिने कार्य हो। हाम्रो धारको आन्दोलनमा पार्टीमा तीन पल्ट पुनर्गठन गर्नु परेको थियो। त्यस बेला पार्टीको महासचिव रहेका केशरजंग रायमाझी अगाडिदेखि नै दक्षिणपन्थी र षडयन्त्रकारी त छंदै थिए, पछिल्लो समय उनको दक्षिणपन्थता अझ खुलस्त रुपमा प्रकट हुँदै आयो। खासगरी २०१७ सालमा राजा महेन्द्रले फौजी "कू" गरेर लोकतन्त्र अपहरण गरेपछि उनले त्यस प्रतिगामी कदमलाई स्वागत गरे र पञ्चायतको समर्थन गर्ने ठाउँमा पुगे। पार्टी केन्द्रीय कमिटीको बहुमत उनले कब्जा गरेका थिए। यस्तो अवस्थामा उनी राजावादी भइसकेको परिस्थितिमा आन्दोलन र पार्टीलाई जोगाउन पार्टी पुनर्गठन गर्नु परेको थियो। २०१८ सालमा आयोजित "दरभंगा प्लेनम"बाट उनी र उनको गुटलाई सच्चिन, सामन्तवाद र सामन्ती शक्तिको दलाल नहुन दिइएका सुझावहरु पनि नमानेपछि पार्टीको अल्पमतले नै जोनल कमिटीहरु बनाएर तिनको संयोजन र आयोजनामा पार्टीको तेस्रो महाधिवेशन गरेर पार्टीलाई पुनर्गठन गर्नु परेको थियो। नेतृत्व र पार्टीको बहुमत दक्षिणपन्थी भएको, आन्दोलन बचाउने अरु कुनै वैकल्पिक उपाय नभएको बाध्यकारी अवस्थामा पार्टीको प्रथम पुनर्गठन भएको थियो। यो हामीभन्दा अघिल्लो पुस्ताले गरेको थियो। तेस्रो महाधिवेशनपछि खास कुनै वैचारिक मतभेद रहेको अवस्था थिएन। तर, पार्टी नेतृत्वले पार्टीलाई संगठित राख्न नसकेको, कमिटीहरुले नेतृत्वसँग र आपसमा पनि सम्पर्क सम्बन्धविहिन अवस्थामा पुगेको र सिंगै पार्टी अस्तव्यस्त हुँदै छिन्नभिन्न हालतमा निष्कृय र निकम्मा बन्न पुग्यो। पार्टी विलिनीकरण हुँदै सग्लो अस्तित्वमा नरहेपछि फेरि पार्टी र आन्दोलनमा अस्तित्वकै संकट पर्‍यो। एकातिर राजाको निरङ्कुशतन्त्र र पञ्चायती एकदलीय एकाधिकारवादी अधिनायकवादको चर्को दमन यस्तो बेलामा हामीले नै २०२७–०२८ सालमा झापाबाट जनवादी गणतन्त्रको स्पष्ट उद्देश्य राखेर, त्यसलाई प्राप्त गर्ने क्रान्तिकारी बाटो, त्यसका रणनीति र कार्यनीति समेतका स्पष्टताका साथ नयाँ पार्टी गठन विस्तार र एकतामार्फत् व्यापक र सुदृढ संगठन निर्माण गर्ने त्यसका

लागि क्रान्तिकारी सक्रियताका साथ अघि बढ्ने नीतिका साथ पार्टीको पुनर्गठन गरिएको थियो। यो दोस्रो पुनर्गठन थियो र यस पुनर्गठनमा म समेतको पहल र अगुवाई थियो। त्यो प्रयास अनेकौं दमन र प्रतिकुलताका बावजुत झापा आन्दोलन, अपील, को.के, नेकपा (माले) र एमाले हुँदै यहाँसम्म आइपुगेको छ।

हामीले आन्दोलनलाई वर्तमान अत्यन्तै प्रतिकुल विश्व परिस्थितिमा समयानुकूल सही नीतिहरु तर्जुमा गर्दै, संगठन विस्तार र पार्टी एकीकरण, सफल र उपलब्धिपूर्ण काममार्फत् वि.सं. २०७५ सालसम्म आइपुग्दा निर्वाचनको बाटोबाटै लगभग दुई तिहाईको अवस्थासम्म हाम्रो पार्टी र आन्दोलनलाई पुऱ्यायौं। केहीलाई के कारणले त्यो पाच्य भएन। तिनले पार्टीमा उपद्रो मच्याएर र अन्ततोगत्वा हामीले नै एकता एकीकरणका लागि दिएको संख्याको दुरुपयोग गर्दै हामीलाई पार्टीबाट निकाल्ने, पार्टी कब्जा गर्ने र आन्दोलन सिध्याउने षडयन्त्रमा लागे। त्यति बेला फेरि हामीले मैरै पहल र नेतृत्वमा पार्टी पुनर्गठन गर्न बाध्य हुनुपऱ्यो र हामीले त्यसै गऱ्यौं। यो तेस्रो पुनर्गठन थियो, हामीले नै गरेको।

यी र यस्ता परिस्थितिमा चालिएका यस्ता बाध्यकारी र आन्दोलनका जीवनमा सकारात्मक प्रभाव पार्ने संगठनात्मक ठूला कदमहरुलाई पुनर्गठन भनिन्छ। यति बेला चले, चलाइएको पुनर्गठनको हल्लाले शब्दार्थ वा भावार्थ केही पनि बोक्दैन र औचित्य, आवश्यकता र समय सन्दर्भसँग पनि विल्कुलै मेल खाँदैन।

## ११. रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरणको सही अर्थ

**कमरेडहरू,**

आज पार्टीभित्र र बाहिर तीन शब्द धेरै सुनिएका छन्– रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरण। यी शब्दहरू केवल राजनीतिक नारा होइनन्। सही अर्थमा बुझ्ने हो भने यी एमालेको पुनर्जागरणका आधार बन्न सक्छन्। गलत अर्थमा प्रयोग गर्ने हो भने यी नै शब्दहरूले पार्टीको मेरुदण्ड कमजोर बनाउन सक्छन्। त्यसैले आज हामीले सबैभन्दा पहिले यी शब्दहरूको अर्थ स्पष्ट गर्नुपर्छ।

रूपान्तरण आवश्यक छ, भइ पनि रहन्छ। यसमा कुनै विवाद छैन। समय बदलिएको छ। समाज बदलिएको छ। युवाको मन बदलिएको छ। सूचना प्रवाहको गति बदलिएको छ। जनताको अपेक्षा बदलिएको छ। शासनको मापदण्ड बदलिएको

छ। नागरिक अब अवसर चाहन्छन्। उनीहरू राज्य र पार्टी दुवैलाई आफ्नो जीवनसँग जोडिएको देख्न चाहन्छन्।

त्यसैले एमाले पनि बदलिँदै जानुपर्छ।

तर रूपान्तरण भनेको इतिहास मेट्ने अभियान होइन। रूपान्तरण भनेको पार्टीको सङ्घर्ष, विचार, बलिदान र सङ्गठनात्मक परम्परालाई अपमान गर्ने नाम होइन। कुनै वृक्षमा नयाँ पालुवा ल्याउनुपर्यो भने जरा काटिँदैन, मलजल गरिन्छ। एमालेको इतिहास जरा हो। रूपान्तरण नयाँ पालुवा हो। जरा र पालुवा भिडाइयो भने वृक्ष सुक्छ।

जरा र पालुवा जोडियो भने वृक्ष फेरि हरियो हुन्छ।

रूपान्तरणको सही अर्थ शैली बदल्नु हो। जनतासँग बोल्ने भाषा बदल्नु हो। निर्णय प्रक्रिया छरितो बनाउनु हो। सङ्गठनलाई कागजमा होइन, मैदानमा सक्रिय बनाउनु हो। कमिटीलाई बैठकको औपचारिकता होइन, जनताको समस्याको समाधान-केन्द्र बनाउनु हो। नेतृत्व मण्डलीलाई आदेश दिने तहबाट सुन्ने, बुझ्ने र परिणाम निकाल्ने तहमा बदल्नु हो। पार्टीलाई निर्वाचनको बेला मात्र जनताको घरमा पुग्ने होइन, वर्षभरि जनताको जीवनसँग जोडिने बनाउनु हो। रुपान्तरण भनेको रुपमा अन्तर ल्याउनु हो। अवस्थामा परिवर्तन ल्याउनु हो।

रूपान्तरणको अर्थ डिजिटल युगमा सत्यलाई प्रभावकारी बनाउनु पनि हो।

हाम्रो विचार सही छ भनेर मात्र पुग्दैन। सही कुरा सही समयमा, सही भाषामा, सही माध्यमबाट जनतासम्म पुग्नुपर्छ। झुट छिटो पुग्ने युगमा ढिलो हिँड्ने सत्य मात्र भएर पुग्दैन। पार्टीसँग तथ्य हुनुपर्छ, तर तथ्यसँग गति पनि हुनुपर्छ। पार्टीसँग विचार हुनुपर्छ, तर विचारसँग नयाँ पुस्ताले बुझ्ने भाषा पनि हुनुपर्छ।

पार्टीसँग इतिहास हुनुपर्छ, तर इतिहाससँगै भविष्यको खाका पनि हुनुपर्छ।

रूपान्तरणको अर्थ महिलालाई नेतृत्व र नीति निर्माणमा अगाडि ल्याउनु हो। युवालाई प्रतीक बनाएर मञ्चमा राख्नु मात्र होइन, काम, जिम्मेवारी र निर्णयमा सहभागी गराउनु हो। दलित, आदिवासी, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, श्रमिक, किसान, प्रवासी नेपाली, उद्यमी, विद्यार्थी, शिक्षक— सबैको जीवनसँग पार्टीको नीति जोड्नु हो।

रूपान्तरणको अर्थ पार्टीभित्रको अनुशासनलाई डरको विषय होइन, विश्वासको विषय बनाउनु हो। अनुशासन भनेको मौनता होइन। मर्यादित अभिव्यक्ति र क्रियाकलाप हो।

अनुशासन भनेको असहमति पनि पार्टीको उद्देश्यभित्र, पार्टीको मर्यादाभित्र र पार्टीको भविष्यप्रति जिम्मेवार भएर राख्नु हो।

हस्तान्तरणको सन्दर्भमा, नेतृत्व हस्तान्तरण हुन्छ। हुनुपर्छ। नेतृत्व कुनै व्यक्तिको निजी सम्पत्ति होइन। पार्टी कसैको व्यक्तिगत कुरा होइन। एमाले विचारको धारा हो, जनताको भरोसा हो, कार्यकर्ताको पसिना हो, सहिदको सपना हो, सङ्घर्षको निरन्तरता हो। त्यसैले कुनै पनि नेतृत्व स्थायी हुँदैन। मैले पनि आफूलाई स्थायी ठानेको छैन।

म बाटो रोक्दिनँ।म बाटो सुरक्षित बनाउन आएको हुँ।
कसैले चाहेर पनि सधैँका लागि हुनै सक्दैन।

तर हस्तान्तरणको पनि विधि हुन्छ, समय हुन्छ, तयारी हुन्छ, परिपक्वता हुन्छ। खेतमा बीउ रोपेपछि अर्को दिन बाली काट्न खोजियो भने खेत पनि बिग्रन्छ, बीउ पनि बिग्रन्छ। नेतृत्व पनि त्यस्तै हो। नेतृत्व घोषणा गरेर तयार हुँदैन। नेतृत्व सङ्घर्षबाट तयार हुन्छ। जिम्मेवारीबाट तयार हुन्छ। जनताको बिचबाट तयार हुन्छ। सङ्कटमा निर्णय गरेर तयार हुन्छ। आलोचना सहेर तयार हुन्छ। सङ्गठन चलाएर तयार हुन्छ। पराजयबाट सिकेर तयार हुन्छ। विजयी हुँदा संयम राखेर तयार हुन्छ। इश्र्या, हतारो दावी वा महत्वकांक्षाले नेतृत्व तयार हुने होइन।

हस्तान्तरण भनेको हतारमा पार्टीको साँचो कसैलाई थमाउनु होइन। त्यो हस्तान्तरण होइन, अस्थिरता हो। हस्तान्तरण भनेको आजको नेतृत्वले भोलिको नेतृत्वलाई तयार गर्ने प्रक्रिया हो। काम बाँड्ने प्रक्रिया हो। जिम्मेवारी दिनु हो। परीक्षण गर्नु हो। जनतासँग जोड्नु हो। सङ्गठनको विश्वास निर्माण गर्नु हो। पार्टीको नीति, विचार र अनुशासनसँग नयाँ नेतृत्वलाई परिपक्व बनाउनु हो।

नेतृत्व हस्तान्तरण, प्रक्रियाबाट आयो भने पार्टी बलियो हुन्छ।
दबाब, हल्ला, अपमान र अधैर्यबाट आयो भने पार्टी विभाजित हुन्छ।

म हस्तान्तरण रोक्न उभिएको होइन। म विधिविहीन, प्रतिशोधी, लुछाचुँडी र अव्यवस्थित हस्तान्तरण रोक्न उभिएको हुँ। म नयाँ नेतृत्वबाट डराएको होइन। म

नेतृत्वलाई केवल पदको आकाङ्क्षामा सीमित गर्ने प्रवृत्तिको विरोधी हुँ। नेतृत्व चाहना होइन, क्षमता हो। नेतृत्व नारा होइन, जिम्मेवारी हो। नेतृत्व आक्रोश होइन, धैर्य हो। नेतृत्व अधिकार होइन, त्याग हो। नेतृत्वको अर्थ अगाडि बस्नु मात्र होइन, चोट पहिले खानु पनि हो।

जसले पार्टीको कठिन दिनमा पार्टीलाई बोकेको छैन,
उसले पार्टीको भविष्य बोक्न कति तयार छ भन्ने प्रश्न स्वाभाविक हो।

त्यस्तै, पुस्तान्तरण अनिवार्य छ। कुनै पनि पार्टी एउटै पुस्ताको बलमा सधैँ अघि बढ्न सक्दैन। पुरानो पुस्ताले पार्टीलाई जन्मायो, बढायो, जेल, आन्दोलन, सङ्गठन, विचार र बलिदानबाट यहाँसम्म ल्यायो। नयाँ पुस्ताले पार्टीलाई नयाँ युगमा लैजानुपर्छ। प्रविधि बुझ्ने, विश्व बुझ्ने, डिजिटल समाज बुझ्ने, उद्यम बुझ्ने, युवाको मन बुझ्ने, बदलिँदो अर्थतन्त्र बुझ्ने more advance नयाँ पुस्ता पार्टीको भविष्य हो।

एमालेमा नयाँ पुस्ता पाहुना होइन।
नयाँ पुस्ता एमालेको उत्तराधिकारी हो।

**तर बुझ्नै पर्ने प्रश्न के छ भने–**

यथास्थितिवादी पार्टीहरू र परिवर्तनकारी पार्टीहरूमा नेतृत्वको प्रश्न एउटै र उस्तै हुँदै होइन। यथास्थितिवादी पार्टीको नेतृत्व CEO वा Manager नियुक्त गरे जस्तै–जस्तै हो। किनकि उनीहरूले सचेतनतापूर्वक संघर्षको नेतृत्व गर्नु पर्दैन। तर एउटा क्रान्तिकारी पार्टीको नेतृत्वको प्रश्न सांगठनिक मात्र होइन, वैचारिक मुख्य हो। यसले वैचारिक रूपमा हरदम सतर्कताका साथ अग्रगामी संघर्षको नेतृत्व गर्नु पर्दछ। अर्कोतिर प्रतिक्रियावादीहरू जनतामा झूठ छर्छन्, भ्रम फैलाउँछन् र संगठनको बलमा भन्दा मिथ्याको बलमा राजनीति गर्छन्, चुनाव जित्छन्। यसका लागि संगठन त्यति बढी महत्वको कुरा हुँदैन। तर कम्युनिष्ट पार्टीले सत्यमा जनतालाई शिक्षित र सचेत पारेर त्यसको बलमा संगठन गरेर संगठनको बलमा जनता साथ लिएर क्रान्तिको काम अघि बढाउनु पर्दछ।

अर्को कुरा, बनिबनाऊ राज्य संयन्त्र सदैव यथास्थितिको पक्षमा र परिवर्तनको विपक्षमा हुन्छ। यथास्थितिवादीहरूलाई राज्य संयन्त्र संचालनको सुविधा हुन्छ, तर परिवर्तनकारी शक्तिले राज्य संयन्त्रको असहयोगको बीचमा सावधानीपूर्वक सञ्चालन गर्नु पर्दछ। यसका निम्ति संघर्षको इतिहासबाट स्थापित व्यक्तित्व, क्षमताको प्रचुरता,

विश्वसनीयता आदिको आवश्यकता पर्दछ। यो उपलब्धता र तुलनात्मकता भित्रको छनौटको प्रश्न हो। यसको पनि आवधिक विधि हुन्छ।

यी प्रश्नहरू नबुझी वा बुर्जुवा, दक्षिणपंथी वा हावादारी पपुलिष्ट 'निर्दलवादीहरु'को प्रतिस्पर्धामा नेतृत्वको प्रश्नलाई घोलमेल गर्ने हो भने क्रान्तिकारी पार्टी रहँदैन। Cadre पार्टी होइन यथास्थितिवादी Mass Party मात्र रहनेछ। पार्टी निर्माण र नेतृत्वको प्रश्नमा हामीलाई त्यसै लान खोजिँदैछ।

तर पुस्तान्तरण पुस्ताबिच युद्ध होइन। पुस्तान्तरण भनेको 'बा हटाऊ, छोरा ल्याऊ' भन्ने भावनात्मक नारा होइन। पुस्तान्तरण भनेको अनुभव र ऊर्जा जोड्ने प्रक्रिया हो। पुरानो पुस्तासँग सङ्घर्षका चोटहरू छन्, खतहरू छन्, र तिनको स्मृति छ। नयाँ पुस्तासँग समयको गति छ। पुरानो पुस्तासँग विचारको गहिराइ छ। नयाँ पुस्तासँग भाषाको ताजापन छ। पुरानो पुस्तासँग सङ्गठनको धैर्य छ। नयाँ पुस्तासँग प्रविधिको साहस छ। यसको अर्थ नयाँ पुस्ताका सबैमा प्रविधिको विज्ञताको छयालब्याल छ र पुरानो पुस्ता विचरा र अनविज्ञ छ भन्ने पनि होइन।

प्रतिक्रियावादी शक्तिहरु "फुटाउ र राज गर"को नीतिमा हुन्छन् र आमरुपमा त्यसमा तिनीहरु सफल पनि हुँदै आएका छन्। हाम्रै देशमा पनि तिनले विगत केही वर्षकै अनुभव हेर्‍यौं भने पनि हामी नेपालीहरुलाई जातिका नाममा फुटाउन खोजे, भाषाका नाममा फुटाउन खोजे, धर्मका नाममा फुटाउन खोजे, भूगोलका नाममा फुटाउन खोजे अर्थात् यस्ता विविधताका चरहरु जहाँजहाँ भेटे त्यहाँ फेसा ठोक्दै गए। ती सबै कुराहरु पछि अब पुस्तान्तरणको प्राकृतिक यथार्थ र स्वाभाविक अनिवार्यतालाई विषय बनाएर फेसा ठोक्न खोजे। केही समयका लागि नै सही तर यसले बजार भने पायो। हामीले यसलाई यथार्थ धरातलमा फर्काउनु पर्छ, उनीहरुले लान खोजेको अनुचित र अस्वाभाविक दिशातिर जान दिनु हुँदैन।

यी दुईलाई भिडाइयो भने पार्टी भाँचिन्छ।
यी दुईलाई जोडियो भने पार्टी उभिन्छ र गति लिन्छ।

पार्टीले अब पुस्तान्तरणलाई घोषणामा होइन, प्रणालीमा बदल्नुपर्छ। प्रत्येक तहमा नेतृत्व विकासको योजना चाहिन्छ। युवा नेतृत्व केवल कोटाबाट होइन, जिम्मेवारीबाट विकास हुनुपर्छ। प्रशिक्षण चाहिन्छ। वैचारिक शिक्षण चाहिन्छ। जनसम्पर्क चाहिन्छ।

स्थानीय समस्या समाधानको अभ्यास चाहिन्छ। डिजिटल सञ्चारको दक्षता चाहिन्छ। नीति निर्माणमा सहभागिता चाहिन्छ। सङ्गठन चलाउने अवसर चाहिन्छ।

चुनावी मैदानमा परीक्षण चाहिन्छ।
परिणाम मापन चाहिन्छ।

महिला नेतृत्वको प्रश्न पनि यहीसँग जोडिएको छ। आधा समाजलाई प्रतीकात्मक प्रतिनिधित्व दिएर पार्टी आधुनिक बन्दैन। महिलालाई निर्णायक भूमिकामा ल्याउनुपर्छ। स्थानीय तहदेखि केन्द्रीय नेतृत्वसम्म योजना बनाएर अगाडि बढाउनुपर्छ। युवा र महिला नेतृत्वलाई केवल ताली पाउने मञ्चमा होइन, कठिन जिम्मेवारीमा राख्नुपर्छ।

नेतृत्व सुविधा पाएर होइन,
जिम्मेवारी बोकेर निर्माण हुन्छ।

मेरो दृष्टिकोण स्पष्ट छ। रूपान्तरण हुन्छ, तर एमालेको विचार र इतिहासलाई कमजोर बनाएर होइन। हस्तान्तरण हुन्छ, तर पार्टीलाई अनिश्चिततामा धकेलेर होइन। पुस्तान्तरण हुन्छ, तर पुस्ताबिच अविश्वास रोपेर होइन। यी तीनै कुरा सम्मान, विधि, तयारी, प्रशिक्षण, जिम्मेवारी र सङ्गठनात्मक अनुशासनका आधारमा हुनुपर्छ।

यही नै परिपक्व पार्टीको बाटो हो।
पार्टीको दृष्टिकोण पनि यही हुनुपर्छ।

रूपान्तरणलाई केवल अध्यक्षविरोधी नारा मात्र होइन, रूपान्तरणलाई सङ्गठन सुधारको कार्यक्रम बनाउनुपर्छ। हामीले हस्तान्तरणलाई पदको तानातान होइन, नेतृत्व निर्माणको योजना बनाउनुपर्छ। हामीले पुस्तान्तरणलाई पुराना र नयाँबिचको मनोवैज्ञानिक युद्ध होइन, अनुभव र नयाँ ऊर्जाको सहकार्य बनाउनुपर्छ।

अब प्रश्न आउँछ,
यसको मापन कसरी गर्ने?

रूपान्तरण भाषणबाट मापन हुँदैन। कति कमिटी सक्रिय भए? कति नेता जनताको घरमा पुगे? कति कार्यकर्ताले वास्तविक जिम्मेवारी पाए? कति महिला निर्णायक भूमिकामा आए? कति स्थानीय मुद्दा पार्टीले उठायो? कति डिजिटल प्रतिवाद तथ्यसहित जनतासम्म

पुग्यो? कति सदस्य सक्रिय भए? कति जनवर्गीय सङ्गठन समाजका वास्तविक प्रश्नमा उपस्थित भए? कति किसान, मजदुर, विद्यार्थी, शिक्षक, उद्यमी र सुकुम्बासीका मुद्दा पार्टीको मुख्य काम बने?

मापन यही हो ।

हस्तान्तरणको पनि मापन हुनुपर्छ । उत्तराधिकारी घोषणा गरेर मात्र हुँदैन । कुन नेता कुन जिम्मेवारीमा परीक्षण भयो? कसले सङ्कटमा संयम देखायो? कसले सङ्गठन जोडे? कसले जनताको विश्वास कमायो? कसले आलोचना सह्यो? कसले विचार र व्यवहार दुवैमा परिपक्वता देखायो? कसले पार्टीको हितलाई व्यक्तिगत आकाङ्क्षाभन्दा माथि राख्यो?

यी आधारमा नेतृत्व तयार हुन्छ ।

पुस्तान्तरणको मापन पनि स्पष्ट हुनुपर्छ । कति युवा सुल्झिएका नीति बहसमा आए? कति युवा स्थानीय समस्या समाधानमा खटिए? कति युवा विचारमा प्रशिक्षित भए? कति युवा डिजिटल अभियान चलाउन सक्षम भए? कति युवा जनतासँग प्रत्यक्ष संवादमा गए? कति युवा केवल उमेरका कारण होइन, क्षमता र जिम्मेवारीका कारण अगाडि आए?

पार्टीले यही हेर्नुपर्छ ।

यसैले कमरेडहरू, रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरणलाई हामीले अस्थिरताको भाषा बनाउनु हुँदैन । यी शब्दहरूलाई पुनर्जागरणको भाषा बनाउनुपर्छ । एमाले कमजोर हुँदा यी शब्दहरू नारा बन्छन् । एमाले आत्मविश्वासी हुँदा यी शब्दहरू योजना बन्छन् । हामी नारा होइन, योजना चाहन्छौँ । हामी हल्ला होइन, विधि चाहन्छौँ । हामी अपमान होइन, सम्मान चाहन्छौँ । हामी अधैर्य होइन, तयारी चाहन्छौँ ।

आजको निष्कर्ष स्पष्ट छ: रूपान्तरण हाम्रो बाध्यता होइन, हाम्रो सङ्कल्प हो । हस्तान्तरण हाम्रो डर होइन, हाम्रो परिपक्वता हो । पुस्तान्तरण हाम्रो विभाजन होइन, हाम्रो निरन्तरता हो । अनुभव र ऊर्जा जोडेर, विचार र प्रविधि जोडेर, इतिहास र भविष्य जोडेर एमाले फेरि उठ्छ ।

यही मेरो दृष्टिकोण हो ।
यही पार्टीको दृष्टिकोण हुनुपर्छ ।

## १२. पार्टीका तत्कालका दुई प्रमुख कार्यभार

**कमरेडहरू,**

अब एमालेले केवल आफूलाई बचाउने राजनीति गरेर पुग्दैन। बचाउ आवश्यक छ, तर बचाउ मात्रै राजनीति होइन। हामीमाथि आरोप लागे, हामी जवाफ दिन्छौँ। लोकतान्त्रिक संस्थामाथि प्रहार भयो, हामी प्रतिवाद गर्छौँ। सरकारको गलत कदम देखियो, हामी प्रश्न गर्छौँ। तर एमालेको कार्यभार यत्तिमै सीमित हुन सक्दैन। प्रतिपक्षमा रहेर हामी केवल विरोध मात्र गर्दैनौँ। सच्चिन, पार्टी पुनर्निर्माण गर्न, नयाँ भरोसा कमाउन र राष्ट्रलाई फेरि स्थिर लोकतान्त्रिक दिशामा लैजानका लागि विद्यमान अवस्थालाई अवसरका रूपमा लिन्छौँ।

पराजयपछि दुई बाटा हुन्छन्। एउटा बाटो आत्मदया हो— हामीमाथि अन्याय भयो, हाम्रो कुरा सुनिएन, वातावरण असमान थियो भनेर बस्ने। अर्को बाटो आत्मजागरण हो— के भयो, किन भयो, कहाँ चुक्यौँ, कसरी उठ्ने, जनतासँग कसरी फर्कने, भविष्य कसरी बनाउने भनेर काममा लाग्ने। एमालेले दोस्रो बाटो रोज्नुपर्छ।

इतिहासमा टिक्ने पार्टी त्यो होइन, जसले कहिल्यै हार्दैन।
इतिहासमा टिक्ने पार्टी त्यो हो, जसले हारबाट ज्ञान निकाल्छ।

विज्ञानले भन्छ, कुनै पनि जीवित प्रणाली बाहिरी आघातपछि दुई तरिकाले प्रतिक्रिया गर्छ। कि त्यो प्रणाली भत्किन्छ, कि आफूलाई पुनः संयोजन गरेर अझ सक्षम हुन्छ। जीवित शरीरमा प्रतिरक्षा प्रणाली हुन्छ। सङ्कट आएपछि शरीरले नयाँ प्रतिरोध शक्ति बनाउँछ। पार्टी पनि जीवित प्रणाली हो। हाम्रो प्रतिरक्षा प्रणाली भनेको विचार, सङ्गठन, कार्यकर्ता, जनसम्पर्क, अनुशासन, तथ्य, नैतिकता र जनताको विश्वास हो।

**पहिलो -** संविधान र लोकतान्त्रिक प्रणालीको रक्षा हो। संसद्, न्यायपालिका, संवैधानिक निकाय, प्रेस, विद्यार्थी सङ्गठन, ट्रेड युनियन, नागरिक स्वतन्त्रता र सङ्घीय संरचना— यी सबै लोकतन्त्रका अङ्ग हुन्। एमाले यी संस्थाहरूको अग्रपङ्क्तिको रक्षक बन्नुपर्छ। लोकतन्त्र हरेक दिन नागरिकले प्रश्न गर्न पाउने अधिकार हो। हरेक दिन संसद्ले

सरकारलाई जवाफदेही बनाउने अभ्यास हो। हरेक दिन अदालतले नागरिकको अधिकार बचाउने क्षमता हो। हरेक दिन सङ्गठनहरूले श्रमिक, विद्यार्थी र नागरिकको आवाज उठाउने स्वतन्त्रता हो। लोकतन्त्र जन अपेक्षाहरुको परिपूर्ति र आपूर्तिको प्रणाली हो।

२०८२ भाद्र २३ र २४ गते को हाम्रो राष्ट्रिय स्वाधीनता विरुद्ध रचिएका अराजनीतिक र अपराधिक वितण्डा त्यसपछि असंवैधानिक र संविधानविपरीत प्रधानमन्त्रीको नियुक्ति, अवैध सिफारिसमा असंवैधानिक ढङ्गले भएको प्रतिनिधि सभाको विघटन, त्यसपछिका त्यसै उद्देश्यको निरन्तरताका घट्नाहरू र त्यस उद्देश्यलाई अघि बढाउन र ती तमाम प्रक्रियाहरुलाई वैधता दिन रचना गरिएको आम निर्वाचन यथार्थमा प्रतिगमनका सिलसिलाहरु हुन्। प्रतिनिधि सभाको असंवैधानिक विघटन विरुद्ध र विघटित प्रतिनिधि सभाको पुनःस्थापनाको माग गर्दै हामीले सर्वोच्च अदालतमा दिएको मुद्दा अहिले पनि विचाराधीन अवस्थामा नै छ। हामी न्यायको प्रतिक्षामा छौं र न्याय विलम्ब भइरहेको छ। यो लोकतन्त्र, संविधान, विधिको शासन र जनतामा सार्वभौम सत्ता रहने यथार्थ शान्तिका स्रोत जनता हुन् भन्ने अत्यन्तै महत्वपूर्ण सारतत्व बोकेको मुद्दा भएकाले यसको अविलम्ब फैसला हुनु पर्दछ। लोकतन्त्र र संविधानले हार्नु हुँदैन। लोकतन्त्रको वापसीका लागि हामीले आफूलाई निर्णायक आन्दोलनका लागि तयारी अवस्थामा राख्न पर्दछ। यसका लागि पार्टीमा सुदृढ आन्तरिक एकता चाहिन्छ। न्यायक सजिलोसँग पाइँदैन भने जनबलमा न्याय स्थापना गरिनु पर्दछ। यसका निम्ति हामीले पहिलो त आपूmलाई तयार पार्नु पर्दछ। दोस्रोमा यस महान् र पवित्र राष्ट्रिय उद्देश्यमा मिल्ने मिल्न सकिने सबै शक्ति समूह र व्यक्तिहरुसँग सहकार्य गर्दै आन्दोलनमा अघि बढ्नु पर्दछ। हाम्रो काँधमा रहेको आजका पहिलो र सबभन्दा महत्वपूर्ण कार्यभार यही हो।

एमालेले यही भाषा बोल्नुपर्छ।

**दोस्रो -** आगामी निर्वाचनको तयारी हो। स्थानीय तहको निर्वाचन सामुन्नेमा छ। गएको निर्वाचनमा हामीले नराम्ररी पराजय भोग्यौं। आगामी दिनमा पनि हाम्रा अगाडि ठूलाठूला बाधा र चुनौती आउने छन्। तिनको सामना गर्न हामीले अहिलेदेखि तयारी गर्नु पर्नेछ। हामीलाई पराजित गर्ने षडयन्त्र र छंदैछ। तर अबको निर्वाचनमा हामीले जसरी पनि सफलता प्राप्त गर्नु पर्नेछ। त्यसका लागि सिंगो पार्टी निर्वाचनका लागि योजनाबद्ध रुपमा तयारीमा लाग्नु जरुरी छ।

## १३. यी दुई कार्यभार पूरा गर्न पन्ध्र प्रमुख काम

**पहिलो**-सत्यलाई जनतासम्म पुर्याउनु हो। सत्य आफैँ हिँडेर जनताको घर पुग्दैन। सत्यलाई बोकेर जानुपर्छ। भदौका घटनाको सत्य, लोकतान्त्रिक प्रक्रियामा परेको चोटको सत्य, चुनावी वातावरणको सत्य, पार्टीमाथि लगाइएका आरोपहरूको तथ्य, हाम्रो आफ्नै कमजोरीको स्वीकारोक्ति, र आगामी सुधारको सङ्कल्प— यी सबै कुरा स्पष्ट भाषामा जनतासम्म पुर्याउनुपर्छ। प्रत्येक जिल्लामा 'सत्य संवाद' अभियान चल्नुपर्छ। प्रत्येक पालिकामा जनसुनुवाइ हुनुपर्छ। प्रत्येक वडामा घरदैलो र खुला छलफल हुनुपर्छ। प्रत्येक जनवर्गीय सङ्गठनले आफ्नो क्षेत्रका मुद्दामा तथ्य र समाधानसहित जनतासँग बस्नुपर्छ।

हाम्रो सत्य भाषणमा होइन, प्रत्यक्ष संवादमा पुग्नुपर्छ।

**दोस्रो** - राष्ट्रका समस्या र जनजीविका केन्द्रित प्रतिपक्ष बन्ने हो। प्रतिपक्ष केवल संसद्मा बोल्ने संस्था होइन। प्रतिपक्ष जनताको असन्तोषलाई नीति, प्रश्न र सङ्घर्षमा बदल्ने राजनीतिक शक्ति हो। महँगी, बेरोजगारी, किसानको मूल्य, मजदुरको श्रम, साना उद्यमीको कर, विद्यार्थीको भविष्य, शिक्षकको कक्षा, स्वास्थ्य खर्च, महिला सुरक्षा, सुकुम्बासीको आवास, सीमावर्ती नागरिकको सम्मान, प्रवासी नेपालीको पीडा, यी सबै एमालेको दैनिक राजनीति बन्नुपर्छ। हामी संसद्मा प्रश्न गर्छौँ, सडकमा जनतासँग उभिन्छौँ, अदालतमा अधिकारको पक्ष लिन्छौँ, स्थानीय तहमा समाधान खोज्छौँ, र समाजमा सेवा गर्छौँ।

सत्ता बाहिर बसेर पनि जनतासँग रहेको पार्टीले मात्र,
फेरि सत्ताको नैतिक दाबी गर्न सक्छ।

**तेस्रो** - डिजिटल पुनर्निर्माण हो। आज राजनीति मोबाइलको पर्दामा लडिन्छ। झुटलाई हप्तापछि जवाफ दिएर हुँदैन। झुट एक घण्टामा फैलिन्छ भने सत्य आधा घण्टाभित्र पुग्नुपर्छ। एमालेले केन्द्रीय तथ्य–संवाद–प्रतिवाद संयन्त्र बनाउनुपर्छ। प्रत्येक आरोपको तथ्यपत्र तयार हुनुपर्छ। कुन आरोपमा के तथ्य छ, कुन निर्णय कहिले भयो, कुन निकाय जिम्मेवार छ, अदालतले के भन्यो, सरकारको आधिकारिक कागज के हो— यी सबै सरल भाषामा, छोटा भिडियोमा, चित्रमा, प्रश्नोत्तरमा, स्थानीय भाषामा, युवा प्रस्तुतकर्तामार्फत जनतासम्म पुग्नुपर्छ।

सत्य धिमा भयो भने झुटले शासन गर्छ।
हाम्रो कार्यभार सत्यलाई गति दिनु हो।

**चौथौ -** सङ्गठनलाई नतिजामुखी बनाउनु हो। पार्टीको शक्ति सदस्य सङ्ख्या मात्र होइन। सदस्य सक्रिय छन् कि छैनन्, जनतासँग जोडिएका छन् कि छैनन्, समस्या समाधानमा छन् कि छैनन्, यही मुख्य कुरा हो। प्रत्येक कमिटीले मासिक कामको मापन दिनुपर्छ। कति घरमा पुगे? कति जनसुनुवाइ गरे? कति स्थानीय समस्या उठाए? कति युवा जोडे? कति महिला नेतृत्वमा आए? कति किसान, मजदुर, विद्यार्थी, उद्यमी र पेसागत समूहसँग बैठक गरे? कति डिजिटल सामग्री पुर्याए? कति आरोपको तथ्यगत प्रतिवाद गरे?

काम नगर्ने संरचना नाम मात्रको संरचना हो।
एमाले अब नतिजा नाप्ने सङ्गठन बन्नुपर्छ।

**पाँचौं-** युवा नेतृत्वको वास्तविक निर्माण हो। युवा केवल नारा लगाउने शक्ति होइनन्। युवा नीति बनाउने शक्ति हुन्। उनीहरूलाई मञ्च सजाउने होइन, निर्णयमा ल्याउने हो। युवालाई पालिका, जिल्ला, प्रदेश र केन्द्रीय कार्यमा वास्तविक जिम्मेवारी दिनुपर्छ। प्रविधि, उद्यम, शिक्षा, रोजगार, जलवायु, सहरी शासन, डिजिटल अर्थतन्त्र, संस्कृति र नागरिक स्वतन्त्रताका विषयमा युवा नीति समूह गठन गर्नुपर्छ। युवा नेतृत्वलाई प्रशिक्षण, जिम्मेवारी, मैदान र मूल्याङ्कन दिनुपर्छ।

पुस्तान्तरण भावनाबाट होइन,
क्षमताको निर्माणबाट हुन्छ।

**छैटौँ -** महिला नेतृत्व र सामाजिक प्रतिनिधित्वलाई निर्णायक बनाउनु हो। आधा समाजलाई आधा जिम्मेवारी नदिई कुनै पार्टी आधुनिक हुन सक्दैन। महिलालाई केवल कार्यक्रममा सम्मानित अतिथि होइन— नीति, सङ्गठन, चुनाव, वित्त, सञ्चार र सङ्घर्षको नेतृत्वमा ल्याउनुपर्छ। दलित, आदिवासी, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका नागरिक, पिछडिएको क्षेत्र, प्रवासी श्रमिक, सहरी गरिब— सबैको आवाज पार्टी संरचनामा बलियो हुनुपर्छ।

सामाजिक न्याय नारा होइन,
सङ्गठनात्मक संरचना हुनुपर्छ।
शोभाका लागि सहभागिता होइन, सफलताका लागि क्षमता वृद्धि हुनुपर्छ।

**सातौँ -** आन्तरिक अनुशासन र खुला संवादको सन्तुलन हो। असहमति पार्टीको शक्ति हो, पार्टीभित्र नियमित खुला बहस हुनुपर्छ। आलोचना सुन्ने व्यवस्था हुनुपर्छ। निर्णय प्रक्रियामा पारदर्शिता हुनुपर्छ। तर सार्वजनिक रूपमा पार्टीको मूल रेखा तोड्ने, अपुष्ट आरोप फैलाउने, विपक्षीको न्यारेटिभ बलियो बनाउने र सङ्गठनको मनोबल गिराउने गतिविधि अनुशासनको विषय हुनुपर्छ। लोकतान्त्रिक पार्टीमा खुलापन र अनुशासन दुवै चाहिन्छ।

खुलापनबिना पार्टी जड हुन्छ।
अनुशासनबिना पार्टी विखण्डित हुन्छ।

**आठौं-** वैकल्पिक शासन-खाका तयार गर्नु हो। सरकारको आलोचना गरेर मात्र एमालेले फेरि जनताको विश्वास जित्न सक्दैन। जनताले सोध्नेछन्— तपाईंहरूको एजेन्डा के हो? रोजगारी कसरी सिर्जना गर्ने? वैदेशिक रोजगारीनिर्भरता कसरी घटाउने? शिक्षा कसरी रोजगारसँग जोड्ने? कृषि कसरी बजार, प्रविधि र उद्योगसँग जोड्ने? स्वास्थ्य खर्च कसरी घटाउने? सहरी गरिबी कसरी सम्बोधन गर्ने? सुकुम्बासी समस्या कसरी समाधान गर्ने? सीमा क्षेत्रको जीवन र राजस्व दुवै कसरी सुरक्षित गर्ने? भ्रष्टाचार नियन्त्रणमा प्रविधि, खुला डाटा र पारदर्शिता कसरी प्रयोग गर्ने? यी प्रश्नमा एमालेले ठोस कार्यक्रम पहिलेदेखि नै दिंदै आएको छ अब अझबढी अद्यावधिक ढंगले दिनुपर्छ। शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, वातावरण आदि क्षेत्रका विषयमा नीति निर्माणमा विभागहरुको भूमिका प्रभावकारी बनाउँदै जानु पर्छ।

प्रतिपक्षको अर्थ वैकल्पिक सरकारको तयारी हो।

**नवौं -** जनसेवामूलक पार्टी निर्माण हो। सत्ता नहुँदा पनि पार्टीले समाजको सेवा गर्न सक्छ। बाढी, पहिरो, महामारी, शिक्षा सहयोग, स्वास्थ्य शिविर, कानुनी सहयोग, रोजगारी परामर्श, कृषि सहजीकरण, साना उद्यमी सहायता, विद्यार्थी मार्गदर्शन, प्रवासी परिवार सहायता— यी क्षेत्रमा पार्टीका संरचनाहरू सक्रिय हुनुपर्छ।

नागरिकले पार्टीलाई झण्डाबाट होइन,
सङ्कटमा पुगेको सहयोगबाट सम्झन्छन्।

**दशौँ-** ज्ञानमा आधारित पार्टी बनाउने हो। आजको राजनीति केवल नाराले चल्दैन। तथ्य, अनुसन्धान, डाटा, नीति विश्लेषण, सामाजिक मनोविज्ञान, अर्थशास्त्र, प्रविधि र जनमत अध्ययन आवश्यक छ। प्रत्येक प्रदेशमा नीति अध्ययन/अनुसन्धान समूह हुनुपर्छ। प्रत्येक प्रमुख मुद्दामा तथ्यपत्र हुनुपर्छ। बजेट, शिक्षा, स्वास्थ्य, रोजगार, कृषि, उद्योग, विदेश नीति, सङ्घीयता, डिजिटल शासन, न्याय सुधार— यी विषयमा एमालेको आधिकारिक अध्ययन र वैकल्पिक प्रस्ताव हुनुपर्छ।

दर्शनले दिशा दिन्छ, विज्ञानले पद्धति दिन्छ,
सङ्गठनले कार्यान्वयन दिन्छ।
ज्ञानले बाटो दिन्छ।
यी तीनको सङ्गमबाट मात्र आधुनिक पार्टी बन्छ।

**एघारौँ -** नैतिक पुनर्निर्माण हो। जनताले दलहरूलाई केवल कार्यक्रमको आधारमा होइन, मूलतः चरित्रको आधारमा हेर्छन्। भ्रष्टाचार आरोप उठ्दा पार्टीले बचाउ मात्र होइन, पारदर्शी छानबिनको मार्ग देखाउनुपर्छ। स्थानीय तहदेखि केन्द्रसम्म आचारसंहिता लागू हुनुपर्छ। पद प्राप्तिलाई सेवाभन्दा माथि राख्ने प्रवृत्ति हटाउनुपर्छ। सार्वजनिक जीवनमा सादगी, जवाफदेहिता, पारदर्शिता र जनताप्रतिको विनम्रता स्थापित गर्नुपर्छ।

नैतिक शक्तिबिना राजनीतिक शक्ति टिक्दैन।

**बाह्रौँ -** स्थानीय मुद्दा केन्द्रित सङ्गठन हो। राष्ट्रिय राजनीति महत्त्वपूर्ण छ, तर जनताको जीवन स्थानीय हुन्छ। पानी, सडक, विद्यालय, स्वास्थ्य चौकी, बजार, जग्गा, कर, सुरक्षा, रोजगारी, कृषि, विपद्— यी सबै स्थानीय प्रश्न हुन्। एमालेको प्रत्येक वडा कमिटीले आफ्नो क्षेत्रको समस्या-सूची बनाउनुपर्छ। समाधानका लागि स्थानीय सरकार, प्रदेश, केन्द्र, अदालत, मिडिया र जनदबाब प्रयोग गर्नुपर्छ।

जनताको समस्या समाधान गर्ने पार्टीलाई जनताले फेरि खोज्छन्।

**तेह्रौँ-** प्रवासी नेपालीसँग नयाँ सम्बन्ध बनाउनु हो। देशको अर्थतन्त्रमा रेमिट्यान्सको भूमिका महत्त्वपूर्ण छ। तर प्रवासी नेपालीलाई केवल देशभित्र पैसा पठाउने नागरिकका रूपमा हेर्नु अन्याय हो। उनीहरू ज्ञान, सीप, अनुभव र पुँजीका स्रोत पनि हुन्। एमालेले प्रवासी श्रमिकको अधिकार, सुरक्षित रोजगार, पुनरागमनपछि उद्यम, परिवारको

शिक्षा, सामाजिक सुरक्षा र विदेशमा रहेका नेपालीको राजनीतिक संवादलाई प्राथमिकता दिनुपर्छ ।

बाहिर गएको युवाको देशसँग सम्बन्ध नटुटोस्,
त्यो भविष्यमा फर्किने र फर्कन सक्ने शक्ति हो र त्यस्तै बनाइनुपर्छ ।

**चौधौँ -** राष्ट्रिय स्वाधीनता र कूटनीतिक सन्तुलनको स्पष्ट नीति हो। हामीले पहिलेदेखि नै स्पष्ट दृष्टिकोण, नीति र व्यवहार अवलम्बन गर्दै आएका छौं र अब पनि छिमेकीहरूसँग सन्तुलित सम्बन्ध, विश्व शक्तिहरूसँग सम्मानपूर्ण सहकार्य, न्यायोचित राष्ट्रिय हितमा आधारित निर्णय, आर्थिक कूटनीति, सीमा संवेदनशीलता, जलस्रोत र व्यापारमा स्पष्ट अडान, जनविभाजन र सामाजिक विद्वेष विरुद्ध राष्ट्रिय एकता— यी सबैमा एमालेको दृष्टि स्पष्ट हुनुपर्छ ।

सानो देशको शक्ति स्थिर विवेक हो ।
एमालेले यही दृढ विवेकको प्रतिनिधित्व गर्नुपर्छ ।

**पन्ध्रौँ -** वैचारिक पुनर्पाठ हो । जनताको बहुदलीय जनवादलाई केवल ऐतिहासिक दस्तावेजमा सीमित गर्नु हुँदैन । आजको डिजिटल अर्थतन्त्र, कृत्रिम बुद्धिमत्ता (एआई), स्वचालन (अटोमेशन), जलवायु सङ्कट, युवा पलायन, सहरी असमानता, गिग इकोनोमी, शिक्षा बजार, स्वास्थ्य खर्च, लैङ्गिक न्याय, सांस्कृतिक परिवर्तन, यी सबैमा हाम्रो विचारको नयाँ व्याख्या आवश्यक छ । विचार जीवित हुनुपर्छ । हाम्रो पार्टीले लिएका परिपूर्ण लोकतन्त्र, समृद्ध नेपाल सुखी नेपालीको गन्तव्य यही जीवन्तताको प्रतिफल हो ।

जीवित विचारले समयसँग संवाद गर्छ ।
एमालेले आफ्नो विचारलाई नयाँ समयको प्रश्नसँग जोड्नुपर्छ ।

अब यी सबै कार्यभारलाई कार्यान्वयनमा लैजान चरणबद्ध योजना चाहिन्छ। पहिलो, सत्य संवाद र सङ्गठन सक्रियता। दोस्रो, जनजीविका अभियान र डिजिटल पुनर्निर्माण। सँगसँगै वैकल्पिक शासन-खाका, युवा नेतृत्व निर्माण र स्थानीय समस्या समाधान अभियान। त्यसपछि, आगामी निर्वाचनसम्म निरन्तर जनसम्पर्क, नीति अभियान, सङ्गठन अनुशासन र वैचारिक प्रशिक्षण ।

कामको तालिकाबिना सङ्कल्प कमजोर हुन्छ।

पुनर्जागरण बाहिरबाट आउँदैन। पुनर्जागरण भित्रको सत्य स्वीकारबाट सुरु हुन्छ। विज्ञानले भन्छ, सुधारका लागि प्रतिक्रिया-चक्र चाहिन्छ। काम गर, परिणाम नाप, गल्ती चिन, फेरि सुधार गर। पार्टीले पनि यही पद्धति अपनाउनुपर्छ। हामीले जनतासँग कुरा गर्ने, प्रतिक्रिया लिने, नीति सुधार्ने, सङ्गठन सच्याउने, र फेरि जनतामा जाने निरन्तर चक्र बनाउनुपर्छ।

यही वैज्ञानिक राजनीति हो।
यही जीवित सङ्गठनको चिह्न हो।

**कमरेडहरू,**

आगामी दिन सजिला छैनन्। आरोप आउने छन्। हमला हुने छन्। सरकारका गलत कदमको प्रतिवाद गर्नुपर्नेछ। जनताको विश्वास जित्न सजिलो हुने छैन। तर निरन्तरता, सत्य, सेवा, अनुशासन र नयाँ भाषा लिएर गए त्यति कठिन पनि छैनन्।

एमालेका आगामी कार्यभार यी नै हुन्।

सत्य जनतासम्म। पार्टी जनताको घरसम्म। युवा र महिला जिम्मेवारी, निणर्य र नेतृत्वसम्म। सङ्गठन काम-मापनसम्म। प्रतिपक्ष जनजीविकासम्म। संविधान प्रत्येक नागरिकको अधिकारसम्म। र, पुनर्जागरण प्रत्येक कार्यकर्ताको आत्मविश्वाससम्म। डिजिटल प्रतिवाद सत्यको विजय नभएसम्म। निरन्तर सङ्घर्ष गन्तव्यमा नपुगेसम्म।

यही एमालेको बाटो हो।
यही पुनर्जागरणको कार्यक्रम हो।
यही भविष्यको सङ्कल्प हो।

**कमरेडहरू,**

हामी आज एउटा कठिन सत्यको अगाडि उभिएका छौँ। नेकपा (एमाले)ले चुनावी पराजय भोगेको छ। यो पराजयलाई सानो भनेर पन्छाउन मिल्दैन। गएको भदौ २३/२४ र निर्वाचन परिणामले हामीलाई दिएको सन्देश कठोर छ। त्यो सन्देश सुन्नुपर्छ। त्यो सन्देशको अर्थ बुझ्नुपर्छ। तर यहीँ अर्को सत्य पनि छ— एमाले हारेको छ, तर एमाले

हराएको छैन। एमाले कमजोर भएको छ, तर एमालेको जरा सुकेको छैन। एमालेको मत घटेको छ, तर एमालेको ऐतिहासिक आवश्यकता समाप्त भएको छैन। एमाले जनताको सङ्घर्षबाट जन्मेको पार्टी हो।

एक चुनावले पार्टी समाप्त गर्दैन।
तर एक चुनावले यस्तो पार्टीलाई जागा गराउन सक्छ।

विज्ञानमा रोग देखिनु कहिलेकाहीँ शरीरको विनाश होइन, उपचारको सुरुवात हुन्छ। जब ज्वरो आउँछ, शरीरले सङ्केत दिन्छ कि भित्र केही असन्तुलन छ। ज्वरोसँग रिसाएर हुँदैन, कारण खोज्नुपर्छ। पार्टीको हार पनि त्यस्तै सङ्केत हो। जनताको मनमा असन्तोष भड्काइएको थियो। सङ्गठनमा सुस्तता थियो। हाम्रो सञ्चार ढिलो थियो। जनतासँगको संवाद अधुरो थियो। आरोपको प्रतिवाद कमजोर थियो।

यी सबै सत्य हुन्।
यिनलाई स्वीकार नगरी एमाले उठ्दैन।

तर रोगको सही उपचारका लागि सही निदान चाहिन्छ। यदि सबै दोष गलत ठाउँमा ओइराएर सन्तोष लिइयो भने उपचार हुँदैन। यदि सबै दोष बाहिरी शक्तिमा हालेर आत्मसन्तुष्टि गरियो भने पनि उपचार हुँदैन। यदि सबै दोष कार्यकर्तामा हालियो भने पनि न्याय हुँदैन। हार बहुकारणीय थियो— भदौको असाधारण घटनाक्रम, भावनात्मक लहर, डिजिटल चरित्रहत्या, असमान चुनावी वातावरण, पार्टीमाथि भएको बाह्य प्रहार, आन्तरिक कमजोरी, सङ्गठनात्मक थकान, युवाको मनसँग दूरी, सञ्चारको कमजोरी, समयमै धाँधली चिन्न र रोक्न नसक्नु आदि। यी सबै कारण मिलेर नतिजा बन्यो।

त्यसैले उपचार पनि बहुस्तरीय र बहुआयामिक हुनुपर्छ।

दार्शनिक दृष्टिले हेर्दा सङ्कट मानिस र सङ्गठन दुवैको सत्य वा सामर्थ्य परीक्षणको समय हो। सुखको समयमा सबै बलिया देखिन्छन्। विजयको समयमा सबै विश्वासी देखिन्छन्। तर हारपछि को स्थिर रहन्छ, सङ्कटपछि पनि को सत्य बोल्छ, आरोपपछि को तथ्यसँग उभिन्छ, निराशापछि को आशा जगाउँछ— त्यही वास्तविक शक्ति हो। एमाले अब यही परीक्षामा छ। हामीले देखाउनुपर्छ कि एमाले केवल जित्ने बेला ठूलो पार्टी होइन।

एमाले हारपछि पनि आफूलाई सच्याउने, जनतामा फर्कने र इतिहाससँग संवाद गर्दै अझ महान् जितको तयारी गर्ने ठूलो पार्टी हो ।

हामीले गल्ती स्वीकार गर्नुपर्छ, तर आत्मसमर्पण गर्नुपर्दैन । हामीले शैली बदल्नुपर्छ, तर सिद्धान्त छोड्नुपर्दैन । हामीले युवालाई अगाडि ल्याउनुपर्छ, तर अनुभवलाई अपमान गर्नुपर्दैन । हामीले नेतृत्व हस्तान्तरणको तयारी गर्नुपर्छ, तर पार्टीलाई अनिश्चिततामा धकेल्नुपर्दैन । हामीले जनताको अन्योलको कारण बुझ्नुपर्छ, तर लोकतन्त्रको संस्थागत बाटो कमजोर बनाउने कुनै पनि प्रयोगलाई स्वीकार गर्नुपर्दैन ।

यही सन्तुलन हाम्रो भविष्यको आधार हो ।

**कमरेडहरू,**

आज हामीसँग दुई जोखिम छन् । एउटा, हारबाट निराश भएर आफूलाई छोडिदिने । अर्को, हारलाई बहाना बनाएर एक-अर्कामाथि प्रहार गर्दै पार्टीलाई कमजोर बनाउने । यी दुवै बाटो गलत छन् । तेस्रो बाटो छ, कठोर आत्मसमीक्षा, तथ्यगत प्रतिवाद, सङ्गठनात्मक पुनर्निर्माण, जनजीविका केन्द्रित प्रतिपक्ष एवं देश, लोकतन्त्र र संविधानको रक्षा ।

एमालेले यही तेस्रो बाटो रोज्नुपर्छ ।

एमालेको भविष्य अझै खुला छ । हाम्रो जरा गहिरो छ । हाम्रो इतिहास बलियो छ । हाम्रो कार्यकर्ता-पङ्क्ति अझै जीवित छ । हाम्रो विचार अझै आवश्यक छ । तर यो पर्याप्त छैन । जरालाई पानी चाहिन्छ । इतिहासलाई नयाँ भाषा चाहिन्छ । कार्यकर्तालाई दिशा चाहिन्छ । विचारलाई आजको जीवनसँग सम्बन्ध चाहिन्छ ।

यही काम गर्न हामी तयार हुनुपर्छ ।

आजको निष्कर्ष यही हो— हार राजनीतिक तथ्य हो । तर हारपछि रोजिने दिशा भविष्य निर्धारण गर्ने ठूलो तथ्य हो । हामी भाग्ने बाटो रोज्दैनौँ । हामी आत्मसमर्पण रोज्दैनौँ । हामी प्रतिशोध रोज्दैनौँ । हामी विखण्डन रोज्दैनौँ । हामी सत्य, समीक्षा, सुधार, सङ्गठन, सेवा, संविधान र पुनर्जागरणको बाटो रोज्छौँ । यही बाटोबाट हामी विजयतर्फको यात्रा अघि बढाउँछौँ ।

एमाले फेरि उठ्छ । हामी फेरि उठ्नैपर्छ ।

तर केवल भाषणबाट होइन, कामबाट। केवल अतीतबाट होइन, भविष्यबाट। केवल नेतृत्वबाट होइन, सम्पूर्ण पार्टीको जागरणबाट। केवल प्रतिवादबाट होइन, जनविश्वासको पुनर्निर्माणबाट । यही हाम्रो सङ्कल्प हो । यही हाम्रो मार्ग हो । यही हारबाट पुनर्जागरणसम्मको यात्रा हो ।

त्यही पुनर्जागरणको यात्रा अघि बढाउँदै समृद्ध नेपाल र सुखी नेपालीको गन्तव्यमा पुग्ने महान् सङ्कल्प हो ।

धन्यवाद ।